# **जगदीश घिमिरेको** अन्तर्मनको यात्रा**मा राष्ट्रप्रेम**

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र**

**सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली**

**द्वितीय वर्षको दसौँपत्रको**

**प्रयोजनको लागि**

**प्रस्तुत**

शोधपत्र


**शोधार्थी**

**सीताराम ढुङ्गेल**

**नेपाली स्नातकोत्तर द्वितीय वर्ष**


२०६८

# मूल्याङ्कन समितिको स्वीकृति

शोधार्थी श्री सीताराम ढुङ्गेलले जगदीश घिमिरेको अन्तर्मनको यात्रामा राष्ट्रप्रेम शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ :

सहप्रा डा. कृष्ण प्रसाद दाहाल
शोधनिर्देशक
नेपाली स्नातकोत्तर कार्यक्रम

प्रा. डा. जगदीशचन्द्र भण्डारी
संयोजक
नेपाली स्नातकोत्तर कार्यक्रम

सहप्रा. सुरेन्द्रवरसिंह थापा
विभागीय प्रमुख
नेपाली शिक्षण समिति
पाटन संयुक्त क्याम्पस
पाटनढोका

प्रा.डा. कुलप्रसाद कोइराला
वाह्य परीक्षक
रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग
काठमाण्डौं

मिति :२०६८/०४/२६

# सिफारिस-पत्र

शोधार्थी श्री सीताराम ढुङ्गेलले त्रि.वि. नेपाली शिक्षण समिति अन्तर्गत स्नातकोत्तर दोस्रोवर्षको दसौँपत्रको परिपूर्तिका निम्ति प्रस्तुत गर्नु भएको जगदीश घिमिरेको **अन्तर्मनको यात्रामा राष्ट्रप्रेम** विषयको शोधपत्रको लेखन मेरा निर्देशनमा तयार पार्नु भएको छ । शोधार्थीले जगदीश घिमिरेको जीवनी र व्यक्तित्वमाथि प्रकाश पार्नुका साथै निबन्ध सिद्धान्तको पनि अध्ययन गर्नुभएको छ । अन्तर्मनको यात्रालाई निबन्ध तत्त्वका आधारमा विश्लेषण गर्ने कार्य शोधार्थी ढुङ्गेलले गर्नुभएको छ । उहाँले यहाँ अन्तर्मनको यात्रामा भएका प्राप्तिहरूको पनि अध्ययन गर्नुभएको छ । अतः शोधार्थी ढुङ्गेलले प्रस्तुत गर्नुभएको शोधपत्रको लेखनबाट म पूर्ण सन्तुष्ट छु । उहाँले बडो मिहिनेतका साथ तयार पार्नु भएको यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति अन्तर्गत, नेपाली स्नातकोत्तर कार्यक्रम समक्ष सिफारिस गर्दछु ।

..........................................

(सहप्रा डा. कृष्णप्रसाद दाहाल)

शोधनिर्देशक

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

मिति : २०६८/०४/१५

## कृतज्ञता ज्ञापन

प्रस्तुत जगदीश घिमिरेको **अन्तर्मनको यात्रामा राष्ट्रप्रेम** शीर्षकको यो शोधपत्र मैले मेरा आदरणीय गुरु सहप्रा.डा. कृष्णप्रसाद दाहालको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो अमूल्य समय दिएर मित्रवत व्यवहार गरी शोधकार्यमा अभिप्रेरित गर्नुका साथै यस शोधकार्यमा समुचित निर्देशन दिनुहुने श्रद्धेय गुरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै आदरणीय गुरु प्रा.डा. जगदीशचन्द्र भण्डारी, सहप्रा. सुरेन्द्रवरसिंह थापाप्रति कृतज्ञता ज्ञापन गर्दछु । मलाई यो अवस्थामा ल्याईपुऱ्याउनु हुने स्व. पितामाता मनोरथ एवम् मनमाया प्रति श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्रको तयारी गर्ने कार्यमा चाहिने जति सामग्रीहरू उपलब्ध गराउन सहयोग गर्नुका साथै मौखिक अन्तर्वार्ता समेत दिएर सहयोग पुऱ्याउनु भएकोमा शोधनायक जगदीश घिमिरेप्रति आभारी छु ।

शोधकार्यको सिलसिलामा आवश्यक सहयोग गर्नुहुने अग्रजहरू रोचक घिमिरे, नगेन्द्रराज शर्मा, ज्ञानुवाकर पौडेल, गोविन्द घिमिरेप्रति आभार प्रकट गर्दछु । साथै श्रीमती प्रमिला, भाञ्जी शोभा, कम्प्युटरमा सहयोग गर्नुहुने जीवन श्रेष्ठ र प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने अन्य सबैप्रति आभार प्रकट गर्दछु ।

सीताराम ढुङ्गेल
शोधार्थी
नेपाली स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस
**परीक्षा रोल नं.**: ९६२०११४/०६६
**त्रि.वि. दर्ता नं.**: २०९३८/८८
**शैक्षिक सत्र** : २०६०/०६२

# सङ्क्षेपीकरण शब्दसूची

| | |
|---|---|
| सं. | = सम्पादक |
| वि.सं. | = विक्रम सम्वत् |
| यु.के. | = युनाइटेड किङ्गडम |
| ता.से.स | = तामाकोसी सेवा समिति |
| पृ. | = पृष्ठ |
| प्रा. | = प्राध्यापक |
| डा. | = डाक्टर |
| युएन.एफ.पि.ए. | = युनाइटेड नेशन्स फन्ड फर पपुलेशन एक्टिभिटिज |
| त्रि.वि. | = त्रिभुवन विश्वविद्यालय |
| एन.जि.ओ | = नन् गभर्न्मेट अर्गनाइजेसन |
| आइ.एन.जि.ओ. | = इन्टरनेशनल  नन् गभर्न्मेट अर्गनाइजेसन |
| ने.रा.प्र.प्र. | = नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| काठ. | = काठमाडौँ |
| यु.एस.ए. | = युनाइटेड स्टेटस् अफ अमेरिका |
| एम्.ए. | = मास्टर अफ आर्टस |

# विषयसूची

क. मूल्याङ्कन समितिको स्वीकृति

ख. सिफारिस-पत्र

ग. कृतज्ञता ज्ञापन

घ. सङ्क्षेपीकरण शब्दसूची

ङ. विषयसूची

**अध्याय एक**

**शोध परिचय**

१.१. शोधशीर्षक १

१.२. शोधपत्रको प्रयोजन १

१.३ परिचय १

१.४. शोध समस्या २

१.५. शोधकार्यको उद्देश्य २

१.६. पूर्वकार्यको समीक्षा २

१.७. अध्ययनको औचित्य, महत्त्व र उपयोगिता ६

१.८. अध्ययनको सीमा ६

१.९. सामग्री सङ्कलन र शोधविधि ७

१.१०. शोधपत्रको रूपरेखा ७

**अध्याय दुई**

**जगदीश घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन**

२.१ परिचय ८

२.१.१. जन्म र जन्मस्थान ८

२.१.२. पैतृक व्यवसाय ८

२.१.३. बाल्यावस्था र व्रतबन्ध ९

२.१.४. किशोरावस्था ९
२.१.५. अक्षरारम्भ र शिक्षादीक्षा ९
२.१.६. विवाह र सन्तान १०
२.१.७. बहुभाषा ज्ञान १०
२.१.८. जागिरे जीवन ११
२.१.९. संस्थागत संलग्नता १२
२.१.१०. सिर्जनात्मक गतिविधि १३
२.१.११. साहित्यिक सिर्जनाको प्रभाव र प्रेरणा १३
२.१.१२. साहित्यिक रचनाको प्रारम्भ र प्रथम प्रकाशित रचना १४
२.१.१३. पहिलो प्रकाशित कृतिको रचना र प्रकाशन १४
२.१.१४. पुस्तकाकार कृतिहरू १४
२.१.१५. रुचि तथा स्वभाव १५
२.१.१६. साहित्यिक धारणा र जीवनदर्शन १६
२.२. जगदीश घिमिरेको व्यक्तित्व १७
२.२.१. निजी व्यक्तित्व १७
२.२.२. सार्वजनिक व्यक्तित्व १७
२.२.३. जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तर्सम्वन्ध १८
२.३ निष्कर्ष २२

**अध्याय तीन**

**निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको ऐतिहासिक स्थितिको अध्ययन**

३.१. परिचय २३
३.२. निबन्धको परिचय २३
३.३. निबन्धको परिभाषा २४

३.४ निबन्धका तत्त्वहरू २५
३.५ निबन्धको वर्गीकरण २८
३.६ नेपाली निबन्धको विकास प्रक्रिया ३१
३.७ निष्कर्ष ३८

**अध्याय-चार**

**जगदीश घिमिरेको अन्तर्मनको यात्रामा राष्ट्रप्रेम**

४.१ परिचय ४०
४.२ अन्तर्मनको यात्राको अध्ययन ४०
४.३. अन्तर्मनको यात्रामा राष्ट्रप्रेम ५३
४.४ निष्कर्ष ७१

**अध्याय पाँच**

**राष्ट्रप्रेमका दृष्टिले अर्न्तमनको यात्रा' को मूल्याङ्कन**

५. परिचय ७२
५.१ विषयवस्तु ७२
५.२ सबलपक्षहरू ७३
५.३ सुधार गर्दा राम्रो हुने पक्षहरू ७३
५.४ भाषा-शैली एवम् प्रस्तुति ७४
५.५ निष्कर्ष ७६

**अध्याय छ**

**उपसंहार** ७७
सन्दर्भ सामग्री ८०
परिशिष्ट : फोटो र अन्तर्वार्ताहरू

# अध्याय एक

# परिचय

## १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक जगदीश घिमिरेको **अन्तर्मनको यात्रा**मा राष्ट्रप्रेम रहेको छ ।

## १.२. शोधपत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको परिपूर्ति गर्नुरहेको छ ।

## १.३. परिचय

वि.सं. २००२ साल चैत्र २८ गते बुधवारका दिन पिता इन्द्रप्रसाद घिमिरे र माता पद्मकुमारी (दाहाल) घिमिरेका छैटौं सुपुत्रका रूपमा रामेछाप जिल्ला मन्थलीमा जन्मेका जगदीश घिमिरे वहुआयामिक व्यक्तित्वका रूपमा नेपाली साहित्यक्षेत्रमा सक्रिय रहेका छन् । समाजसेवी, पत्रकार एवम् साहित्यकार व्यक्तित्वका रूपमा उनको पहिचान अग्र स्थानमा रहेको देखिन्छ । साहित्यका विविध विधाहरूमा कलम चलाउने घिमिरेको अन्तर्मनको यात्रा एक विशिष्ट निबन्ध विधाको रचना हो । उनले यसलाई प्रतिसंस्मरण विधा भनेका छन् । यसले २०६४ सालको मदन पुरस्कार र उत्तम शान्ति पुरस्कार समेत प्राप्त गरेको छ ।

१९, २० वर्षे उमेरदेखि साहित्यमा संलग्न हुन थालेका घिमिरेको साहित्यिक यात्राको सुरुवात 'श्री ३ गिद्ध' कथाबाट भएको हो । पहिलो प्रकाशित कृतिको रूपमा उपन्यास विधाको रचना 'लिलाम' वि.सं. २०२५ मा भएको थियो भने यसको प्रकाशन २०२७ मा भएको देखिन्छ । उनका पुस्तकाकार कृतिहरू यस प्रकार छन्: लिलाम (उपन्यास, वि.सं. २०२५), साबिती (उपन्यास, वि.सं. २०३२), जगदीशका कथाहरू (कथासंग्रह, वि.सं. २०२७), केही कथा, कविता र संस्मरण (वि.सं. २०३४),

अग्निसूत्र (रोज्जा कविताहरू), बर्दी (रोज्जा कथाहरू), स्थान, काल, पात्र (संस्मरण, निबन्ध र अन्तर्वार्ताहरू) र अन्तर्मनको यात्रा (प्रतिसंस्मरण, वि.सं. २०६४) ।

## १.४. शोध समस्या

साहित्यका विविध विधाहरूमध्येको एक निबन्ध विधा अन्तर्गत आत्मालाप पर्दछ । जगदीश घिमिरेको अन्तर्मनको यात्रा (आत्मालाप) मा राष्ट्रप्रेमको अध्ययन शीर्षकमा निम्नलिखित समस्याहरू रहेका छन्:

क) जगदीश घिमिरेको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

ख) निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको ऐतिहासिक स्थिति के कस्तो रहेको छ ?

ग) जगदीश घिमिरेको अन्तर्मनको यात्रामा राष्ट्रप्रेम के कसरी प्रकट भएको छ ?

घ) राष्ट्रप्रेमका दृष्टिले जगदीश घिमिरेको अन्तर्मनको यात्राको मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

## १.५. शोधकार्यको उद्देश्य

समस्या कथनमा उल्लेख गरिएका मूलभूत बुदाँहरूमा केन्द्रित रही निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएका छन् :

क) साहित्यकार जगदीश घिमिरेको जीवनी र व्यक्तित्वको चर्चा गर्नु,

ख) निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको ऐतिहासिक स्थिति केलाउनु,

ग) अन्तर्मनको यात्रा भित्र राष्ट्रप्रेमको अध्ययन गर्नु र

घ) राष्ट्र प्रेमका दृष्टिले अन्तर्मनको यात्राको मूल्याङ्कन गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

जगदीश घिमिरेको अन्तर्मनको यात्रा बहुआयामिक साहित्यिक कृतिको रूपमा नेपाली साहित्यको आकाशमा उदाएको छ । यस कृतिको विषयमा यसका भूमिका लेखक एवम् मर्मज्ञहरूले आ-आफ्नो ठम्याइ अनुसार मन्तव्य व्यक्त गरेको पाइन्छ ।

जगदीश घिमिरेको बहुचर्चित पुस्तक **'अन्तर्मनको यात्रा'** बारे मर्मज्ञहरूका मन्तव्य संगालिएको पुस्तक **'अन्तर्मन्थन'** मा संकलित विभिन्न पत्रिकामा प्रकाशित मन्तव्यहरू एवम् विद्वान्हरूका धारणालाई यहाँ प्रस्तुत गरिएको छ :

१) **अन्तर्मन्थनको** विषयक्रममा सङ्कलित **भूमिकाहरूमा** (२०६४) मा मदनमणि दीक्षित अन्तर्मनको यात्रालाई जीवनयात्राको कारुणिक तथा कलात्मक अभिलेखको रूपमा लिन पुग्छन् । (अन्तर्मन्थन पृष्ठ ३)

२) गोविन्दराज भट्टराईले **भूमिका लेख** (२०६४) मा मृत्युको पाश्र्वछाँयामा लोलाइरहेका जगदीशसँग एक रात अर्थात् एक मरणशील व्यक्तिको यो अमर सिर्जनाप्रति शीर्षक दिँदै यसको विषयवस्तुको रूपमा राजनीति, साहित्य, दर्शन, समाजसेवा र औषधीविज्ञान रहेको छ भन्दै घिमिरेलाई देशबारे चिन्तित रहने कर्तव्यमा विश्वास गर्ने व्यक्तित्वका रूपमा चिनाएका छन् र प्रस्तुत कृतिलाई अस्तित्त्व चिन्तनको रूपमा उल्लेख गरेका छन् । (अन्तर्मन्थन पृष्ठ ५)

३) नरहरि आचार्यले अन्तर्मनको यात्रा **भूमिका लेख** (२०६४) विषयवस्तुले आत्मकथा हो, तर प्रस्तुतिले यसलाई उपन्यास बनाएको छ भन्ने धारणा प्रस्तुत गरेका छन् । ( अन्तर्मन्थन पृष्ठ २१)

४) ज्ञानू पाण्डे 'अन्तर्मनको यात्रा' लाई अनुभूतिको महासागर (**भूमिका लेख २०६४**) भन्दै यस कृतिभित्र जीवनजगत् बारेका कुरा, पूर्वीय-पाश्चात्य दर्शनका कुरा, धर्म परम्परा अनि समाजशास्त्रबारे विश्वास र अन्धविश्वासका कुरा, पौराणिक कुरा, आधुनिक कुरा, भोग अनि योगका कुरा, जन्मस्थलप्रतिको चरमनिष्ठा र समर्पणको कुरा लेखक हुनाको गर्वको कुरा, देशको भित्री तहदेखि बाहिरी सतहसम्म असरल्ल परिरहेका हिजो अनि आजका अनेक सङ्गति-विसङ्गतिका कुरा राजनीतिका कुरा, छलनीतिका कुरा, दरबारियादेखि जनसाधारणसम्मका कुरा, सुखका कुरा, दुःखका कुरा, जीवनजगत्प्रतिको आसक्ति र वैराग्यका कुरा आदि आदि थुप्रै पक्षले साहित्यिक ओजका साथ अभिव्यक्ति पाएका छन् भनी मूल्याङ्कन गरेकी छन् । (अन्तर्मन्थन पृ. २३)

५. सत्यमोहन जोशी (७ वैशाख २०६५ कृति लोकापर्ण वक्तव्य, **जनमत (माघ २०६६)** जगदीश घिमिरे विशेषाङ्कले 'अन्तर्मनको यात्रा' लाई नेपाली साहित्यको कठोपनिषद्को संज्ञा दिँदै घिमिरे जहाँ पुगे पनि (बेलायत, अमेरिका, बैंकक आदि) र मृत्यु शय्यामा बसेर किताव लेखे पनि केन्द्रविन्दु मन्थली बनाएको, नेपाल-अङ्ग्रेज युद्धमा अङ्ग्रेजलाई हराएर (सिन्धुलीगढीमा) नेपालको अस्तित्त्व, सार्वभौमसत्ता र स्वाधीनताको रक्षामा घिमिरेका पुर्खाले योगदान दिएको कुरा उल्लेख गरेका छन् । (अन्तर्मन्थन पृ. ३१)

६. अभि सुवेदीले 'ज्योतिको मुस्लो' (७ वैशाख २०६५ कृति लोकार्पण अवसर) भन्दै नेपाली साहित्य भाग्यमानी छ अन्तर्मनको यात्रा जस्तो कृति पाएर भनेका छन् । (अन्तर्मन्थन पृ. ३४)

७. वासुदेव त्रिपाठी उत्तम शान्ति पुरस्कार वितरण समारोह, १२ जेठ २०६५ मा व्यक्त विचार (फागुन-चैत्र २०६६, **अभिव्यक्ति** पूर्णाङ्क १४६) मा एक गहन जीवनबोधको रूपमा लिन्छन् र भन्छन् - राष्ट्रिय, अन्तर्राष्ट्रिय र आफ्नो जन्मथलोको स्थानीय विकासका क्रममा लाग्दा -लाग्दै पनि साहित्य रचना गरिरहनु भयो, यसमा धेरै चिज छन्, सबै विशेषता छोटकरीमा समेट्न गाह्रो छ भन्दै नेपाल देश, नेपाली जाति र यसका विविध पक्षमा पहिलो उहाँको आँखाबाट, दोस्रो उहाँको स्रष्टाको दृष्टिबाट, तेस्रो अन्तर्राष्ट्रियरूपमा स्थापित गरिसकेको एउटा विश्वदृष्टि, जीवनदृष्टि र एउटा उच्च शिक्षा प्राप्त समाजशास्त्री र चौथो विभिन्न सामाजिक सामुदायिक कार्यक्रमहरूको राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय तहमा समेत कार्यान्वयन गरेको अनुभवबाट परिपक्व भएको जीवनदृष्टि, समाजदृष्टि, राष्ट्रियदृष्टि र विश्वदृष्टिले र विश्ववोधले यो रचना ओतप्रोत छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । (अन्तर्मन्थन पृ. ३९)

८. इन्दिरा प्रसाईले आत्मालापमाथि आत्मालाप (१५ जेठ २०६५, **अभिव्यक्ति** वर्ष ३९, पूर्णाङ्क १३७) शीर्षकमा अन्तर्मनको यात्रालाई राष्ट्रवादी भावधारा छताछुल्ल भएको कृतिको रूपमा मूल्याङ्कन गरेकी छन् । (अन्तर्मन्थन पृ. ५२)

९. कृष्णप्रधान स्वगत साहित्यको विशिष्ट प्राप्तिको रूपमा मूल्याङ्कन गर्दै नेपालजस्तो अति विपन्न र दरिद्र राष्ट्रका सामुदायिक विकासको रेखा कोर्ने, व्यवहारमा उतार्ने र साहित्यलाई विकाससँग जोड्ने बिम्बहरूको चित्रण भएको कुरा उल्लेख गर्दछन् । वैशाख-जेठ-असार २०६५, **उन्नयन** अङ्क ६७) (अर्न्तमन्थन पृ. ७७)

१०. कृष्णचन्द्रसिंह प्रधान स्वाभिमान र वर्चस्विता वन्धकमा नराखिएको कृति भन्छन् अन्तर्मनको यात्रालाई । (असार-साउन २०६५, **रचना** वर्ष ४८ पूर्णाङ्क ९८) (अन्तर्मन्थन पृ. ७३)

११. गोविन्द वर्तमान तामाकोसीको तीरमा साहित्य यात्रा शीर्षकमा अन्तर्मनको यात्रालाई नेपाली साहित्यमा नेपाली समाजको उपस्थिति छ, नेपाली मानिस र तिनका गाँउ तथा सहर उपस्थित छन् भन्ने मूल्याङ्कन प्रस्तुत गर्दछन् । (**मूल्याङ्कन**, पूर्णाङ्क १६८, माघ-फागुन २०६५)

१२. जयराज आचार्यले जगदीशलाई आत्मबल र मनोबलका नमुनाको रूपमा चिनाएका छन् । (**कान्तिपुर दैनिक** २८ भदौ २०६५) (अन्तर्मन्थन पृ. ८३)

१३. दुर्गा घिमिरे आफ्नो आँसुको मसीले लेखिएको कृतिका रूपमा टिप्पणी गर्न पुग्छिन् । (अन्तर्मन्थन पृ. २३६)

१४. खगेन्द्र सङ्ग्रौला - कालसँग पौठेजोरी खेल्दै काललाई घचेडेर कान्लामुनि मुन्ट्याँउदै अन्तरिमकालमा कठोर आत्मसमीक्षाको भाकामा प्रचण्ड पीडाको मसीले लेखिएको पुस्तकको रूपमा अन्तर्मनको यात्रालाई लिन्छन् । (अन्तर्मन्थन पृ. २३६)

१५. प्रदीप नेपाल अन्तर्मनको यात्रालाई अमरत्वको उपन्यासको संज्ञा दिदै जीवनको अर्थ सीमान्तकृतको सेवा हो भन्ने सन्देश नै यसको मूल तत्त्वका रूपमा रहेको कुरा वताउन पुग्छन् । (अन्तर्मन्थन पृ. २३७)

१६. कुमारप्रसाद कोइरालाले 'अन्तर्मनको यात्रा' देशप्रेमको महागाथा हो भन्ने टिप्पणी गरेका छन् । यसमा जगदीशको जीवनदर्शन व्यक्त भएको छ । जगदीश स्वयंले आफूलाई अहिंसावादी, अराज्यवादी भनेका छन् भन्दै कोइराला यो कृतिमा जातीय दर्शन छ । सामाजिक दर्शन छ । राजनीतिक दर्शन छ र यी सबैभन्दा माथि राष्ट्रवादी दर्शन छ । यसमा जगदीशेली राष्ट्रवादी दर्शनको सूक्ष्मता, प्रगाढता र

व्यापकता व्यञ्जित भएको देखिन्छ भन्ने दृष्टिकोण प्रस्तुत गर्दछन् । (अन्तर्मन्थन, पृ.६२-७२)

१७. **अन्तर्मन्थनको** सम्पादकीयमा (२९ वैशाख २०६७ **रचना** 'अन्तर्मन्थनको यात्रा' विशेषाङ्क १०६) रोचक घिमिरे लेख्छन् :-

अन्तर्मनको यात्रा नेपाली साहित्यको बेजोड कृति हो । यो भव्य छ, यसमा जीवन छ, जीवनी छ, साहित्य छ, संस्कृति छ, दर्शन छ, विकास छ, राजनीति पनि छ । प्रखर भाषा शैली र शिल्प छ । सबै पक्षहरू छन् ।

उल्लिखित पूर्वकार्यहरूमा अन्तर्मनको यात्राका टिप्पणीकार अथवा मर्मज्ञहरूका धारणा एवम् टिप्पणीहरूमा उल्लिखित विचार संश्लेषण गर्दा राष्ट्रप्रेमको पक्षलाई गहिरोसँग गहन विश्लेषण गर्न अझै आवश्यक पर्ने देखिएको छ । वि.सं. २०६६ सालमा पद्मकन्या क्याम्पसबाट शोध गर्ने शोधार्थी पार्वतीदेवी भट्टराई जसले अन्तर्मनको यात्राको अध्ययन शीर्षकमा प्रस्तुत गरेको शोधमा पनि राष्ट्रप्रेमको पक्षमा गहन अध्ययन विश्लेषण हुन सकेको देखिँदैन ।

## १.७. अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

पूर्वकार्यको अध्ययन एवम् समीक्षाबाट यो बोध हुन्छकि, जगदीश घिमिरेको अन्तर्मनको यात्रामा राष्ट्रप्रेमको पक्षमा अझै गहन अध्ययन, विश्लेषण विभिन्न कोणबाट हुन जरुरी देखिएको हुँदा यसको औचित्य पुष्टि हुन्छ ।

## १.८. अध्ययनको सीमा

यस शोधपत्रमा जगदीश घिमिरेको जीवनी र व्यक्तित्वको परिचय, निबन्ध विधाको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको ऐतिहासिक स्थिति उल्लेख गरिनुको साथमा अन्तर्मनको यात्रामा राष्ट्रप्रेमलाई केलाइएको छ ।

## १.९. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलन गर्दा मूलरूपमा पुस्तकालयीय विधिलाई अवलम्वन गरिएको छ । यसका अतिरिक्त अन्तर्वार्ता एवम् प्रश्नावली जस्ता क्षेत्रीय सर्वेक्षण विधिबाट सङ्कलन र विश्लेषण गरी निष्कर्ष प्राप्त गरिएको छ। आवश्यकता अनुसार अन्य व्यावहारिक तथा सैद्धान्तिक समालोचना प्रणालीहरूको उपयोग गरिएको छ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित रूपमा प्रस्तुत गर्न छ अध्यायमा विभाजन गरिएको छ :

१. अध्याय एक - शोध परिचय

२. अध्याय दुई - जगदीश घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन

३. अध्याय तीन - निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको ऐतिहासिक स्थितिको अध्ययन

४. अध्याय चार - जगदीश घिमिरेको अन्तर्मनको यात्रामा राष्ट्रप्रेमको अध्ययन

५. अध्याय पाँच - राष्ट्रप्रेमका दृष्टिले अन्तर्मनको यात्राको मूल्याङ्कन

६. अध्याय छ - उपसंहार एवम् निष्कर्ष

सन्दर्भ सामग्री

परिशिष्ट

# अध्याय दुई

## जगदीश घिमिरेको जीवनी र व्यक्तित्वको अध्ययन

### २.१ परिचय

यस अध्यायमा जगदीश घिमिरेको जीवनी र जन्मदेखि जीवनमा गरेका विभिन्न क्रियाकलापलाई एवम् व्यक्तित्वका विभिन्न पाटाहरूलाई निम्नअनुसार समेटिएको छ ।

### २.१.१. जन्म र जन्मस्थान

जगदीश घिमिरेको जन्म सौरमान अनुसार वि.सं. २००२ साल चैत्र २८ गते बुधवारका दिन रामेछाप जिल्लाको मन्थली गाउँको ब्राह्मण परिवारमा भएको हो । पिता इन्द्रप्रसाद घिमिरे र माता पद्मकुमारी (दाहाल) घिमिरेका सात छोरा र छ छोरी मध्ये छैटौँ सुपुत्रका रूपमा जगदीश घिमिरेको जन्म भएको हो । (शोधनायकबाट प्राप्त जानकारी)

### २.१.२. पैतृक व्यवसाय

पढ्ने, पढाउने, पुरोहित्याईं गर्ने एवम् खेतीपाती गर्ने व्यवसाय पैतृक रूपमा रहेको भए तापनि जगदीश घिमिरेका पिता इन्द्रप्रसाद सरकारी सेवामा कार्यरत रहेको कुरा अन्तर्मनको यात्रा एवम् जगदीश घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्त्वको शोध गर्ने वैकुण्ठप्रसाद पौडेल (त्रि.वि.नेपाली केन्द्रीय विभाग, वि.सं.२०५६) को शोध पत्रबाट बुझिन्छ ।

२.१.३. बाल्यावस्था र व्रतबन्ध

उच्च मध्ययमवर्गीय परिवारमा जन्मनु, पिता जागिरे हुनाको कारणले बाल्यावस्था सुखद्‌रूपमा पिताको जागिरसँगै व्यतीत भएको र ब्राम्हण परिवारको जन्मका कारण व्रतबन्ध वैदिक रीति अनुसार १३ वर्षको उमेरमा सल्यान जिल्लामा सम्पन्न भएको हो । (पौडेल : २०५६, ७-८)

२.१.४. किशोरावस्था

जगदीश घिमिरेको किशोरावस्था सुखद्‌रूपमा पिताको जागिरसँगै महोत्तरी, सल्यान, नेपालगञ्ज, काठमाडौँ, मन्थली आदि ठाउँमा अध्ययन भ्रमणमा व्यतीत भएको पाइन्छ । सिकार खेल्ने, पौडी खेल्ने सोख यस अवस्थामा रहेको बुझिन्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

२.१.५. अक्षरारम्भ र शिक्षादीक्षा

आफ्नै घर मन्थलीमा वि.सं २००७ साल श्रीपञ्चमीको दिन पिता इन्द्रप्रसादबाट अक्षरारम्भ भएको, घरमै पढ्ने व्यवस्था मिलाइएको त्यसवेलाको मन्थलीमा शिक्षाको राम्रो व्यवस्था नभएकोले पिताको जागिरसँगै विद्यालयमा प्रारम्भिक शिक्षा आर्जन गरेको बुझिन्छ ।

जलेश्वरको मा.वि.बाट वि.सं. २००८ मा सुरु भएको प्रारम्भिक शिक्षा वि.सं.२०१० पछि सल्यानको सदरमुकामको विद्यालय, वि.सं. २०१२ सालमा नेपालगञ्जको विद्यालय हुँदै वि.सं. २०१७ सालमा प्रवेशिका परीक्षा तृतीय श्रेणीमा उत्तीर्ण गर्दै विद्यालय शिक्षा पूरा भएको बुझिन्छ ।

उच्चशिक्षा आर्जन गर्ने कममा वि.सं.२०१८ सालमा पब्लिक साइन्स कलेज (हालको अमृत साइन्स कलेज) काठमाडौँमा विज्ञान पढ्न थालेको त्यसप्रतिको अभिरुचि त्यति नभएकोले सन् १९६७ मा भारत विहारको जयनगरको डि.वि. कलेजबाट प्रवीणता प्रमाणपत्र र सन् १९६९ मा स्नातक दुवै तह प्रथम श्रेणीमा कला विषयमा उत्तीर्ण गरेको र कोलम्वो प्लान अन्तर्गत भारतको पटना विश्वविद्यालयबाट सन् १९७२ मा समाजशास्त्र विषयमा स्नातकोत्तर द्वितीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ ।

नेपाल परिवार नियोजन सङ्घमा जागिर खाने क्रममा त्यहीबाट छात्रावृत्ति पाएर बेलायतको वेल्स् युनिभर्सिटीबाट सन् १९७६ मा जनसङ्ख्या विषयमा एकवर्षे स्नातक (Post graduate Diploma) गरी औपचारिक शिक्षा समाप्त गरेको देखिन्छ । (पौडेल : २०५६, ९-१०)

स्वाध्यायन मार्फत पूर्वीय र पाश्चात्य साहित्य र दर्शनको अध्ययनको साथमा मार्क्सका केही कृतिको गहिरो अध्ययन समेत रहेको, फुर्सदको क्षणमा अध्ययन प्रशस्त गर्ने गरेको कुरा थाहा हुन्छ ।

### २.१.६. विवाह र सन्तान

जगदीश घिमिरेको विवाह २९ वर्षको उमेरमा वि.सं. २०३१ वैशाख महिनामा विराटनगर निवासी गणेशप्रसाद आचार्य र शान्ता आचार्यकी काहिँली छोरी दुर्गा आचार्यसँग परम्परागत रीति अनुसार भएको र सन्तानको रूपमा एक छोरा हिमाल घिमिरे र एक छोरी जून घिमिरे रहेका छन् । (शोधनायकबाट प्राप्त जानकारी)

### २.१.७. बहुभाषा ज्ञान

जगदीश घिमिरेलाई नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाको राम्रो ज्ञान भएकोले यी तीनवटै भाषामा बोल्न र लेख्न सक्षम छन् भने उर्दू भाषा बोल्नसम्म सक्छन् । (पौडेल : २०५६, ११)

### २.१.८. जागिरे जीवन

अध्ययन समाप्ति गरेपछि  सुरुवात भएको जागिरे जीवनको शृङ्खला निम्नानुसार देखिन्छ :

क) फिल्ड अफिसर नेपाल परिवार नियोजन सङ्घ (सन् १९७३)

ख) सिनियर ट्रेनिङ्ग अफिसर, नेपाल परिवार नियोजन सङ्घ (सन् १९७६)

ग) डाइरेक्टर प्रोग्राम्स एण्ड ट्रेनिङ्ग, फेम्ली प्लानिङ्ग एसोसियसन अफ नेपाल एण्ड प्रिन्सिपल सोसोलोजिकल रिर्सच यू.एन.एफ.पि.ए नेपाल एण्ड त्रिभुवन युनिभरसिटी (सन् १९६६)

घ) भिजिटिङ लेक्चर, सेन्टर फर पपुलेसन स्टडिज युनिभरसिटीज् अफवेल्स कार्डिफ, यू.के (सन् १९७८)

ङ) एक्टिङ्ग चीफ एक्सक्यूटिभ अफिसर, फेम्ली प्लानिङ्ग एसोसियसन अफ नेपाल (सन् १९७९)

च) कन्सल्टान्ट, रिसर्चर, इभ्यालुयटर, युनाइटेड नेशन फण्ड फर पपुलेशन एक्टिभिटिज् नेपाल (सन् १९८०)

छ) जनरल म्यानेजर, बयसटिङ्गहाउस नेपाल कन्ट्रयासिपिटिभ रिटैल सेल्स प्रोजेक्टर नेपाल (सन् १९८१)

ज) प्रोग्राम अफिसर, इन्टरनेशनल प्लानेड प्यारेन्थहुड फेडेरेशन, बेलायत (सन् १९८२)

झ) असिस्टेन्ट रिजनल डाइरेक्टर, साउथ एसिया रिजन इन्टरनेशनल प्लानेड प्यारेन्थहुड फेडरेशन लण्डन (सन् १९८४ देखि १९९० सम्म)

ञ) वर्ल्ड नेवर्स अमेरिका (वि.सं.२०५५-२०६२) मा दक्षिण एसिया प्रतिनिधि र सहायक निर्देशक । (शोधनायकबाट प्राप्त जानकारी)

### २.१.९.संस्थागत संलग्नता

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थामा रहेको जगदीश घिमिरेको संलग्नता निम्नानुसार रहेको देखिन्छ ।

क) मेम्बर, टिम अफ ट्रेनिङ्ग फ्यासिलिटेटर्स, सेन्टर फर पपुलेशन एक्टिभिटिज वासिङ्गटन एण्ड नेपाल (सन् १९७६)

ख) इभ्याल्युटर, एम.एस.पोलिसी एण्ड प्रोग्राम इन नेपाल (सन् १९९३ जुलाई देखि सेप्टेम्वर)

ग) मेम्बर, एड्भाइजर कमिटि, एम्.एस.नेपाल (डेनिस एसोसिएसन फर इन्टरनेशनल को-अपरेशन सन् १९९२ देखि १९९५ सम्म)

घ) मेम्बर एड्भाइजरी कमिटि, वर्ल्ड बैंक, वाटर एण्ड स्यानिटेशन प्रोग्राम्स जनताको खानेपानी र सरसफाई कार्यक्रम (सन् १९९३ देखि १९९६ सम्म)

ङ) संस्थापक, तामाकोसी सेवा समिति मन्थली रामेछाप (सन् १९९०-हालसम्म)

च) एड्भाइजर, नेपाल एग्रोफरेष्ट्री फाउण्डेशन (सन् १९९१ देखि १९९४ सम्म)

छ) संस्थापक अध्यक्ष, एन.जि.ओ. फेडरेशन अफ नेपाल (सन् १९९१)

ज) संस्थापक अध्यक्ष, नेपाल आइ प्रोग्राम (तिलगङ्गा आँखा केन्द्र, गौशाला) सन् १९९२ देखि हालसम्म

झ) संस्थापक अध्यक्ष, नेपाल एग्रोफरेष्ट्री फाउण्डेसन (सन् १९९१ देखि १९९४ सम्म)

ञ) रिसोर्स पर्सन, स्ट्याटेजिक प्लानिङ्ग इन्टरनेशनल वर्कसप अफ द वर्ल्ड नेवर्स ओक्लोहामा यु.एस.ए.(सन् १९९३)

ट) रिसोर्स पर्सन, स्ट्याटोजिक रिभ्यू इन्टरनेशनल वर्कसप अफ द वर्ल्ड नेवर्स होण्डुरस (सन् १९९४)

ठ) पार्टिसिपेन्टस् इन्टरनेशनल भिजिटर्स प्रोग्राम अफ द यू.एस.ए. (सन् १९९४ जुनदेखि १९९४ जुलाइसम्म)

ड) इभ्यालुशन अफ वर्ल्ड नेवर्स फन्डेड टेन्थ एन.जि.ओज (सन् १९९५ जनवरीदेखि अप्रिलसम्म)

ढ) रिसोर्स पर्सन, इन्टरनेशनल वर्कसप अन इन्टर एजेन्सी ग्रुप अन पार्टिसिपेसन अर्गनाइज्ड वाइ द वर्ल्ड वैंक, वासिङ्गटन अमेरिका (सन् १९९६)

ण) रिसोर्स पर्सन, इभ्यालुयसन अफ प्रफरमेन्स एण्ड स्ट्याटिजिक प्लानिङ्ग अफ वर्ल्ड नेवर्स फन्डेड एन.जि.ओज अफ सिन्धुपाल्चोक एण्ड काभ्रे (सन् १९९७ जनवरीदेखि १९९७ अप्रिलसम्म) (पौडेल : २०५६, १२-१३)

समाजसेवी व्यक्तित्वका जगदीश घिमिरे राष्ट्रिय तथा अन्तराष्ट्रिय विविध सङ्घ संस्थाहरूमा संलग्न रहँदै सेवा प्रदान गरिरहेको देखिन्छ । हाल तिलगङ्गा आँखा केन्द्र र तामाकोसी सेवा समितिमा उनको संलग्नता देखिन्छ ।

### २.१.१०. सिर्जनात्मक गतिविधि

नेपाल र भारतमा भएका नेपाली साहित्यको चहलपहलबाट उत्प्रेरित जगदीश घिमिरे विद्यार्थीकालदेखि नै विभिन्न सिर्जनात्मक गतिविधिमा संलग्न हुँदै

वि.सं.२०१९/०२० साल अथवा तीसको दशकको सुरुवात देखिनै सिर्जनात्मक गतिविधिमा  सक्रिय हुन थालेको देखिन्छ । (पौडेल : २०५६, १३)

## २.१.११. साहित्यिक सिर्जनाको प्रभाव र प्रेरणा

जगदीश घिमिरेमा साहित्यिक सिर्जनाको प्रेरणा स्रोतका रूपमा समाजका विकृति विसङ्गतिहरू, ज्ञान विज्ञानका शास्त्रहरूको अध्ययन, अवलोकन अनुभवहरूनै मूल रूपमा रहेका देखिन्छन् । अग्रज सम्पादक मित्रहरूको प्रेरणाबाट लेखक हुन पुगेको कुरा उनी स्वीकार्छन् । (पौडेल : २०५६, १४)

## २.१.१२. साहित्यिक रचनाको प्रारम्भ र प्रथम प्रकाशित रचना

विद्यार्थी जीवनदेखि सुरु भएको साहित्यिक लेखनको यात्रा वि.सं.२०१८ बाट विशेष रूपमा अगाडि बढ्दै वि.सं.२०२१ सालबाट औपचारिक रूपमा तत्कालीन अञ्चल पञ्चायतबाट निकालिने अञ्चल सन्देश पत्रिकामा प्रकाशित 'श्री ३ गिद्ध' कथाबाट सुरुवात भएको  देखिन्छ । (पौडेल : २०५६, १४)

## २.१.१३. पहिलो प्रकाशित कृतिको रचना र प्रकाशन

जगदीश घिमिरेको उपन्यास विधाको रचना 'लिलाम' वि.सं.२०२५ मा रचित भएर वि.सं.२०२७ मा प्रकाशित भएको देखिन्छ । यो नै कृतिको रूपमा पहिलो भएर देखा पऱ्यो । (पौडेल : २०५६, १४)

## २.१.१४. पुस्तकाकार कृतिहरू

जगदीश घिमिरेका साहित्यिक र साहित्येतर कृतिहरू निम्न छन् :

क) साहित्यिक कृतिहरू

१) लिलाम (उपन्यास,वि.सं.२०२७)

२) साबिती (उपन्यास, वि.सं. २०३२)

३) जगदीशका कथाहरू (कथासङ्ग्रह २०२७)

४) केहीकथा, कविता र संस्मरण (वि.सं.२०३४)

५) सन्तान (नाटक २०३४)

६) अग्निसूत्र (रोज्जा कविताहरू)

७) बर्दी (रोज्जा कथाहरू)

८) स्थान, काल, पात्र (संस्करण, निबन्ध र अन्तर्वार्ताहरू

९) अन्तर्मनको यात्रा (प्रति संस्मरण, वि.सं.२०६४) (घिमिरेः २०६७, अग्रपृष्ठ)

ख) साहित्येतर कृति

१) नेपालमा गैरसरकारी संस्था नीति (सहलेखन, जगदीश घिमिरे र नरहरि आचार्य, सन् १९९२) (पौडेल : २०५६, १५)

## २.१.१५. रुचि तथा स्वभाव

जगदीश घिमिरेका रुचि र स्वभावलाई निम्ननुसार शीर्षकमा चर्चा गरिन्छ ।

**क) रुचि**

जगदीश घिमिरे अध्ययन, लेखन र सामुदायिक विकासमा खास रुचि राख्छन् । समसामयिक विषयका लेखहरू लेख्ने घरपरिवारको हेरचाह गर्ने र साहित्यिक रचना गर्ने, सामाजिक विकास गर्ने उनको रुचिका क्षेत्र हुन् । (पौडेल : २०५६,१६)

**ख) स्वभाव**

शिष्ट तथा शालीन स्वभाव भएका जगदीश घिमिरे निश्चित समयमा तोकिएका कार्यहरू गर्दछन् । स्पष्टवक्ता, सहयोगी र दुःख परेकाहरूको मद्दत गर्ने

घिमिरे सबै व्यक्तिलाई समानरूपमा व्यवहार गर्दछन् । लेखपढ गर्ने, विहान डुल्ने सरल र सहज स्वभावका घिमिरे कसैले नचाहिने कुरामा जिद्दी गर्दा झडङ्ग रिसाउने पनि गर्दछन् । (पौडेल : २०५६, १६)

## २.१.१६. साहित्यिक धारणा र जीवनदर्शन

नैतिकता र इमान्दारितालाई साहित्यमा भित्र्याउनु पर्दछ भन्ने साहित्यकार जगदीश घिमिरे जीवनसँग, जगतसगँ नजोडिएको लेखाई शुष्क हुन्छ भन्ने धारणाबाट प्रेरित देखिन्छन् । घिमिरेका साहित्यको अध्ययन गर्दा उक्त तथ्य उजागर हुन्छ ।

घिमिरेका साहित्यले जीवनलाई भित्रैदेखि आत्मसात गरेको देखिन्छ । उनका जीवनका महत्त्वपूर्ण पाटा साहित्य र सामुदायिक विकासमार्फत समाजसेवामा समर्पित हुनमा उल्लेखनीय भूमिका खेल्छन् । साहित्यिक रचनाहरूले साहित्य र समाजसेवाको क्षेत्रको अनुभवलाई उजागर गरिरहेका छन् ।

मानवीय समस्या समाधानका लागि साहित्य सृजना गरिनुपर्दछ भन्ने दृष्टिकोण उनका लेखनमा दह्रो रूपमा स्थापित भएका छन् ।

उच्चमध्यम वर्गीय जिम्वाल परिवारको जन्म, पिताको सरकारी जागिरका कारण आम नेपालीले भोग्नुपरेको छाक टार्ने समस्याबाट त्यति प्रताडित हुनु नपरे तापनि कहिलेकाहीँ केही समस्या झेल्दै उनको वाल्यकाल, किशोरावस्था व्यतीत भएको देखिन्छ ।

पिताको जागिरसँगै देशका विभिन्न भागको भ्रमणसँगै शिक्षादीक्षाको अवसरबाट गुज्रँदै आफ्नो जागिर र पैतृक सम्पत्तिको भरथेगबाट राम्रै जीवनयापन गर्दै वि.सं. २०३६ देखि काठमाडौंको बत्तिसपुतलीमा बसोवास गर्दै हाल चोभार, काठमाडौँमा स्थायी वसोवास गरिरहेका छन् ।

नेपाली भाषा-साहित्यको सेवातर्फको यात्रा १९, २० वर्षे उमेरदेखि थालेको र अनवरत साहित्यका विविध विधामा कलम चलाउँदै समाजसेवाको क्षेत्रमा योगदान दिँदैगर्दा वि.सं २०६२ सालमा मल्टिपल माइलोमा नामक रक्त सम्बन्धी क्यान्सरबाट पीडित हुन पुगेका जगदीश स्टेम सेल ट्रान्सप्लान्ट पश्चात पुनर्जीवन प्राप्त गरी अन्तर्मनको यात्रा जस्तो उत्कृष्ट कृति (जसले वि.सं २०६४को मदनपुरस्कार र उत्तमशान्ति पुरस्कार समेत प्राप्त गर्न सफल भयो) नेपाली साहित्यलाई प्रदान गर्दै जीवनयात्रा सञ्चालन गरिरहेका छन् । अन्तर्मनको यात्रा बिरामी अवस्थामा उपचारक्रममै लेखिएको देखिन्छ ।

## २.२. जगदीश घिमिरेको व्यक्तित्व

मानिसलाई चिनाउने गहनाको रूपमा व्यक्तिको व्यक्तित्व रहेको हुन्छ । व्यक्तिको शारीरिक गठनदेखि लिएर उसमा निहित प्रतिभाहरूको संयोजित रूप नै व्यक्तित्व कहलाउँछ । व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरेर विभाजन गरी हेर्न सकिन्छ । जगदीश घिमिरेको व्यक्तित्वलाई पनि सोही अनुरूप विभाजन गरेर छुट्टाछुट्टै अध्ययन गरिन्छ ।

### २.२.१. निजी व्यक्तित्व

व्यक्तिको निजी (व्यक्तिगत) व्यवहारसँग सम्बन्धित व्यक्तित्व जसले सार्वजनिक व्यक्तित्व निर्माणमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ । व्यक्तिको शारीरिक आकारप्रकार जसलाई बाह्य र शील, स्वभाव, आचरण जस्ता कुरालाई आन्तरिक व्यक्तित्वका रूपमा लिइन्छ ।

**क) बाह्य व्यक्तित्व :**

जगदीश घिमिरेको बाहिरी व्यक्तित्वको कुरा गर्दा मझौला कद (५ फिट ८ इन्च उचाइ) का देखिन्छन् । हालको ६५ वर्षे उमेर, मल्टिपल माइलोमा जस्तो ज्यान खाने क्यान्सर रोगबाट पीडित भै पुनः जीवन प्राप्त शरीर भए तापनि सन्तुलित जीवनशैलीका कारण रोग लागे जस्ता देखिँदैनन् । गहुँगोरो रङ्गका घिमिरे सधैँ हँसिलो र चमकदार अनुहारमा देखिन्छन् । सामान्य पोशाकमा रहँदा पनि मिलेको शरीरले उनको व्यक्तित्व आकर्षक देखिन्छ ।

**(ख) आन्तरिक व्यक्तित्व**

शील, स्वभाव, आचरण प्रवृत्ति आदिलाई आन्तरिक व्यक्तित्व मानिन्छ । जगदीश घिमिरे सबैसँग समान व्यवहार गर्न रुचाउँछन् । पक्षपात रहित र प्रस्ट कुरा गर्नु उनको स्वभाव हो । भेदभाव मन नपराउने घिमिरेको बोलीमा नम्रता पाइन्छ उनी आफूलाई तीखो बोल्ने व्यक्तिका रूपमा चिनाउँछन् र पहिले दुध अनुसार छुचो स्वभाव भएको भनेर आफूलाई मूल्याङ्कन् गर्ने घिमिरेले हाल त्यसमा परिवर्तन गरेका छन् । अध्ययनशील, कल्पनाशील घिमिरे भ्रमण गर्न रूचाउँछन् उनलाई एकैठाउँ बस्नुपर्दा पिंजडामा रहेको अनुभूत हुन्छ ।

जस्तो सुकै भोजन भए पनि खास फरक नपर्ने घिमिरे प्राकृतिक साकाहारी भोजनलाई उत्तम मान्छन् । नेपाली परम्परागत खानालाई विशेष जोड दिन्छन् ।

खरो मिजासका व्यक्ति भए पनि दीन दुःखीहरूप्रति दयालु छन् । समाजका विकृति विसङ्गतिप्रति तीखो प्रहार गर्छन् । नेपाली, अङ्ग्रेजी, हिन्दी भाषाका जानकार घिमिरे आफ्नो मातृभाषा नेपालीलाई विशेष मर्यादा गर्छन र सोही भाषामा भावना पोख्न सिपालु छन् ।

२.२.२. सार्वजनिक व्यक्तित्व

सामाजिक प्राणी हुनुको नातामा मानिसको सार्वजनिक व्यक्तित्व उसले समाजसँग देखाएको तादात्म्यको आधारमा उनको सार्वजनिक व्यक्तित्वलाई निम्न उपशीर्षकहरूमा चर्चा गर्न सकिन्छ ।

**क) साहित्यिक व्यक्तित्व :**

वि.सं.२०२१ सालमा **श्री ३ गिद्ध** कथा प्रकाशन गराएर नेपाली साहित्यमा देखापरेका जगदीश घिमिरे उपन्यास, कथा, कविता, नाटक, निबन्ध अनुवाद समालोचना, नियात्रा (आत्मालाप) आदि विधामा सशक्त रूपमा कलम चलाउने बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् ।

जगदीश घिमिरेका उल्लिखित व्यक्तित्वलाई प्रदर्शित गर्ने कृतिहरूका आधारमा उनको योगदानलाई निम्नानुसार छोटकरीमा उल्लेख गर्न सकिन्छ :

जगदीश घिमिरेको साहित्यिक व्यक्तित्वलाई उद्घटित गर्ने कृतिहरू :-

- अन्तर्मनको यात्रा (प्रति संस्मरण)
- लिलाम (उपन्यास)
- साबिती (उपन्यास)
- केही कथा कविता र संस्मरण
- स्थान काल पात्र (संस्मरण, निबन्ध र अन्तर्वार्ताहरू)
- जगदीशका कथाहरू
- बर्दी (रोज्जा कथाहरू)
- अग्निसूत्र (रोज्जा कविताहरू)
- सन्तान (नाटक)

जगदीश घिमिरेलाई उल्लिखित कृतिहरूका आधारमा नियात्राकार, उपन्यासकार, कथाकार, कवि, निबन्धकार, नाटककार व्यक्तित्वका रूपमा लिन

सकिन्छ भने नेपाली, हिन्दी र अङ्ग्रेजी भाषाका ज्ञाताको रूपमा रहेकाले विश्वप्रसिद्ध साहित्यकारका कृतिहरूको अनुवाद गरी नेपालीमा प्रकाशित गर्ने कार्य गरेबाट अनुवादक व्यक्तित्वका रूपमा पनि लिइन्छ । उनले अङ्ग्रेजीबाट नेपालीमा भावानुवाद गरेका केही रचनाहरू :

**आधा र सिङ्गो** (अभिव्यक्ति वर्ष १, अङ्क १, २०२७ पृ.५९) **दाहिने हात** (अभिव्यक्ति वर्ष १, अङ्क १, पृ.७३) **कायाकल्प** (ऐ.वर्ष १, अङ्क १, पृ. २४९)

जगदीश घिमिरेलाई समालोचक व्यक्तित्वका रूपमा पनि लिन सकिन्छ । यिनले समालोचनाको क्षेत्रमा पनि कलम चलाएका छन् । उनको प्रकाशित पहिलो समीक्षात्मक रचना **द्वन्द्वात्मक भौतिकवादी प्रेमेथिएस** (भानु, वर्ष ५, अङ्क १२, २०२५, पृ. १९४) हो भने दोस्रो **केही नेपाली उपन्यासहरू र युगबोध** (रचना बर्ष १४, अङ्क ६, २०३४ पृ.३) रहेको छ । पहिलोमा देवकोटाको प्रमिथस महाकाव्य र केही अन्य फुटकर कविताहरूको चर्चा छ भने दोस्रोमा केही नेपाली उपन्यासहरूको चर्चा गर्दै उपन्यासको क्षेत्रमा हामी कति पछाडि छौं भन्ने कुरा देखाइएको छ ।

**ख) साहित्येतर व्यक्तित्व :**

साहित्यकार व्यक्तित्वका अतिरिक्त जगदीश घिमिरेका निम्नलिखित व्यक्तित्व पनि प्रबलरूपमा देखा पर्दछन् :–

**१) पत्रकार व्यक्तित्व**

वि.सं. २०१९ मा जनकपुरबाट प्रकाशित हुने **उषा** पत्रिकामा पत्रकारिता गरेका, वि.सं. २०२१ सालमा जनकपुर अञ्चलका गोरखापत्र संवाददाता वि.सं. २०२३ सालमा काठमाडौँबाट प्रकाशित **बान्की** पत्रिकाका समीक्षक वि.सं.२०२६, २०२७ तिर काठमाडौँबाट प्रकाशित हुने **अभिव्यक्ति** पत्रिकाको सम्पादन, वि.सं. २०४४ सालमा **देशान्तर साप्ताहिक** पत्रिकाको 'प्रसङ्गवस भन्ने स्तम्भ र वि.सं. २०५१, २०५२ सालतिर **साप्ताहिक विमर्श** पत्रिकामा 'गन्तव्यको खोजी' भन्ने स्तम्भ,

वि.सं. २०५७ माघ–२०६२ चैत्र सम्म **नेपाल साप्ताहिक** पत्रिकाको 'चेतनाभया' समसामयिक राजनीतिक विषयवस्तुलाई लिएर स्तम्भ लेखन गरेबाट उनको पत्रकार व्यक्तित्वको परिचय मिल्छ ।

**२) लेखक व्यक्तित्व**

जगदीश घिमिरेलाई लेखक व्यक्तित्वका रूपमा चिनाउने लेखहरू क्रमशः 'सोल्जेनित्सिन र नोवेल पुरस्कार', 'रोचक घिमिरेः एक जीवन्त सन्दर्भग्रन्थ छन् । दार्जिलिङ्गको नेपालीपरिवार (समाजशास्त्र एम्.ए.शोध इ.सं. १९७२) र 'नेपालको गैह्र सरकारी संस्था नीति' सहलेखन, जगदीश घिमिरे र नरहरि आचार्य इ.सं. १९९३ अन्यकृति हुन् । यस बाहेक विभिन्न सङ्घसंस्थामा कार्यपत्र पनि लेखेका छन् ।

आफ्ना अनुभूति र अनुभवहरूलाई लेखनमा सजाउन खप्पिस घिमिरे परिचित लेखक हुन् ।

**३) समाजसेवी व्यक्तित्व**

आफ्नो **'अन्तर्मनको यात्रा'** मा जगदीश आफ्ना दुई कर्तव्य या सोखका रूपमा साहित्य सिर्जना र समाजसेवा हुन् भनेर स्पष्ट पार्न पुग्दछन् ।

समाजसेवाको भावनाबाट प्रेरित भएर वि.सं. २०३९ सालमा रामेछापको मन्थलीमा स्थापना गरिएको तामाकोसी सेवा समिति जसले सीमान्तकृत जनताको सेवामा पानीवन्द चर्पी अभियान, खानेपानी, सिञ्चाइ, तरकारी र फलफूल खेती, शिक्षा, स्वास्थ्य संस्था सञ्चालन वचत तथा ऋण सहकारी स्थापना जस्ता विविध कार्यक्रम सञ्चालन गरेर सामाजिक क्षेत्रमा स्वनिर्भर विकासको अभियान सञ्चालन गरेर समाजसेवा अभियानमा लागेको, तिलगङ्गा आँखा केन्द्रमा नेतृत्वदायी भूमिका खेलेर आज पर्यन्त महत्त्वपूर्ण समय दिनुले समाजसेवी व्यक्तित्वलाई उजिल्याई रहेका

छन् भने जीवनी खण्डमा उल्लेख गरिएका विभिन्न संघसंस्थामा संलग्न भएर विविध सेवा गरेबाट घिमिरेको समाजसेवी व्यक्तित्व प्रस्टिन्छ ।

### २.२.३. जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तर्सम्वन्ध

आजसम्मको साँढे ६ दशकको जीवनयात्रामा जगदीश घिमिरेले जीवनका अनेक मोडबाट गुज्रदै शिक्षा आर्जन पत्रकारिता, जागिरे जीवन समाजसेवाको क्षेत्रमा योगदान गर्दै अनेक ‘अनुभव र अनुभूतिहरू सँगाल्ने क्रममा वि.सं. २०६२ मा पुग्दा दुःसाध्य रोग रक्त क्यान्सरबाट पीडित हुन पुगेको जीवनको कटु अनुभव समेतलाई सँगाल्दै आफ्नो जीवनयात्रामा बहुविधाका साहित्यिक कृतिहरू नेपाली समाजलाई पस्कदैं जीवनको मूलभूत उद्देश्यका रूपमा समाजसेवा र साहित्य लेखनका रूपमा अगाडि बढाएबाट उनको जीवनी व्यक्तित्व र साहित्य लेखनको सम्बन्ध उजागर हुन पुगेको देखिन्छ ।

साहित्य जीवनका लागि भन्ने मूल मान्यता राखेर लेखनमा होमिने थोरै स्रष्टाहरूमध्ये घिमिरे अग्रपङ्क्तिमा देखा पर्नुले उनको जीवनी, व्यक्तित्व र साहित्यलेखनको सम्बन्ध छर्लङ्ग हुन्छ ।

## २.३ निष्कर्ष

जन्मदेखि वि.सं.२०६२ सालमा दुःसाध्य रोग रक्त क्यान्सरबाट पीडित नहुन्जेलको जीवनयात्रामा जगदीश घिमिरेको जीवन सुखपूर्वक वितेको, अध्ययन अनुभवबाट प्राप्त ज्ञान, सिर्जनशील क्षमता र तीक्ष्ण बुद्धिले बनेको उनको वहुआयामिक व्यक्तित्वलाई क्यान्सर जस्तो दुःसाध्य रोगले समेत झन उजिल्याउन पुगेको कुरा सो रोगकै कारणले लेख्न पुगिएको भनिएको ‘अन्तर्मनको यात्रा’ जस्तो गहन कृतिको रचना त्यसले प्राप्त गरेको सम्मान र ख्यातिले प्रस्ट्याएको छ ।

# अध्याय तीन

# निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको ऐतिहासिक स्थितिको अध्ययन

## ३.१. परिचय

यस अध्यायमा निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको ऐतिहासिक स्थितिको अध्ययन गरिएको छ । निबन्धको परिचय, निबन्धको परिभाषा, निबन्धका तत्वहरू, निबन्धको वर्गीकरण, नेपाली निबन्धको विकास प्रकियाको चर्चा गरिएको छ ।

## ३.२ निबन्धको परिचय

साहित्यको महत्त्वपूर्ण विधा मध्येको निबन्ध गद्यविधा हो । 'बन्ध' आधारपदमा 'नि' उपसर्ग र 'धञ' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको हो र यसको अर्थ हुन्छ 'राम्ररी बाँध्नु' वा 'राम्ररी बाँधिएको रचना' अङ्ग्रेजी भाषामा ESSAY को नामद्वारा चिनाइने निबन्धले विधागत मान्यता पनि पाश्चात्य साहित्यबाट नै पाएको हो भने पूर्वीय साहित्यमा पनि यसको आफ्नै खाले विकास प्रक्रिया फेला पार्न सकिन्छ । सोह्रौं शताब्दीमा फ्रान्सेली लेखक मोन्तेनले आफ्नो कृतिमा (Essais) शब्दको प्रयोग गरेको र सत्रौं शताब्दीतिर बेलायतमा फ्रान्सिस वेकनले (Essay) शब्द चलाएका हुन् । स्रष्टाभित्र छरिएर रहेका विचार वा भावलाई बन्धन गरिएको विशिष्ट साहित्यिक विधा निबन्ध हो ।

३.३. निबन्धको परिभाषा

विश्व साहित्यको आधुनिक विधा निबन्धलाई विभिन्न विद्वानहरूले आ–आफ्ना शब्दहरूको सहायताले चिनाउने गरेका छन् जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

"आत्माको अभिव्यक्ति गर्ने प्रयत्न नै निबन्ध हो र म नै मेरा निबन्धहरूको विषय हुँ ।"– निबन्धका जन्मदाता मोन्तेन । (गैरे : २०६०, ३७९) ।

'छरिएको चिन्तनलाई समेट्ने रचना विशेष नै निबन्ध हो ।' – फ्रान्सिस बेकन । (ज्ञवाली : २०६६, १३६)

'निबन्ध मनको खुकुलो विचरण हो, न यसमा कुनै नियमितता रहन्छ, न परिपक्वता नै ।'–जोन्सन । (ज्ञवाली : २०६६, १३६)

"विचार एवम् शिल्प र भावनाको विशृङ्खलता जोगाई स्वतन्त्र अभिव्यक्ति प्रदान गर्ने रचनाशिल्प नै निबन्ध हो । नियमका बन्धनमा निबन्धकार बाँधिन चाहँदैन ।" – हिन्दी साहित्यकार रामचन्द्रशुक्ल । (ज्ञवाली : २०६६, १३६)

"यो रौँचिरा दर्शन होइन, न हो पाण्डित्य प्रदर्शनको ठ्यासफु । यो एक किसिमको धूर्त वद्मास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कहिले कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन पाठघोकुवा हलन्ते मिजासले । यो टेविलगफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त वमन वेदान्त ।" – लक्ष्मीप्रसाद देवकोटा । (गैरे : २०६०, ३८३)

"निबन्ध भनेको कुनै विशेष विषयमाथि वा विषयको शाखामाथि लेखिएको ठिकैको लमाइ भएको र आरम्भमा अपूर्ण मानिने र डा.जोन्सनद्वारा एउटा अनियमित र अपरिपक्व रचना मानिएको तथापि वर्तमान युगमा भने सीमित व्यक्ति भएको र सुगठित शैली भएको रचना हो ।" – अङ्ग्रेजी कोशकार मरे (गैरे : २०६०, ३८१)

उपर्युक्त परिभाषाहरूतर्फ दृष्टि दिँदा निबन्ध विचार वा भावलाई बन्धन गरिएको विशिष्ट साहित्यिक विधा हो जुन गद्यबद्ध हुन्छ । निबन्धमा लेखकको व्यक्तित्व प्रकट भएको हुन्छ । विषयवस्तुमा व्यापकता हुन्छ । कुनै सिद्धान्तको स्थापना गर्ने लक्ष्य नभै कुनै भाव वा विचारमा केन्द्रित भएको हुन्छ । बुद्धितत्त्वले नकिचिएको हार्दिकता हुन्छ । पाण्डित्यपूर्ण व्याख्यानको सट्टा भित्रको टेवुल गफको जस्तो औपचारिक शैली निबन्धमा अपेक्षित हुन्छ ।

### ३.४ निबन्धका तत्त्वहरू

दुनियाँ परिर्वतनशील भएझैँ साहित्यका विधाहरूमा पनि समय क्रममा मान्यताहरू परिवर्तन हुँदै जान्छन् । हिजोका मान्यताहरूले आजको समाजलाई पक्रन नसक्ने हुन सक्छ । परिवर्तनशील विधाको प्रकृतिस्वरूप निबन्धमा पनि समयानुकुल परिवर्तन हुँदै आएको पाइन्छ । यद्यपि आफ्ना धर्महरूलाई परिष्कृत गर्दै अगाडि बढ्ने विशेषता भने कायमै रहन्छ । निबन्ध विधाका मूलभूत धर्महरूलाई समीक्षक विद्वानहरूले पहिल्याएर तिनका आधारमा निबन्धका तत्त्वहरू निरूपण गर्ने काम गरेको पाइन्छ । निबन्धका प्रमुख तत्वहरू १) विषयवस्तु २) शैली ३) उद्देश्य हुन् । (ज्ञवाली : २०६६, १३७) । कतिपय विद्वान्हरूले यसका तत्वहरूलाई निम्नरूपमा स्वीकारेको पाइन्छ :

१) वैयक्तिकता

२) हार्दिकता तथा बौद्धिकता

३) विषयवस्तु

४) सङ्क्षिप्तता

५) भाषाशैली

६) उद्देश्य

**१) वैयक्तिकता**

व्यक्तित्वको अभिव्यक्तिलाई निबन्धको प्राण मानिन्छ । निबन्धकारले जिएको, भोगेको निर्मित व्यक्तित्वको अभिव्यक्ति निबन्धमा हुनुपर्छ । निजात्मकताको मात्रा अन्य कृतिमा भन्दा निबन्धमा बढी हुन्छ । जन्मजात वा प्राकृतिक र अध्ययन अनुभव आदिबाट निर्मित व्यक्तित्वको अभिव्यक्ति निबन्धमा हुन्छ । निबन्धमा इमान्दारपूर्वक जीवन का अनुभूतिहरूलाई प्रस्तुत गर्नुपर्दछ ।

आफ्ना अनुभूति पाठक समक्ष ल्याउँदा लेखकले निम्नकुरामा होसियारी अपनाउनुपर्दछ ।

क) अनुभूतिहरू बिचारले नलादिएका हुनुपर्दछ ।

ख) अनावश्यक प्रलाप हुनुहुँदैन ।

ग) उपदेशात्मकता आउनुहुँदैन ।

व्यक्तिका दृष्टिकोण, बिचार, रुचि आदिको प्रकटीकरण निष्ठापूर्वक गरिनुपर्दछ, त्यस्तो अभिव्यक्ति सुस्पष्टरूपले उल्लेख गर्दानै स्रष्टा र पाठकबीचको सम्बन्ध व्यापक हुनपुग्दछ । निबन्धकारको व्यक्तित्व प्रधान रहेको र वस्तु गौण बनेको अवस्थामा निबन्ध आत्मपरक बन्न पुग्दछ । निबन्ध विधाको सुरुदेखि (थालनीदेखि) नै व्यक्ति निष्ठा निबन्धको प्रमुख तत्त्वको रूपमा स्वीकारिएको छ ।

**२) हार्दिकता तथा बौद्धिकता**

हार्दिकता र बौद्धिकता व्यक्तित्वका मूल पाटा हुन् । व्यक्तित्वको अभिव्यक्तिमा उल्लिखित तत्त्वहरू सँगसँगै आइरहेका हुन्छन् अन्यथा शुष्क बन्न पुग्छ ।

बौद्धिकता र हार्दिकता नै व्यक्तित्वका गहना हुन् जसले निबन्धलाई आकर्षक एवम् मधुर बनाउन उल्लेख्य भूमिका खेल्नपुग्दछन् । निबन्धको आन्तरिक आत्मा स्रष्टाका मानसिक र बौद्धिक क्रिया प्रतिक्रिया स्वरूप निर्माण हुन पुग्दछ ।

### ३) विषयवस्तु

निबन्ध कुनै विषयमा केन्द्रित भएर लेखिन्छ । बिना विषयवस्तु निबन्ध लेख्न नसकिने हुँदा निबन्धको अपेक्षित तत्त्वहरू मध्येको एक विषयवस्तु हो । निबन्धकारले वस्तुपरक वा आत्मपरक विषयवस्तुलाई समेटेर निबन्ध सृजना गर्ने गर्दछ ।

सांसारिक जीवनका यावत् कुराहरू निबन्धका विषयवस्तु बन्नसक्छन् निबन्धकारले प्राण भर्न सकेको खण्डमा । त्यसकारण विषयवस्तु निबन्धको महत्त्वपूर्ण तत्त्वको रूपमा रहनेहुन्छ ।

### ४) सङ्क्षिप्तता

संसारमा पाइने व्यापक विषयवस्तुलाई निबन्धकारले समातेर निश्चित सीमामा बाँधिएर प्रस्तुत गर्ने तरिका नै सङ्क्षिप्तता हो अथवा थोरै समयमा पढिसकिने गरी विषयवस्तुलाई पूर्णता प्रदान गर्ने कार्यनै सङ्क्षिप्तता हो न कि सार सङ्क्षेप । यो अर्को महत्त्वपूर्ण तत्त्वको रूपमा निबन्ध विधामा स्विकारिएको छ ।

### ५) भाषा शैली

निबन्धले अपेक्षा गर्ने अर्को महत्त्वपूर्ण तत्त्व हो भाषाशैली निबन्धको भाषा गद्यात्मक हुन्छ । शैलीका विषयमा मान्छेपिच्छे फरक धारणा देखिन्छन् कसैले सरलताको पक्ष पोषण गरेका पाइन्छन् भने कोही जटिल शैलीको पक्षमा छन् ।

पाठकसम्म पुग्न चाहने उद्देश्य निबन्धकारको हुने हुँदा निबन्ध सरल, सरस एवम् कोमल शैलीमा लेखिएको अवस्थामानै सो उद्देश्य पूरा हुन जाने हुन्छ ।

### ६) उद्देश्य वा प्रयोजन

बिना प्रयोजन साहित्य सिर्जना गरिएको हुँदैन यदि त्यस्तो भयो भने त्यो अनावश्यक प्रलापमात्र हुन जाने हुन्छ । स्रष्टाका व्यक्तित्वको पहिचान दिनु निबन्धको उद्देश्य हुन्छ जुन गृहित विषयको माध्यमबाट हुन जान्छ । स्रष्टाले निर्भिकतापूर्वक आफ्नो व्यक्तित्वलाई पाठक समक्ष प्रस्तुत गरे मात्र अपेक्षित उद्देश्य पूरा हुन पुग्दछ ।

निबन्धमा उल्लिखित तत्त्वहरूलाई स्वीकारिएको पाइन्छ । यद्यपि यस्तै हुनुपर्दछ भनेर किटान गर्न लागियो भने शायद चलायमान विश्व र समाजलाई रोक्न खोज्ने दुष्प्रयास मात्र हुन पुग्छ भन्दा अतिशयोक्ति हुने छैन ।

## ३.५. निबन्धको वर्गीकरण

निबन्ध यति नै प्रकारका हुन्छन् भनेर भन्न त गाह्रो पर्ला तापनि विषयवस्तु, भाषाशैली आदिका आधारमा सामान्यतया (१) निजात्मक (आत्मपरक) र (२) परात्मक (वस्तुपरक) गरी विभाजन गरेर अध्ययन गर्न सकिन्छ भन्ने विषयमा विद्वान्हरू सहमत देखिन्छन् ।

व्यक्तिले आफ्नोपनलाई प्रस्तुत गर्ने गरी लेखिएका अथवा आन्तरिक तत्त्वको उद्घाटन हेतु प्रस्तुत गरिएका निबन्धलाई निजात्मक र अन्य बिषयवस्तुलाई समेटेर प्रस्तुत गरिएका निबन्धलाई वस्तुपरक वा परात्मक भनी विभाजन गरिएको पाइन्छ ।

***प्रस्तुत विभाजनका आधारमा निबन्धको वर्गीकरणलाई निम्न वृक्षचित्रमा देखाउने प्रयास गरिएको छ ।***

निबन्ध

वस्तुपरक (परात्मक) आत्मपरक (निजात्मक)

वर्णनात्मक विवरणात्मक भावात्मक विचारात्मक वैयक्तिक

## परात्मक (वस्तुपरक) निबन्ध

### (१) वर्णनात्मक निबन्ध

लिइएको विषयको वर्णनमा केन्द्रित निबन्ध, वर्णनप्रधान निबन्ध वर्णनात्मक निबन्धका कोटी भित्र पर्दछन् । लिइएको विषयलाई स्रष्टाका अनुभूति एवम् विचारले

जीवन्त बनाएर प्रस्तुत गरिएको हुन्छ । गृहित विषयको बाह्यपक्ष चित्रण गर्ने प्रवृत्ति भए पनि सूक्ष्म निरिक्षणको शक्ति अपेक्षित नै हुन्छ ।

यस्ता निबन्धमा गहन चिन्तन र मौलिक जीवनदर्शनको अपेक्षा नराखिए तापनि स्रष्टाका निजी भावनाले सिँगार्न सकिन्छ । वर्णनप्रधान निबन्ध लेख्दा स्रष्टाले निम्न कुराहरूमा विशेष ध्यान पुऱ्याएर रचनालाई व्यवस्थित गर्नुपर्ने हुन्छ ।

क) क्रमवद्ध र व्यवस्थित वर्णन

ख) लिइएको विषयलाई पूर्णताका साथ सङ्क्षिप्तरूपमा प्रस्तुतीकरण

ग) स्रष्टाको सूक्ष्म निरीक्षण

घ) विषयको वर्णनका मौलिक प्रस्तुतीकरण

ङ) सरल, सुबोध शैली

**२) विवरणात्मक निबन्ध**

विवरणप्रधान निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । घटना वा वृत्तान्तको वेली विस्तार गरिएको यो निबन्ध पनि सुन्दा वर्णनात्मक स्थिर हुन्छ । विवरणात्मक निबन्धलाई निम्न तत्त्वहरूले वर्णनात्मकवाट पृथक पार्न सहयोग गर्दछन् :

**क) कथात्मकता वा ऐतिहासिकता**

कुनै घटना विशेषको विवरण भन्ने वित्तिकै कथात्मकता वा ऐतिहासिकताको पक्ष अगाडि आउँछ । ऐतिहासिक विवरणका आन्तरिक पक्षलाई आकर्षक ढङ्गले प्रस्तुत गरिने तरिका नै विवरणात्मकताको शैली हो । आफ्ना निजी भावनाले समेटेर निबन्धकारले निबन्धको रचना गर्दछ भने इतिहासकार घटना तथ्यमा तटस्थ हुन्छ । निबन्धकारले कल्पना वा भावनाले रङ्गाएर घटनाको विवरण प्रस्तुत गर्दछ । स्रष्टाको निजी व्यक्तित्वले विवरणात्मक निबन्धमा बढी स्थान लिन्छ वर्णनात्मक निबन्धमा कम ।

**ख) कार्यकारण शृङ्खला**

विवरणात्मक निबन्धमा पूर्वापरक्रम मिलेर घटनाको विवरण रहेका हुन्छन् । भावना र विचारले निबन्धकारले उजिल्याउने कोसिस गर्दा गर्दै पनि यस्ता निबन्धमा 'स्व' भन्दा 'पर' कै प्रधानता रहन्छ ।

**आत्मपरक अर्थात निजात्मक निबन्ध**

**१) भावात्मक निबन्ध**

स्रष्टाको 'स्व' सक्रिय हुने निबन्ध जहाँ भावुकताको पक्ष प्रवल रहने हुन्छ भावात्मक निबन्ध कहलाउँछ । निबन्धकारको बुद्धिले खुल्ने अवसर प्राप्त गरेपछि भावनाले खेल्ने अवसर प्राप्त गर्दछ व्यक्तिका भावनाहरू, अनुभूतिहरू जति गहनरूपमा प्रस्तुत हुन सक्छन् । निबन्ध त्यति नै सरल बन्न पुग्छ । निबन्धकारको हृदयको वा स्वच्छभावनाको अभिव्यक्ति भावात्मक निबन्ध हो ।

भावात्मक तत्त्वको प्रवलताको कारणले कविताकै निकट विधाको रूपमा लिँदै देवकोटा यसलाई 'पोथीगद्य' भन्न पुग्छन् ।

**२) विचारात्मक निबन्ध**

निजात्मक निबन्धको एक भेद जहाँ विचार प्रधान भएर आउँछ विचारात्मक निबन्ध कहलाउँछ । बुद्धि पक्षको सम्बन्ध हुने निबन्ध जहाँ व्यक्तित्वको एउटा महत्त्वपूर्ण पाटो उजागर भैरहेको हुन्छ । बुद्धिपक्षको सक्रियता भएर विचारको प्रबाह हुने हुँदा भावना वा कल्पना न्यून रूपमा मात्र देखिन्छ । विचारलाई रागात्मक रूपमा प्रस्तुत गर्दा भावना वा कल्पना जस्ता कुराको प्रयोग यस्ता निबन्धमा गर्नुपर्दछ ।

विचारात्मक निबन्धले अपेक्षा गर्ने तत्त्वहरूलाई सङ्क्षेपमा यसरी उल्लेख गरिन्छः

क) वैचारिकता

ख) नियन्त्रित र सुगठित किसिमले वैचारिकताको प्रयोग

ग) स्रष्टाका प्रवल तर्कद्वारा सु-सज्जित

घ) प्रत्येक वाक्यद्वारा विचार प्रकट

ङ) मौलिक एवम् निजी तर्कद्वारा सु-सज्जित

च) सुसङ्गठित एवम् नियन्त्रित रूपले विचार प्रस्तुत

**३) वैयक्तिक वा आत्मपरक**

हुन त यो निजात्मक निबन्ध वैयक्तिक नै मूलरूपमा हुने हुँदा कसैकसैले यसको भेद गरिरहनु आवश्यक छैन भन्ने धारणा प्रस्तुत गर्दछन् तापनि निबन्धकारका निजी जीवनसँग सरोकार राख्ने विषयवस्तुले प्रस्तुतीकरणमा स्थान ग्रहण गर्ने हुनाले छुट्टै भेदको रूपमा चर्चा गर्ने गरिन्छ ।

लेखकको 'स्व' ले महत्त्वपूर्ण स्थान ओगट्ने भएकोले यो खालको निबन्ध आत्मकथा वा संस्मरण नजिक रहन्छ । स्रष्टाका निजी भौतिक वा मानसिक कुराहरू यस्तो निबन्धको विषयवस्तु बन्न पुग्दछ । कथात्मक शैली अँगालिएको आत्मपरक वा वैयक्तिक निबन्ध आत्मप्रकाश भएको निश्छलतापूर्वक स्वानुभूतिहरू प्रकट भएको निबन्ध हो ।

## ३.६. नेपाली निबन्धको विकास प्रक्रियाः

साहित्यको एक महत्त्वपूर्ण गद्यविधाको रूपमा रहेको निबन्धलाई विधाको रूपमा विकसित तुल्याउने भूमिका पाश्चात्य साहित्यको हो । नेपालमा निबन्धको विकासक्रम केलाउने सन्दर्भमा नेपाली गद्यलेखन परम्पराको इतिहाससम्म पुग्नु पर्ने हुन्छ । इतिहासको पाना पल्टाउने हो भने प्रामाणिकरूपमा पाइएको नेपाली लेख्य भाषाले लगभग एकहजार वर्ष पूरा गरेको देखिए तापनि नेपाली निबन्धको पृष्ठभूमिका रूपमा वि.सं. १८३१ को पृथ्वीनारायण शाहकृत दिव्योपदेशसम्म पुग्नुपर्ने हुन्छ । शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्व (१८२७) नेपाली भाषाको

गद्यरूपको कृति पाइए तापनि निबन्धको स्वरूप (झलक) फेला पार्न दिव्योपदेशमा नपुगी सुख छैन । दिव्योपदेशलाई आधार मानेर नै नेपाली निबन्धको विकासक्रमको चर्चा गर्ने गरिन्छ । नेपाली निबन्धको विकासका चरणलाई निम्न रूपमा चर्चा गर्ने गरिन्छ ।

१) प्राथमिक काल (वि.सं. १८३१-१९५७)

२) माध्यमिक काल (वि.सं.१९५८-१९९०)

३) आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म) ।**(ज्ञवाली : २०६६, १३८)**

**प्राथमिक काल (वि.सं. १८३१ देखि १९५७)**

गद्य नेपाली भाषाको प्रयोग प्राचिन कालमा इतिहास लेखन, राजकाज, प्रशासन, चिकित्सा, लेनदेन आदि क्षेत्रका सामग्रीहरूमा पाइन्छ । यही क्रममा पृथ्वीनारायण शाहद्वारा वि.सं. १८३१ मा राज्यएकिकरण, राज्यसञ्चालन, राजनीति, मर्यादा आदि अनुभवलाई समेटेर दिइएको **दिव्योपदेश** नेपाली निबन्धको आधार बन्न पुगेको छ । कवितात्मक भाषा र निजात्मक भावद्वारा ओतप्रोत उक्त कृतिमा बिम्ब, उपमा, प्रतीकहरू समुचित व्यवस्था पाइन्छ ।

दिव्योपदेश पछि रामभद्र पाध्या रेग्मीको **लक्ष्मी-धर्म संवाद** (१८५१), बाणी विलास पाण्डेको **बाग्मती स्तम्भको शिलालेख** (१८६८) सुन्दारानन्द बाँडाको **कीर्तीपुर विजय** (१८८९) **त्रिरत्न सौन्दर्य गाथा** (१८८९-१८९०) जङ्गबहादुरको **बेलायत यात्रा** (१९९०), काशीनाथ आचार्यको **धीरशमशेरको मृत्यु**, मोतीराम भट्टरचित **भानुभक्तको जीवन चरित्र** (१९४८) चिरञ्जीवी शर्माको **आफ्नो कथा** (१९५५) आदि कृतिहरू उल्लेख्य छन् ।

यसकालका निबन्धहरूद्वारा भाषा, धर्म, राजनीति, समाज, संस्कार आदि जस्ता विषयलाई अगाडि सारेर निबन्ध लेखिएको पाइन्छ । संरचनागत शिथिलता,

आख्यानतत्त्वको असङ्गत प्रयोग र परिमार्जनका साथै निजात्मकता जस्ता विशेषताहरू यस कालका निबन्धमा पाइन्छ । उपदेशको झल्को यसकालमा निबन्धमा पाइने अर्को विशेषता हो । जसलाई आधुनिक निबन्धको प्रारूपका रूपमा स्वीकारिएको पाइन्छ ।

**माध्यमिक काल (वि.सं. १९५८-१९९०)**

नेपालको प्रथम पत्रिकाको रूपमा वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशन पछि उक्त पत्रिकामा प्रकाशन भएका हरिहर आ.दि.का गोर्खा **भाषाको दुर्दशा** र **विद्या** शीर्षकका दुई निबन्धहरू सँगै नेपाली निबन्धको माध्यमिक काल सुरु हुन्छ । राममणी आ.दी. का **कविता रीति** र **मातृभाषाको आवश्यकता** जस्ता निबन्धहरूको आगमनले समालोचनात्मक र वस्तुपरक लेखनशैलीमा समस्याप्रधान निबन्धको थालनी गरेको देखिन्छ । नेपाली निबन्धको मौलिकतालाई सचेततापूर्वक उभ्याउने कार्यमा बनारसबाट प्रकाशित **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **गोर्खाली** (१९७२) पत्रिका लगायत **नेपालीभाषा प्रकाशिनी समिति** (१९६९) जस्ता संस्थाहरूको योगदान रहेको पाइन्छ ।

यसैकालमा **सङ्क्षिप्त महाभारत** र **सङ्क्षिप्त रामायण** जस्ता कृतिहरू लिएर चक्रपाणिचालिसे, **मुलुकको उत्पत्ति** लिएर जयपृथ्वीबहादुर सिंह देखापर्दछन् । पद्मनाथ सापकोटा **मातृभाषा** जस्ता निबन्ध नेपाली साहित्यलाई दिएर समाज सेवा र युगचेतनाको शङ्खघोष गर्दछन् । शम्भुप्रसाद ढुङ्गेल **चन्द्रिका**मा प्रेम (१९७५) र महीन्द्र मल्ली (१९७५) छपाएर मौलिकताको साथमा आधुनिक पाश्चात्य चिन्तन शैलीको प्रभाव प्रस्तुत गर्न पुग्छन् । प्रसिद्ध निबन्धकारहरू धरणीधर कोइराला, सूर्यविक्रम ज्ञवाली, वेदनिधि शर्मा यसै समयमा देखा पर्दछन् । नेपाली मस्तिष्कलाई जगाएर राष्ट्रियताको शङ्खघोष गर्न यस कालका निबन्ध सक्षम देखिन्छन् ।

फराकिलो विषय र आधुनिकतातर्फ उन्मुख यस कालका निबन्धहरू प्रकाशन गराउने कार्यमा नेपाल बाहिरका पत्रिकाहरू बढी सक्षम देखिन्छन् । **गोर्खा कागज** (१९५८, दार्जिलिङ), **सुन्दरी** (बनारस १९६३), **गोरखाली** (बनारस १९७२), **चन्द्रिका** (देहरादुन १९७४), **जन्मभूमि** (१९७९, बनारस) र **गोर्खा संसार** (देहरादुन, १९८३) आदिले नेपाली निबन्धको विकासलाई अगाडि बढाएका छन् । प्राथमिक कालीन निबन्धभन्दा विषय र शैलीका दृष्टिले उन्नत देखिनु यस कालको विशेषता हो । सुधारवादी चेतना परिष्कृतता, भाषिक अनुशासन र आधुनिकता तर्फको उन्मुखता माध्यमिककालीन निबन्धमा पाइन्छ ।

**आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)**

नेपाली साहित्यकै इतिहासमा ऐतिहासिक मोड ल्याइदिने १९९१ सालमा प्रकाशन सुरु भएको **शारदा** पत्रिका सँगै दार्जिलिङ्बाट प्रकाशित **साहित्य सम्मेलन** पत्रिकाले आधुनिकताको पृष्ठभूमिमा जग हाल्ने काम गरेको कुरालाई पनि नकार्न सकिदैन शारदा पत्रिकामा प्रकाशित वालकृष्ण समको **बर्दहामा शिकार** र दोस्रो अङ्कमा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको **आषाढको पन्ध्र** (१९९२) ले नेपाली निबन्धको आधुनिकताको सूत्रपात गरेको देखिन्छ । बालकृष्ण सम वस्तुपरक चिन्तनको स्पष्टता साथ नेपाली निबन्ध फाँटमा देखिए भने पश्चिममा निबन्धमा देखिने निजात्मकता वा आत्मपरकता देवकोटाका निबन्धमा पाइनथालेको देखिन्छ । यसरी आत्मपरकता, वस्तुपरकता, सौन्दर्य र भावको संयोजन गर्दै नेपाली निबन्धले आधुनिक काललाई अगाडि बढाएको देखिन्छ । प्रवृत्तिका आधारमा नेपाली निबन्धको आधुनिक काललाई निम्न तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

१) प्रथम चरण (वि.सं. १९९२ - २००३)

२) द्वितीय चरण (वि.सं. २००४ - २०१७)

३) तृतीय चरण (वि.सं. २०१७ देखि हालसम्म) । **(ज्ञवाली :२०६६, १४०-१४२)**

**प्रथम चरण (वि.सं. १९९१ - २००३)**

आधुनिक नेपाली निबन्धका शीर्षस्थ व्यक्तित्व बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा हुन् । **त्यो** (१९९२), **पानी** (१९९२) **आत्मविश्वास** (१९९२) **प्राकृतिक जीवन** (१९९२) र **भाषा** (१९९८) जस्ता निबन्धहरू मार्फत समले दार्शनिक चिन्तन एवम् वौद्धिकताको आग्रहलाई अगि सारेको देखिन्छ । समलाई प्रथम नेपाली आधुनिक निबन्धकार मानिन्छ जसको **वर्दहामा शिकार** निबन्ध पहिलो आधुनिक निबन्ध हो ।

लक्ष्मीप्रसाद देवकोटाको **लक्ष्मी निबन्ध सङ्ग्रह** (२००२) को प्रकाशनले नेपाली निबन्ध जगतमा नयाँ आयाम कोरेको देखिन्छ । शारदाको विभिन्न अङ्कमा प्रकाशित निबन्धहरूको सङ्ग्रहका निबन्धले समका निबन्धभन्दा छुट्टै प्रवृत्ति प्रस्तुत गरेका छन् ।

निजात्मकता वा आत्मपरकतालाई अँगालेका देवकोटाका निबन्धमा काल्पनिकता, हाँस्यव्यङ्ग्यता, काव्यात्मकता र सौन्दर्यचेतनालाई विषयवस्तु बनाएको पाइन्छ । नेपाली निबन्धको सम्वृद्ध परम्परा थालिनुको साथै देवकोटा यस चरणका सर्वाधिक ख्यातिप्राप्त निबन्धकार मानिन्छन् ।

यस चरणका अन्य निबन्धकार एवम् निबन्धहरूमा प्रेमराज शर्माको **पण्डितजीको चिठ्ठी** (१९९२), **गहना** (१९९४), सिलवाल पण्डितको **वेदान्त विवादको मिसिल** (१९९२), **फलामे औंठी** (१९९२), नरेन्द्रमणी आ.दी.को **संसार एक नाट्यशाला हो** (२००३) आदि ।

भवानी भिक्षु, बाबुराम आचार्य र सागरमणि आ.दि यस चरणका चर्चित स्रष्टा हुन् भने दार्जीलिङबाट 'साहित्यसम्मेलन' पत्रिकाको माध्यमबाट देखा पर्ने स्रष्टाहरूमा धरणीधर कोइराला, पारसमणि प्रधान, रूपनारायण सिंह, सूर्यविक्रम ज्ञवाली महत्त्वपूर्ण छन् ।

विषय र शैलीमा नवीनता र मौलिकता यस चरणको उपलब्धि हो । पाश्चात्य साहित्यको सैद्धान्तिक र व्यवहारिक प्रयोगलाई चिन्तनपरक र आत्मपरक

निबन्धहरूद्वारा यस चरणका निबन्धहरूले अँगालेको पाइन्छ । बालकृष्ण समद्वारा थालिएको यसचरणका केन्द्रीय प्रतिभाका रूपमा लक्ष्मीप्रसाद देवकोटा रहेका छन् । उनको लक्ष्मी निबन्ध सङ्ग्रह सबैभन्दा महत्वको उपलब्धि मानिएको छ ।

**दोस्रो चरण (वि.सं. २००४-२०१६)**

निरङ्कुश राणाशासनको विरुद्ध विद्रोहको आवाज मुखरित गर्नु यस चरणका निबन्धको प्राप्ति हो । वि.सं. २००४ साल पछि प्रकाशित विभिन्न पत्रिकाहरू **युगवाणी** (२००४), **साहित्य सम्मेलन** (२००४), **जनसाहित्य** (२०११), **दियालो** (२०१३) **नौलो पाइलो** (२०१६) आदि मा प्रकाशित निबन्धहरूमार्फत हृदयचन्द्रसिंह प्रधान, भीमनिधि तिवारी, श्यामप्रसाद शर्मा आदिले निरंकुशता विरुद्धमा आफ्ना आवाजहरू प्रकट गरेका छन् ।

यसचरणमा हृदयचन्द्रसिंह प्रधानका **तीस रुपियाँको नोट** (२००४) **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११), **अफसोस** (२०११), भीमनिधि तिवारीको **पन्ध्र प्रबन्ध** (२००८), बासुदेव शर्मा लुईटेलको **भूत छैन** (२००६), वदरीनाथ भट्टराईको **पच्चीस प्रबन्ध** (२००८), श्यामप्रसाद शर्माका **बहिनीलाई चिठी** (२००८ भाग- १ र २०१२ भाग-२), **तँ, तिमी, तपाइँ, हजूर** (२०१४) पूर्णप्रकाश नेपाल यात्रीको **वर्णाश्रम व्यवस्था किन ?** (२००८), **मेरो मुक्तिनाथ यात्रा** (२०२६), **सेतीको नालीवेली** (२०३४), अच्छा राई रसिकको **सप्तकोसी** (२०११), कमलदीक्षितको **यस्तो पनि** (२०१३), **कालो अक्षर** (२०१७), केशवराज पिंडालीका **खै.खै.** (२०१६), **फेरि उल्टै मिल्यो** (२०३२) चूडानाथ भट्टरायको निबन्ध चूडामणि आदि प्रकाशित छन् । नेपाल बाहिरबाट प्रकाशित हुने **भारती** (२००६) र **गोर्खा** (२०११) आदि जस्ता पत्रिकाको योगदान समेत यसचरणका निबन्धको विकासमा उल्लेखनीय देखिन्छ । प्रगतिवादी चेतनाको स्वर मुखरित हुनु, यथार्थ खोज अनुसन्धान, व्यङ्ग्य, संस्मरण, स्वच्छन्दता,

क्रान्तिकारिता जस्ता विविध विषयहरूलाई अपनाउँदै, ज्ञान विज्ञानका विविध फाँटहरू सँग जोडिन पुगेका यस चरणका निबन्धहरूले प्रथम चरणको उचाइलाई छुन भने नसकेको देखिन्छ ।

**तेस्रो चरण (वि.सं.२०१७ देखि हाल सम्म)**

वि.सं. २०१७ सालमा **रूपरेखा** पत्रिकाको प्रकाशन प्रारम्भ सँगै यस चरणका केन्द्रीय प्रतिभा शङ्कर लामिछानेको उदयको साथमा नेपाली निबन्धको तेस्रो चरण सुरु भएको मानिन्छ । आत्मपरक शैलीका निबन्धमा बौद्धिकताको अद्वितीय अनुभूति पाइन्छ । **एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४), **गोधूली संसार** (२०२७), **बिम्ब प्रतिबिम्व** (२०२८), **शंकर लामिछानेका दृष्टिमा** (२०३२) जस्ता महत्त्वपूर्ण निबन्ध सङ्ग्रहहरूले लामिछानेको निबन्धकारिताको परिचय दिन्छन् । अमूर्त चिन्तन, बौद्धिक स्पर्श काव्यात्मक ढाँचा र कलात्मक शैली जस्ता नवीन प्रस्तुतिले सज्जित उनका निबन्धहरू नेपाली निबन्ध फाँटका उल्लेख्य उपलब्धि बन्न पुगेका छन् ।

शंकरलामिछानेकै पदचापलाई पछ्याउँदै कृष्णचन्द्रसिंह प्रधान (१९८२), नगेन्द्र शर्मा (१९८८), धनुषचन्द्र गोतामे (१९८८), कृष्णप्रसाद ज्ञवाली (१९९३), गोविन्दभट्ट (१९९५), रमेश विकल (१९८५), बालकृष्ण पोखरेल (१९९०), लोकराज वराल (१९९८) जस्ता यसचरणका प्रमुख निबन्धकारले नेपाली निबन्ध क्षेत्रलाई अगाडि बढाएका छन् । यस चरणका अन्य निबन्धकारहरू कृष्णप्रसाद पराजुली (१९९२), बल्लभमणि दाहाल (१९९४), पारिजात (१९९३), ठाकुर पराजुली (१९९८), बासुदेव त्रिपाठी (१९९९), उत्तमकुँवर (१९९६), मोहनराज शर्मा (१९९७), पुष्कर लोहनी (१९९७), रामलाल अधिकारी (१९९८), घनश्याम कँडेल (२००२), बानिरा गिरी (२००३), कुमारबहादुर जोशी (१९९८), राजेन्द्र सुवेदी (२००२), मञ्जुल (२००९), किशोर नेपाल (२००८), विमल निभा (२००९) आदि देखा पर्दछन् भने हाँस्यव्यँग्यको

फाँटका अतुलनीय, अपूर्ण प्रतिभा भैरव अर्याल **काउकुती** (२०१९), **जयभूँडी** (२०२२), गलबन्दी (२०२६) इतिश्री (२०२८) लिएर यसै चरणमा देखा पर्छन् भने उनीपछि रामकुमार पाँडे, नरेन्द्रराज पौडेल, चोलेश्वर शर्मा, श्याम गोतामे, घटोत्कच शर्मा, श्रीधर खनाल, चूडामणि रेग्मी, मुकुन्द आचार्य, माधवप्रसाद पोखरेल आदि स्रष्टाहरूको योगदान निबन्ध विधामा उल्लेखनीय रहेको छ । त्यसै गरी आत्मालाप जस्तो महत्त्वपूर्ण पक्षमा सशक्त कलम चलाउने स्रष्टा जगदीश घिमिरे पनि यसै चरणका उल्लेख्य प्रतिभा हुन् ।

हाल सम्ममा नेपाली निबन्ध विधामा बालकृष्ण समलगायतको वस्तुपरक धारा, देवकोटा लगायतको आत्मपरक धारा, भैरव अर्याल लगायतको हाँस्यव्यँग्यात्मक धारा, ताना शर्मा लगायतको नियात्रा धारा, हृदय चन्द्रसिंह प्रधान लगायतको प्रगतिवादी धारा र शङ्कर लामिछाने लगायतको प्रयोगवादीधारा आदिको विकास भइसकेको पाइन्छ । आत्मालाप जस्तो महत्त्वपूर्ण विषयमा कलम चलाउने जगदीश घिमिरेले पनि यो विधालाई अगाडि बढाउन उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । यसरी एक संवृद्ध विधाको रूपमा निबन्धको विकास क्रमलाई नियाल्ने जमर्को गरिएको छ ।

३.७ निष्कर्ष :

स्रष्टाभित्र छरिएर रहेका विचार वा भावलाई बन्धन गरिएको विशिष्ट साहित्यिक विधा निबन्ध जुन वस्तुपरक वा आत्मपरक शैलीमा हुन्छ, पाश्चात्य साहित्यबाट सोह्रौं सत्रौं शताब्दीदेखि विकसित हुँदै अगाडि बढेको र नेपालमा पृथ्वीनारायण शाहकृत दिव्योपदेशबाट सुरु भएर विभिन्न कालखण्ड पार गर्दै एक संवृद्ध गद्य विधाको रूपमा अगाडि बढिरहेको देखिन्छ ।

# अध्याय चार

## जगदीश घिमिरेको अन्तर्मनको यात्रामा राष्ट्रप्रेम

### ४.१ परिचय

साहित्यका विविध विधाहरू मध्येको एक निबन्ध विधा अन्तर्गत प्रति संस्मरण वा आत्मालाप एक आत्मपरक शैलीको उपविधा हो । नेपाली आत्मपरक शैलीको निबन्ध अन्तर्गत रहेको अन्तर्मनको यात्रा जगदीश घिमिरेको आत्मालाप हो । यसमा उनले आफ्नो जन्मदेखि रक्तक्यान्सर जस्तो दु:साध्य रोग लागेर अस्पतालको शय्यामा उपचारको क्रममा रहँदा र पुनर्जीवन प्राप्त गरेको सम्मका जीवनका आरोह-अवरोहहरूलाई सरल एवम् सुबोध भाषामा उनेर पाठकहरू सामु समर्पण गरेका छन् । नेपाली साहित्य आकाशका चम्किला तारा जगदीश घिमिरे बहुमुखी प्रतिभा भएका स्रष्टा हुन् । यस शोधकार्यमा अन्तर्मनको यात्राको अध्ययन विश्लेषण गरिएको छ । विशेष गरेर यसमा अन्तर्निहित राष्ट्रप्रेमको पक्षलाई खोतल्ने जमर्को गरिएको छ ।

### ४.२ अन्तर्मनको यात्राको अध्ययन

वि.सं. २०६४ सालको मदन पुरस्कार र उत्तम शान्ति पुरस्कार प्राप्त गर्न सफल बहुचर्चित कृति अन्तर्मनको यात्रा स्रष्टा जगदीश घिमिरेको जीवनको जन्मदेखि मल्टिफ्ल माइलोमा नामक रक्त क्यान्सर जस्तो दु:साध्य रोगसँग सङ्घर्ष गरेर पुनर्जीवन प्राप्त गर्दाताकाको समयसम्मको जीवनका आरोह-अवरोहलाई संस्मरणका रूपमा रोगको उपचारकै समयावधिभित्र भनौँ मृत्यु शय्यामा रहँदाको समयलाई सदुपयोग गर्दै पाठकहरू सामु प्रस्तुत गर्ने जमर्को गरिएको कृति हो ।

आम नेपाली समाजमा प्रचलित भनाइ 'मनको बह कसैलाई नकह' लाई विनिर्माण गर्दै 'मनको बह सबैलाई कह' मा सामुदायिक विकासको क्षेत्रमा काम गर्ने संस्था तामाकोसी सेवा समिति जुन जगदीश र दुर्गा घिमिरे दम्पतीद्वारा स्थानीय साथीहरूसँग मिलेर रामेछापको मन्थलीमा वि.सं. २०३९ सालमा स्थापना गरिएको थियो । वि.सं. २०६२ मा त्यसैलाई प्राप्त अन्तर्राष्ट्रिय पुरस्कार ग्रहण गर्ने सिलसिलामा जगदीश घिमिरे अमेरिका पुग्दा उनलाई लागेको रोग पत्ता लागेको र त्यसपछिको बह कहने सिलसिलाबाट सुरु गरिएको आत्मालापलाई स्रष्टाले आफ्नो जीवन कालका महत्त्वपूर्ण घटना एवम् आफ्नो जीवनोदेश्यलाई जोड्दै कृतिको विषयवस्तु अगाडि बढाएका छन् ।

'मनको बह सबैलाई कह'मा घिमिरे लेख्छन् - "आँखा कि अचानक प्रचण्ड अन्धकारबाट प्रचण्ड उज्यालोमा पुग्दा तिरमिराउँछन् कि प्रचण्ड उज्यालोबाट प्रचण्ड अन्धकारमा पुग्दा । म जीवनको प्रचण्ड उज्यालोबाट प्रचण्ड अन्धकारमा पुगेको थिएँ । मेरा आँखा जोडले तिरमिराएका थिए । दिव्य ज्ञानतुल्य त्यो तिरिमिरीले मलाई नयाँ दृष्टि दियो । अन्तर्मनको यात्रा मैले मेरो जीवन र मृत्युको दोसाँधबाट तिनै तिरमिराएका आँखाले देखेको त्यही नयाँ जीवनदृष्टि हो । आफ्नै ओछ्यानमा पल्टेर गोडामुनिको टेलिभिजनमा हातैले छुँला जस्तो नजिकै मैले देखेको जीवन र मृत्युको तस्विर हो, साक्षात्कार हो, साउती हो ।" (घिमिरे : २०६६, २)

जगदीशले उल्लेख गरेझैँ उनको यो आत्मालाप साथी मञ्जुल र ग्रेटा राणाको प्रेरणाबाट युनिकोडमा लेख्ने सल्लाहबाट जन्मेको भन्ने प्रसङ्गलाई जोड्दै आत्मालापकारको असक्त अवस्थाको समयमा पनि लेख्ने जिजीविषा नमरेको भएर नै आज आम पाठकसामु उपस्थित छ । उनकै शब्दमा 'लेख्ने तिर्सनालाई माइलोमा नभएकोले ।'

उनी लेख्छन् "साहित्य सिर्जना मेरा पाठकहरूसँग मेरो अन्तर्मनको सहयात्रा हो ; सुखको सहखोज हो ;  सत्यको सह अन्वेषण हो । मेरो जीवनको मूल्य बोकेको यो आत्मालाप मेरो सबभन्दा पछिल्लो त्यही सहअभियान हो ।" (घिमिरे : २०६६, ४)

त्यसकारण उल्लिखित बमोजिम 'मनको बह सबैलाई कह' गरेर कृतिकारको पाठकसँगको तादात्म्यतालाई जोड्ने क्रममा आएको देखिन्छ ।

सामान्य मानिस आफ्नो दिन सकिन लाग्दा चिन्तामा हुन्छन् । जगदीश चिन्तनमा डुबे । अरुहरू दान दातव्यतिर लाग्छन् जगदीश ल्यापटपको युनिकोड थिच्न थाले । जीवनमा गर्नुपर्ने थुप्रै काममध्येको उनको महत्त्वपूर्ण कार्य साहित्यसेवामा आफ्नो शिथिल शरीरलाई लगाउन पुगे र अन्तर्मनको यात्रा जस्तो गहन कृतिको रचना हुन पुग्यो ।

सानाको जीवन, ठूलाको जीवन, धनीको जीवन, गरिबको जीवन, असल-खराब, महामानव-महादानव सबैको जीवन एक सानो धर्को हो त्यसैमा सबैको जीवन टुङ्गिन्छ भन्ने दृष्टिकोण अगाडि सार्ने लेखक घिमिरे सबैमा प्रतिभा हुन्छ र मल-जल पायो भने टुसाउने मौका पाउँछ भन्ने जीवनवादी, आशावादी दृष्टिकोण प्रस्तुत गर्दछन् । मान्छेको स्ववास्तविकतालाई फरक पार्ने सानो फरक हुन्छ त्यो पनि त्यही सानो धर्कोमा लुकेको हुन्छ भन्ने तथ्यलाई प्रस्तुत गर्दै सत्यको अन्वेषणलाई जीवनको सर्वोत्कृष्ट आनन्द ठान्ने लेखक आफू त्यसैको खोजीमा लागेको प्रस्ट्याउँछन् ।

सभ्य सह-अस्तित्त्वको संस्कारलाई सबै मान्छेका जरा ठान्ने घिमिरे विवेक, विचार र व्यवहारलाई मान्छे ठान्छन् र मान्छे हुनुको आधार उनी त्यसैमा देख्न पुग्छन् । नकि मान्छेलाई विभेद गर्ने तत्त्वहरूमा । मान्छे सबै एक जाति भन्ने सार्वभौम सत्यलाई उजागर गर्दै उनी मान्छे मान्छेमा विभाजन ल्याउने चेष्टा प्रति तिखो प्रहार गर्छन् । नेपाली-नेपालीमा विभेद ल्याउने कार्यलाई अधोपतनको संज्ञा दिँदै लेख्छन् - "सुगौली सन्धिले खुम्च्याएको नेपाल त्यसपछि पनि आफ्नो साँधसिमानाको

निकै ठाउँमा खुम्चिएर रहेको छ, मुखबुजो लागेकी बलात्कृत जस्तै । त्यसमाथि हालका दिनमा अनन्त अराजकता र भीषण द्वन्द्वको उँधोभुमरीमा जाकिएको छ ।" (घिमिरे : २०६६, ११)

मान्छेलाई विभेद गर्ने जात लगायतका तुच्छ बिल्लाको दिवारमा नखुम्चिएर फराकिलो छाती बनाएको खण्डमा मात्र र सह-अस्तित्त्वलाई आत्मसात गरेर अगाडि बढेको खण्डमा मात्र आजको समस्याबाट छुटकारा पाउन सकिने कुरालाई घिमिरे जोडतोडका साथ प्रस्तुत गर्छन् । पुर्खाले सुम्पेको नेपाललाई जाकिनबाट जोगिने उपाय सुझाउन पुग्छन् ।

आफ्नो जन्मथलो मन्थली त्यसको प्राकृतिक, भौगोलिक उपस्थिति बाल्यकालका संस्मरणहरूलाई कोर्दै पिताको जागिरसँगै पुगेका जलेश्वर, सल्यान जनकपुर, काठमाडौं आदि ठाउँको बाल्यवयका, किशोरावस्थाका अनुभूतिहरूको संस्मरणलाई उल्लेख गर्दै घिमिरेको यात्रा अगाडि बढ्छ उनको लेखनमा । आफ्नो वंश, परिवारको नालीवेलीको चित्र अगाडि आउँछ । जब अन्तर्मनको यात्राका पानाहरू अगाडि बढ्छन् नेपाली परिवेश पाठकको हृदयमा अङ्कित हुन पुग्छन् । घर, गोठ, टहरा, पाटीपौवा, भूमि-पहाड, वन-वनस्पति, खोला, खोल्सा, बादल-आकाश जस्ता प्राकृतिक कृत्रिम छटाहरू अगाडि आउँछन् एकातिर भने त्यसैसँग रमाउँदै भारी बोकेर जीवनयापन गर्नुपर्ने आमनेपाली परिवेशलाई पनि चित्रण गर्न पुगेको पाइन्छ ।

योग्यता के हो ? भन्ने विषयमा घिमिरे स्मरण योग्य भनाइ उल्लेख गर्न पुग्छन् र भन्छन् "नियमित पढाइको अन्तिम लक्ष प्रमाणपत्र हो । पढाइले प्रमाणपत्र दिन्छ । प्रमाणपत्रले गेटपास । गेटपास जति चम्किलो भयो मौका पर्दा उति गतिलो ठाउँ जुर्छ, गतिलो जीविका जुर्छ । नामी संस्थाको प्रमाणपत्र पनि योग्यताको कसी हुँदैन । तर त्यसले त्यो भान भने पार्छ । योग्यता मान्छेमा हुन्छ ; कागतको टुक्रामा होइन । योग्यता न गेटपासले पुऱ्याएको ठाउँले न गुरुले वा अरू कसैले दिन्छ । राम्रा गुरुले

राम्रो वातावरण, राम्रो पढाइ, राम्रो स्रोत र राम्रो बाटो देखाउन सम्म सक्छन् । योग्यता रगत-पसिना बगाएर आफैले मात्र आर्जन गर्ने कुरा हो । आफ्नू योग्यता बनाउने वा बिगार्ने आफूले मात्रै हो । विवेक र परिश्रमको कत्रो भाँडो बोकेर कति योग्यता र क्षमता ओसार्ने हो र कसरी उच्चतम उपयोग गर्ने हो, त्यो आफ्नै भित्री मनको प्राथमिकता र प्रतिवद्वतामा भर पर्दछ । कुनै पनि स्कुल, कलेज, विश्वविद्यालयले जीवनको शिक्षा दिँदैनन् । त्यो जीवनको पाठशालाले मात्र दिन्छ । डिग्री भनेको नक्कली दाँत जस्तै हो, हुँदा राम्रो हुन्छ ।'' (घिमिरे : २०६६, ३४) ''जीवनको सबभन्दा ठूलो गुरु जीवनको यथार्थता हो ।'' ( घिमिरे : २०६६, ३६)

आत्मालाप भनेको आफैँसितको गफ हो । जगदीश आफ्नो वाल्यकालसँग गफ गर्छन्, बाल्यकालका सम्झनासित गफ गर्छन्, सखीहरूको सम्झना गर्छन् । आफ्नो दुःसाध्य रोगसित गफ गर्छन् । आफ्नो स्वास्थ्यसित गफ गर्छन् । उखान टुक्काको शैलीमा वाणी बोलेकाछन् । व्यङ्ग्यको भाव बोलेका छन् अन्तर्मनको यात्रा नामक आत्मालापमा जसलाई उनकै शब्दमा उल्लेख गर्न सकिन्छ जस्तैः- 'रोग नलागी स्वास्थ्य चिनिँदैन'/ 'सुखको खोजी दुःखको प्राप्ति हो ।' दुःख मूल प्रवाह हो, सुख अपवाद 'जीवन असन्तोष हो ।' 'मान्छे जति ठूलो आसन सिंहासनमा बसे पनि आखिर बस्ने त आफ्नै पिंधमा हो ।' 'अवसरले कसैलाई खोज्दैन, अवसरलाई आफैंले खोज्नु पर्छ ।'

आत्मालाप गर्दा विगतलाई सम्झन पुग्छन् । वि.सं. २०२२ सालतिर मनु ब्राजाकी र आफू भएर खोलेको 'कम्युनिस्ट समाज' भन्ने सङ्गठन जुन पार्टी नभै समाज हो ; जसको उद्देश्य वर्गविहीनता भएको कुरा लेखक उल्लेख गर्न पुग्छन् र नेपालमा खान, बोल्न पाइने परिपाटीको स्थापना गर्नुपर्छ भन्ने ठानेर राजनीतिक यात्रा सुरु गरेको, पछि त्यसबाट छुटकारा लिएको, बाध्यताले वि.सं. २०४६ पछि

नेपाली काङ्ग्रेसको सदस्य भएको कुरा आफ्नो आत्मालापमा जगदीशले उल्लेख गरेका छन् ।

जीवन जिउँने क्रममा पत्रकारिता गर्नुपरेको जागिरे जीवन व्यतित गर्नुपरेको र साहित्यमा मन फुकुन्जेल लागेर साहित्य यात्रा गर्न नपाएकोमा उनलाई विस्मात् छ । त्यहि तल्तल् मेटाउनकै लागि पनि होला बिरामीले थलिएर औंलाले कलम समेत नसमाउने अवस्थामा काखे कम्प्युटर (ल्यापटप) को युनिकोडको सहायताले अन्तर्मनको यात्राको रचना गर्न पुग्छन् ।

साहित्य जस्तै जगदीशको रुचिको अर्को क्षेत्र हो **समाजसेवा ।** समाजसेवालाई गति दिनकै लागि जन्मथलो रामेछापको मन्थलीमा पत्नी दुर्गा घिमिरे र आफू भएर स्थानीय साथीहरूसँग मिलेर वि.सं २०३९ सालमा तामाकोसी सेवा समिति नामक गैह्र सरकारी संस्था खोलेको र त्यसले सीमान्तकृत जनताको सेवामा खानेपानी आयोजना, पानीबन्द चर्पी अभियान, सिँचाइ, तरकारी, फलफूल खेती, डालेघाँस खेती, बचत तथा ऋण सहकारी संस्था, स्वास्थ्य संस्था, शिक्षण संस्था आदिको स्थापना गरेर स्वनिर्भर सामुदायिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको कुरालाई कलात्मक ढंगले सरल र सुबोध शैलीमा उल्लेख गरिएको छ । सीमान्तकृत समुदायको सेवामा स्वनिर्भर सामुदायिक विकासको नेतृत्व गरिरहेको तासेस जसले आर्थिक वर्ष २०६६/६७ सम्मको यात्रामा निम्न कार्य गरेको कुरा तासेसको वार्षिक प्रतिवेदन ०६६/६७ ले निम्नअनुसार प्रस्तुत गरेको देखिन्छ :

**क. बचत तथा ऋण कार्यक्रम**

तासेसद्वारा २०५४ सालमा सञ्चालित सहकारी आन्दोलनको क्रममा २० गाविसमा ५८ वटा बचत तथा ऋण सहकारी संस्थाहरू स्थापित भई सञ्चालित छन् । सहकारी संस्थाको रूपमा दर्ता हुनुअघि अनौपचारिक बचत तथा ऋण समूहको रूपमा सञ्चालित थिए । सहकारी संस्थाको अतिरिक्त १० गाविसमा २६ वटा महिला

बचत समूह तथा ६ गाविसमा १७ वटा दलित बचत समूह सञ्चालित छन् । यी सम्पूर्ण १०१ बचत संस्था एवम् समूहहरूमा ७,५०० भन्दा बढी सहस्यहरू छन् । यी बचत संस्था तथा समूहहरूको संस्थागत क्षमता विकास तथा स्वसञ्चालनका लागि तासेसले प्राविधिक सहयोग गरेको छ ।

उपरोक्त ५८ वटा सहकारी संस्थाहरूमध्ये मूलतः तासेसका कर्मचारी एवम् कार्यकर्ताहरूको सहभागितामा २०५४ सालमा सदरमुकाम मन्थलीमा स्थापित मन्थली बचत तथा ऋण सहकारी संस्थामा २०६७ आषाढ सम्ममा ४,६६८ सदस्य छन्, शेयर-बचत गरेर रू. २१ करोड सङ्कलित छ तथा कुल सम्पत्ति रू. २४ करोड नाघेको छ । आ.व. २०६६/६७ मा मन्थली सहकारीले रू. ३ करोड २१ लाख आम्दानी गरी खुद मुनाफा रू. ४४ लाख १३ हजार गरेको छ । आ.व. २०६६/६७ मा मन्थली सहकारीले तामाकोसी सहकारी अस्पताल सञ्चालनका लागि रू. २७ लाख ३० हजार सहयोग गरेको छ । साथै उक्त वर्ष मन्थली सहकारीले अस्पतालमा आधुनिक अपरेसन थिएटर निर्माणका लागि रू. २० लाख सहयोग गरेको देखिन्छ ।

**ख. एड्स तथा प्रजनन स्वास्थ्य शिक्षाः**

पन्ध्र माध्यमिक विद्यालयहरूमा हप्तामा एउटाको दरले ९ महिनासम्म १ घण्टे एड्स तथा प्रजनन स्वास्थ्य शिक्षा सञ्चालन गरी १६ हजारभन्दा बढी किशोरकिशोरीलाई शिक्षा प्रदान गरेको देखिन्छ ।

**ग. स्वास्थ्य सेवा/अस्पताल सञ्चालन**

सामुदायिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिने क्रममा २०४२ सालमा मन्थलीमा स्थापित सामान्य स्वास्थ्य केन्द्र २०६४ सालमा आइपुग्दा १५ शैयाको तामाकोसी सहकारी अस्पतालका रूपमा विकसित भई सञ्चालित छ । तामाकोसी सहकारी अस्पतालमा दैनिक नियमित एवम् आकस्मिक विरामी जाँच-उपचार, अन्तरङ्ग एवम् बहिरङ्ग सेवा, प्रजनन स्वास्थ्य तथा परिवार नियोजन सेवा,

मातृशिशु, प्याथोलोजि, अल्ट्रासाउण्ड, ए-क्सरे, इसीजी, प्राथमिक दाँत उपचार, प्राथमिक आँखा उपचार, औषधी विक्री तथा एम्बुलेन्स आदि सेवाहरू उपलब्ध छन् ।

**घ. खानेपानी तथा साना सिँचाई**

तासेसले हालसम्म २८ गाविसमा स्थानीय समुदायको सहयोगमा १८४ वटा ग्राभिटी खानेपानी योजनाहरू निर्माण गरेको छ । यसमध्ये १२६ योजना वर्ल्ड नेबर्स क्यानडा तथा ३ योजना फण्ड बोर्डको सहयोगमा निर्माण भएका छन् । यस योजनाहरूबाट ४,४०० परिवार (३४,५०० भन्दा बढी जनता) प्रत्यक्ष रूपमा लाभान्वित भई घरदैलोमा खानेपानी सुविधा पाएका छन् । घरदैलोमा व्यवस्थित पानीको सुविधाले गर्दा विशेष गरी महिलाहरूको स्वास्थ्यमा धेरै सुधार भएको छ । वर्ल्ड नेबर्स क्यानडाको सहयोगमा विगतका आकाशे पानी कार्यक्रम अन्तर्गत ७ गाविसका १४४ घरधुरीमा प्रति २,००० लिटरका १४४ आकाशे पानी सङ्कलन ट्याङ्की निर्माण भएका छन् ।

साथै तासेसले समुदायको सहभागितामा ४९ वटा साना सिँचाई योजनाहरू (ग्राभिटी, पोखरी र कूलो सिँचाई) निर्माण गरेको छ । यसमध्ये ४२ योजना डानिडा, ३ योजना एपीपीएसपी तथा ४ योजना लिलि/हेल्भेटासको सहयोगमा निर्माण भएको छ । यी योजनाहरूबाट १,००० भन्दा बढी किसान परिवार प्रत्यक्ष लाभान्वित भएका छन् । यसबाट कृषक परिवारलाई आफ्नो खेतवारीमा वर्षैभरी खाद्यान्न उत्पादन गर्न सिँचाई सुविधा पुगेको छ । साथै सिँचाई सुविधाको कारण मौसमी तथा बेमौसमी तरकारी उत्पादन तथा विक्रीबाट अतिरिक्त आम्दानी समेत गरेका छन् ।

**ङ. आँखा केन्द्र तथा स्वास्थ्य शिविर**

तिलगङ्गा आँखा केन्द्रले तासेसको अस्पताल मन्थलीमा विगत १० वर्षदेखि प्राथमिक आँखा केन्द्र सञ्चालन गरेको छ । उक्त केन्द्रको सहयोगमा मन्थलीमा सञ्चालित आँखा शिविरमा हालसम्म ९,५०० भन्दा बढीले प्राथमिक उपचार

पाइसकेका छन् र करिव २,२०० जनाले मोतिविन्दु निःशुल्क शल्यक्रिया गरी आँखामा विश्वस्तरीय लेन्स राखी नयाँ दृष्टि पाएका छन् ।

विगत ७ वर्षदेखि तासेस, मन्थली सहकारी, जिविस, आरएचडिपि, नेपाल रेडक्रस सोसाइटी लगायत संस्थाको सहयोगमा तासेसको अस्पताल मन्थलीमा सर्जन डाक्टरको टोलीबाट सञ्चालित प्रजनन स्वास्थ्य शिविरमा करिव १,७०० जनाको प्रजनन स्वास्थ्य जाँच तथा करिव ३०० जना महिलाहरूको निःशुल्क पाठेघरको शल्यक्रिया सम्पन्न भएको छ ।

**च. सरसफाई प्रवर्द्धन तथा चर्पी निर्माण**

गत दश वर्षमा तासेसले १७,००० भन्दा बढी परिवारलाई घरायसी पानीबन्द चर्पी निर्माण गर्न सहयोग गरेको छ । तासेसले चर्पी निर्माणका लागि प्रति परिवार रू. ८०० बराबरको प्यान-पाइप सहयोग गरेको छ । घरायसी चर्पी निर्माण तथा प्रयोगबाट व्यक्तिगत स्वास्थ्यमा सुधार हुनाका साथै घर पायक व्यवस्थित चर्पी हुनका कारणले विशेष गरी महिला, गर्भवती, अशक्त, बृद्ध तथा बाल बालिकाका लागि धेरै सुविधा भएको छ । (**तासेसको वार्षिक प्रतिवेदनको सार-सङ्क्षेप आ.व. २०६६/६७ बाट**)

सामुदायिक विकास जस्तो पवित्र कार्यमा पनि त्यसलाई नपचाउनेहरूबाट विविध किसिमका अवरोध पुऱ्याउने चेष्टालाई जगदीशको सक्षम र बुद्धिमत्तापूर्ण नेतृत्वको रश्मीले सफलतामा पुऱ्याएको कुरालाई उनले यथार्थ रूपमा प्रस्तुत गरेका छन् ।

नेपाली राजनीतिमा देखा पर्ने नातावाद, कृपावाद चाकरी प्रथाका उनी कट्टर बिरोधीका रूपमा देखा पर्दछन् । राजनीतिको रोगको रूपमा रहेको खुट्टा तान्ने प्रवृत्तिले नेपाललाई आजको दुर्दशामा पुऱ्याएको कुरालाई जगदीशले सोझै प्रहार गरेका छन् ।

साहित्यले नेपाली साहित्यकारलाई पाल्न नसकेको यथार्थबाट गुज्रँदै आफू विभिन्न संस्थाहरूमा जागिरको रूपमा रहन पुगेको त्यसबाट आफ्नू जीविका सहज भएको तर साहित्यसेवामा लाग्ने अभिलाषालाई दख्खल पुऱ्याएको कुरा स्वीकार्छन् तर वर्ल्ड नेबर्स अमेरीका जस्ता संस्थामा गरेको समाजसेवाको अनुभवले आफ्नो सामुदायिक विकास प्रयासमा सहयोग पुगेको अनुभव लेख्छन् प्रस्तुत कृतिमा उनी ।

फोहरको थुप्रो उधिँनेर जीवन चलाउने बालबालाहरूको मुहारको खुसीले जागिर छाडेर साहित्य र समाजसेवामा लाग्ने प्रेरणा मिलेको तथ्य प्रकट गर्ने लेखक घिमिरे खुसी भनेको आफू भित्रैबाट प्रकट हुने कुरा हो नकि अन्य कुनै बाहिरी पदार्थबाट भन्ने दर्शन प्रस्तुत गर्दै आफ्नो खुसी के गर्दा बृद्धि हुन्छ भन्ने कुरा व्यक्ति स्वयंले निर्धारण गर्ने कुरा हो भन्ने धारणा प्रस्तुत गर्दछन् ।

संस्थाको सु-सञ्चालनमा त्यहाँ कार्यरत व्यक्तिहरूको लगन, काम गर्ने वातावरण निर्माणमा नेतृत्वको भूमिका महत्त्वपूर्ण हुने व्यवस्थापनमा गहनता ल्याउन कार्यकर्ताहरूको महत्त्वपूर्ण जिम्मेवारी हुने यथार्थतालाई कृतिमा चर्चा गर्दछन् । चाहे तालुकवाला होउन् वा मातहतवाला सबैको एकत्रित सहयोग भएन भने संस्था सञ्चालनमा बाधा पुग्न जाने सत्यलाई उद्घाटन गर्न पुग्छन् ।

देशको राजनीतिको कुरा गर्दै पञ्चायतकालीन समयमा कण्डमको विज्ञापन गर्न पनि दरबारको (राजाको) स्वीकृति लिनुपर्ने कुरालाई उल्लेख गर्दै त्यति वेलाको नेपाली राजनीति कति निरङ्कुश ढङ्गले चलेको थियो भन्ने दृष्टान्त प्रस्तुत कृतिमा उल्लेख गर्न पुग्दछन् ।

जनआन्दोलन २०४६ पछि पनि नेपाली राजनीतिले जनचाहना पूरा गर्न नसकेको, नातावाद कृपावादमा रुमल्लिएको, व्यक्तिगत स्वार्थबाट सङ्कुचित भएको अथवा नेपाली काङ्ग्रेस (जुन पार्टी) मा लेखक स्वयम् सामेल थिए त्यो पार्टी प्राइभेट लिमिटेड भएको कुरालाई सोझै प्रस्तुत गर्दछन् ।

झारफुकदेखि आधुनिक स्वास्थ्य विज्ञान (किमोथेरापी) सम्मको औषधोपचारबाट आफूले स्वास्थ्यलाभ गर्ने प्रयत्न गर्नुले विश्वास नभएपनि परिस्थितिको दास बन्न मान्छे वाध्य हुन्छ भन्ने तथ्य औंल्याउन खोजेका छन् । त्यसैले प्रस्तुत कृतिमा परम्परा र आधुनिकताको मेल भेट्टाउन सकिन्छ ।

मान्छेलाई वास्तविकरूपमा बुझ्न र चिन्न झ्वाट्ट हेर्दा देखिने बाहिरी बोक्रो वा भाव सामान्य बानीबेहोरा वा स्वभाव र मान्छेको सक्कली गुदी वा स्ववास्तविकताको संयोगलाई चिन्नु पर्दछ । त्यो नै उसको पूर्ण व्यक्तित्वको पहिचान हुन्छ भन्दै मान्छेमा देखिने समस्या, समस्या हुँदैन । समस्या मान्छेमा हुन्छ । समस्या मान्छेको अहङ्कार, मूर्खता र स्वार्थमा हुन्छ । समस्या तव हुन्छ जब मान्छेले आफ्नो समस्या आफूमा होइन अरूमा देख्छ । समस्या तव हुन्छ जब मान्छेको समस्या हेर्ने दृष्टि नै समस्या हुन्छ । समस्या तव हुन्छ जब मान्छेले आफू मात्र जान्ने छु भनी ठान्छ । अनि त्यसको समाधान हुँदैन । यसरी व्यक्ति के हो भन्ने कुरालाई अगाडि बढाउँदै उसका कमजोरी औँल्याउने कार्यमा घिमिरे यथार्थ तथ्यलाई प्रस्तुत गर्दछन् र आफ्नो मुख छुचो भएको कुरालाई कमजोरीको रूपमा स्वीकार गर्न पुग्दछन् ।

व्यापारी, राजनीतिज्ञ, डाक्टर, इन्जिनियर वकिल आदिको स्वभाव एवम् धनधर्मिता र मनधर्मिता  बीच तुलना गर्दै पैसाले सबैलाई चिन्छ र धेरैलाई किन्छ भन्ने दृष्टिकोण प्रस्तुत गर्दै आफ्नो स्ववास्तविकताले दृष्टि दिएको जसले गर्दा देखेको, लेखेको र गरेको कुरा गर्छन् । देखेको, लेखेको साहित्य र गरेको सामुदायिक विकासलाई दृष्टिका दुई अभिव्यक्ति ठान्दै आफ्नो जीवन त्यहि हो भन्न पुग्छन् ।

असक्तलाई सशक्त बन्न टेवा दिने मिसनका साथ स्वनिर्भर सामुदायिक विकास गर्ने उद्देश्यले तामाकोसी सेवा समिति स्थापना गरेर जीवनलाई सीमान्तकृत समुदायको सेवामा लगाउने नेपाली साहित्यको श्रीवृद्धिमा जीवन देख्ने घिमिरे पूर्वीय र पाश्चात्य दर्शनको संयोजन गर्न पुग्छन्, आफ्नो लेखनमा ।

बाग्मती नदी र काठमाडौँ उपत्यकाको प्रदुषण जस्तै नेपालको राजनीतिको प्रदुषणलाई समेत छुटाउँदैनन् आफ्नो लेखनमा घिमिरे । राजनीति राम्रो नभएसम्म देश उँभोनलाग्ने ठान्ने घिमिरे वातावरण राम्रो नभए जीवनको अस्तित्त्व सङ्कटमा पर्ने बताउँछन् । यसरी उनको लेखनमा वातावरणीय प्रदुषण र राजनीतिक प्रदुषण उपस्थित हुन पुगेका छन् । राजनीतिलाई पद र पैसाको माध्यम बनाइएकोमा तिव्र आक्रोश व्यक्त गर्दै यस्तो प्रवृत्तिले देश उँभो नलागेकोमा चिन्ता प्रकट गर्दछन् ।

समस्यालाई बेलैमा नचिन्ने, नदेख्ने सत्तान्धहरूको बेलीविस्तार, जनयुद्धको सेरोफेरोलाई आफ्नो लेखनको विषयवस्तुमा समेट्ने लेखकले गरेका सामुदायिक विकासको प्रयत्नले प्राप्त गरेको **आशाको प्रतिबिम्ब** पुरस्कारसँगै माइलोमा रोगको पुरस्कारलाई युनिकोडको माध्ययमले काखे कम्प्युटर मार्फत पूरा गर्छन र यो कृति पाठक सामु उपस्थित हुन्छ ।

विदेशीहरू, विशेष गरी बेलायती (फिरिङ्गी) ले नेपालीप्रति गर्ने दुर्व्यवहार र नेपालीले उनीहरू प्रति दर्शाउने प्रभुभक्तिप्रति पनि घिमिरेले यथोचित स्थान आफ्नो लेखनमा दिँदै उनीहरूको हेपाहा प्रवृत्तिलाई प्रहार गरेका छन् ।

परिवार सुखको आधार हो भन्दै लेखक बोल्छन् जसले निर्धोभएको वेला वा विपत्तिमा मद्दत गर्छ, माया गर्छ, सुख दिन्छ, त्यही बान्धव अनि साँचो परिवार हो । दम्पती, सन्ततिको व्याख्या उनी यसै प्रसङ्गमा गर्छन् र सन्ततिका उन्नतिका लागि उनीहरू आफैँ जिम्मेवार हुन्छन् भन्ने धारणा राख्दै पितृले त वातावरण मिलाउने कार्य गर्नेसम्म मात्र हो भन्छन् ।

स्वास्थ्यलाई आफ्नो सर्वस्व ठान्ने लेखक बिरामी भएपछि सबै चिज सकिएको अनुभूति गर्छन् । स्वास्थ्यको विषयमा विशेष चनाखो रहँदारहँदै पनि आफू माइलोमाको सिकार हुनुपरेकोमा पीडावोध देखिन्छ भने स्वास्थ्यप्रति चासो नराख्नेहरू पनि दीर्घजीवी बनेको विसङ्गत यथार्थता उनको लेखनमा पाइन्छ ।

धर्म, अर्थ, काम, मोक्ष जस्ता पूर्वीय दर्शनका मान्यतालाई उनी छुटाउँदैनन् र त्यहाँ भएका सनातनी मान्यताहरू उल्लेख गर्दै विसङ्गतिको पटाक्षेप गर्छन् । विश्वमा अस्तित्त्वमा रहेका धर्महरूको विषयमा टिप्पणी गर्छन् र गर्छन् आफ्नै दर्शनको विस्तार ।

समयकै सेरोफेरोमा यावत जीव जगत् बिलाउँछन् । समय जीवन । समय मृत्यु । नाम मात्र फरक सबै समय हो । यो भन्दा अर्को केही छैन भए भ्रम मात्र भन्ने उच्चकोटीको दार्शनिक चिन्तन अन्तर्मनको यात्रामा उनिएको पाइन्छ । अन्तमा उनी जन्मथलो मन्थलीको सेरोफेरोमै आफ्नो अन्त्येष्टि पछिको खरानी छरियोस् भन्ने इच्छा प्रकट गर्दै आफ्नो अन्तर्मनको यात्रालाई टुग्याउँछन्, यसरी -

"मेरा स्वजनहरू, मेरो जीवनरूपी काँको पाकिसकेको छ । यसलाई सिक लगाएर खल्पी हाल्न नसाँच । मलाई पाकेको काँको जस्तै सबै बन्धनहरू चुँडाएर फुत्रुक्क झर्न र बिलाउन सघाऊ । मेरो अमृत त्यही हो, मेरो मुक्ति त्यही हो । मलाई पराल, सिन्की, गुन्द्रुक, खल्पी भएर बाँच्न बाध्य नपार ।" (घिमिरे : २०६६, २९४)

"मेरो जीवन काठमाडौंको फोहोरमा बित्यो भन्दा हुन्छ । मेरा खरानी मेरा पुर्खाको थलो, मेरा स्वजन कुनाउरीका माझी, मझिनीहरू र म लगायत सबैको साझा, तामाकोसी र सुकाजोर खोलाको सफा दोभानमा बगाइदेऊ । यो मेरो भावनाले भनेको हो । तर्क भन्छ, खरानी छरेर तामाकोसीको सफा पानी नधमिल्याऊ । मेरो खरानी मन्थलीको कुनै पनि पाखामा छरिदिए हुन्छ ।" (घिमिरे : २०६६, २९४)

आफ्नो जीवनले देखेका, भोगेका, गरेका, गुनेका, चिनेका वा दिमागले समेटेका अनुभूति र अनुभवहरूलाई साहित्यको माध्यमबाट पाठकसामु प्रस्तुत गर्ने बहुमुखी प्रतिभाका धनी जगदीशको अन्तर्मनको यात्रा जीवन, राजनीति, दर्शन, विकास,

स्वास्थ्य, समाज (पूर्व-पश्चिम), परम्परा, आधुनिकता, आदि वहुआयामिक विषयवस्तुलाई समेट्दै नेपाली साहित्यको श्रीबृद्धिका लागि साहित्यिक ढुकुटीमा थपिन आएको छ जसले साहित्यको माध्यमबाट जीवन र जगतलाई उधिँनेको छ वा भनौं साहित्य जीवनसँग जोडिएर आएको छ । त्यसैले जीवन्तछ; अमरत्व प्राप्ति गरेको छ ।

## ४.३. **अन्तर्मनको यात्रा**मा राष्ट्रप्रेम

कुनै व्यक्तिले राष्ट्रप्रति गरेको योगदानले राष्ट्रप्रेमलाई जनाउँछ । जसलाई अर्को शब्दमा देशभक्ति वा मातृभूमि प्रेम पनि भन्ने गरिन्छ । राष्ट्र वा देशबाट के लिने ? नभनेर देशका लागि के दिन सकिन्छ ? भनेर आफ्नो जीवनलाई राष्ट्रप्रति समर्पण गर्नुले राष्ट्रप्रेमलाई उजिल्याएको हुन्छ ।

जगदीश घिमिरेको जीवनरूपी रथको महत्त्वपूर्ण पाङ्ग्रा हुन् **साहित्यसेवा र समाजसेवा** । आफ्नो जीवनको उद्देश्य भनेकै साहित्य सिर्जना र समाजसेवालाई मान्ने घिमिरेको जीवनयात्राको दस्तावेजको रूपमा देखा परेको र नेपाली साहित्यको ढुकुटीमा थपिन आइपुगेको अन्तर्मनको यात्रा' कृतिमा राष्ट्रप्रेमले ओतप्रोत भावनाहरू छताछुल्ल पोखिन वा सङ्ग्रहित हुन आइपुगेका छन् ।

आफ्नो जीवनको १९,२० वर्षको कलिलो उमेरदेखि नै नेपाली साहित्यको सिर्जनामा लागेका घिमिरेका साहित्यहरू मानव जीवनसँग प्रत्यक्ष जोडिन पुगेका छन् । उनका कृतिहरू जीवनबाट पर रहेर बकबकाइ गर्ने शब्द थुपारिएका शब्दगुच्छा भन्दा भिन्नै देखिन्छन् । जीवनसँग नजोडिएको, जगतलाई सम्बोधन नगरिएको साहित्य, साहित्य होइन भन्ने मान्यता राख्ने घिमिरे आफ्नो कृति 'अन्तर्मनको यात्रा' मा नेपाली जीवन र समाजलाई यथार्थरूपमा परिचित गराउन पुगेका छन् । नेपाली समाजको आर्थिक दुरावस्थाको चित्रण, राजनीतिक विसङ्गतिको पटाक्षेप अनि नेपाली

प्रकृति एवम् वातावरण (विशेष गरी काठमाडौंको प्रदुषण वा बाग्मती नदीको प्रदुषण) को चित्रण आदि किन नहुन् सबैपक्षमा नेपाली परिवेशको प्रस्तुतीकरणले उक्त तथ्यलाई उजागर गर्न पुगेका  छन् ।

आफ्ना कमजोरी लुकाएर बडप्पनको फूर्तिमात्र देखाउन खोज्ने आजको समाजमा प्रस्ट एवम् सोझो र यथार्थता व्यक्त गर्न रुचाउने घिमिरेले भएभरका यथार्थतालाई बाहिर ल्याउने चेष्टा गरेका छन्, प्रस्तुत कृतिमा । त्यसै भएर नै आम नेपाली समाजमा प्रचलित 'मनको बह कसैलाई नकह' लाई विनिर्माण गर्दै 'मनको बह सबैलाई कह' भन्छन् र लेख्छन् आफ्नो सम्पूर्ण जीवनवृत्त । जहाँ उनी नलुकाई आफू छुचो भएको कुरा समेत प्रस्तुत गर्न पुग्छन् । आज उनलाई त्यस्तो छुचो भएकोमा पश्चताप छ ।

आजको नेपाली समाज जातीय विभाजनमा हुँडलिएकोमा चिन्ता प्रकट गर्छन् र समाज विघटनबाट बचाउन र सहअस्तित्त्वका लागि स्ववास्तविकता लाई औंल्याउँदै सबै नेपालीको साझा घर नेपाललाई बनाउनु पर्दछ । एक आपसमा मिलेर नेपाल आमालाई फूलाउनु र स्याहार गर्नुपर्दछ यसैमा सबैको कल्याण छ । आखिर सबैको जरा नेपालमै फैलिएर हामी सबै टिकेका छौँ, भन्ने यथार्थ दृष्टिकोण प्रस्तुत गर्न पुग्छन् । आफ्नो मातृभूमिको द्वन्द्वको स्थितिप्रति उनी चिन्ता प्रकट गर्छन् र त्यसलाई जोगाउने र प्रगतिपथतर्फ लम्काउने उपाय सुझाँउछन् र आफ्नू टिप्पणीलाई छापाहरूमा लेख्न थालेको तथ्य यसरी उल्लेख गर्छन् -

"२०४६ मा पञ्चायती कुशासनका विरद्ध जनआन्दोलन गरेर आएका लोकतान्त्रिक सरकारहरूले पनि उस्तै वा अझ निकृष्ट काम गर्न थालेपछि तिनको विरोधमा मैले साप्ताहिक छापाहरूमा राजनीतिक टिप्पणी लेख्न थालेको थिएँ; पहिले देशान्तर र पछि विमर्शमा । विरोधमा चूँ गर्नु पनि खतरा हुने पञ्चायती व्यवस्थामा हुर्केको मेरो लेखकलाई त्यस्ता लेखहरू लेख्न खुब मजा लाग्यो । केही समय म

त्यसमा भुलें । कुनै बेला आफ्ना आलोचकहरूलाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भनेका छन् - "म गैंडाको छाला हुँ, मलाई कुनै आलोचनाले छुँदैन ।" उनले मेरा आँखा खोलिदिएका हुन् । जब मैले बुझें - सत्तान्धहरूलाई आलोचनात्मक टिप्पणीहरू गैंडालाई लुगा सिउने सियोले घोचेको जस्तो मात्र प्रभावहीन हुँदो रहेछ, म कलम थन्क्याएर बसेको थिएँ ।" (घिमिरे : २०६६, १७०)

"२०५७ सालसम्ममा जनयुद्ध सञ्चालनमा माओवादीको चरम आक्रामक क्षमता र सबै कानै चिरिएका जोगी सरकारहरूको त्यसलाई सम्बोधन गर्ने चरम अक्षमता देखेपछि मलाई पोल्न थाल्यो । मैले गर्न सक्ने केही थिएन । तर मसँग जे थियो कलम थियो । त्यही बेला मलाई कृष्णमुरारी भण्डारीले नेपालमा स्तम्भ लेख्न आग्रह गरे । मैले थन्क्याएको कलम झिकेर 'चेतना भया' स्तम्भ लेख्न थालें । मेरो लक्ष्य जनयुद्ध सम्बोधन गर्ने तत्कालीन सरकारहरूको अक्षमता र माओवादीको क्षमताको विश्लेषण गर्नु थियो ।" ( घिमिरे : २०६६, १७०)

दुःसाध्य रोगबाट थलिएर अस्पतालको शय्यामा सुलीनलीले जेलिएर जीवन प्रत्याशा सँगालिरहेको अवस्थामा समेत नेपाली साहित्यको बगैंचामा एक थुङ्गा फूल (अन्तर्मनको यात्रा) फुलाएर चम्काउने जगदीशको राष्ट्रप्रेम साहित्यसेवा मार्फत झल्किएको छ । सामान्य मान्छे मृत्युको सामान्य आभासमा समेत दानदक्षिणा गर्ने र परलोकका लागि सातु- सामल जोहो गर्ने तर्फ लाग्दछन् भने जगदीश लाग्छन् कम्प्युटरको युनिकोड थिच्न र नेपाली साहित्यको ढुकुटीमा योगदान पुऱ्याउन । धन्य छ उनको आत्मबल धन्य उनको साहित्य प्रेम अनि राष्ट्रप्रेम ।

साहित्यमा उनी आफ्ना अग्रजहरू अग्रज साहित्यकारहरू जसले नेपालीपनलाई माया गरे जसका साहित्यमा नेपाली माटोको सुवास पाए तिनीहरूप्रति कृतज्ञ छन् । आफूपूर्वका होउन वा समकालिन सम्पूर्ण साहित्यसेवीको मुक्तकण्ठले प्रशंसा गर्न

पुग्दछन् । अनि आफ्नो कृतिमा पूर्वीय दर्शन र नेपाली साहित्य फाँटका अविस्मरणीय र सम्मानित व्यक्तित्वका कृतिहरूबाट उल्लेख्य मात्रामा भनाइहरू साभार गर्दै नेपालीपनको, नेपालीमनको भकारीलाई आम पाठक समक्ष पुऱ्याउनु आफ्नो कर्तव्य ठान्छन् । लेखनाथ, देवकोटा आदि अग्रजहरूप्रति सम्मान प्रकट गर्दै उनीहरूको लेखन अंशलाई प्रस्तुत अन्तर्मनको यात्रामा समेट्न पुग्दछन, यसरी :

माटो हो हुनता तथापि गहिरा आँखा हुने सज्जन ।
दाना सुन्दर स्वर्णका झलझली देख्लान् गुडेका कण ॥
जो आयो तर वर्षिई घनघटा कालो-निलोबाट यो ।
जो जो ल्याउँछ सो बिनी बिनिलिने सौजन्यको सौख हो ॥ (घिमिरे : २०६६, ५)

(सिर्जनामा प्राण हुन्छ भन्ने प्रसङ्गमा, देवकोटाको शाकुन्तलबाट)

के हो अहो अमृत त्यो सुरदेव पान ?
सच्चा कमाई गरि खानु भनेर जान ॥ (घिमिरे : २०६६, २२८)

(आधारभूत आवश्यकताको परिपूर्ति प्रसङ्गमा देवकोटा)

फुल्दो गुलाबबिच ज्ञान अनेक फुल्छन् ।
उद्यानमा बस गई सब तत्त्व खुल्छन् ॥ (घिमिरे : २०६६, १४१)

(प्रकृति ज्ञानको असीमित भण्डार हो भन्ने प्रसङ्गमा देवकोटा)

जस्तो मानी-धनीका नगिच हरघडी टप्प जोडेर हात ।
छाती खोलेर गर्छौ हृदय बुझि सदा नम्रता-साथ बात ॥
दुःखीका साथ उस्तै विनयसित सदा मर्म सम्झेर बोल ।
गर्नै पर्दैन फेरि व्रत, जप, तपले स्वर्गको मोलतोल । (घिमिरे : २०६६, १३८)

- लेखनाथ

(घिमिरेद्वारा तासेसको अक्षयकोष प्रसङ्गमा उल्लेख)

समय र जीवन सम्बन्धी आफ्नो धारणालाई घिमिरे लेखनाथका निम्न पद्यांशबाट उद्यृत गर्छन् :

भर्दाभर्दै हजारौँ विषय-सुख-घडा देह लम्तन्न पर्दा ।
झर्दा सम्पूर्ण सेखी, तुजुक, पवनले निस्कने जोड गर्दा ॥
सर्दा आपस्त डर्दै पर पर धमिलो नाचको अन्त्य पर्दा ।
गिर्दामा साथ जाने कुन कुन चिज हुन् ? सम्झ ती काम गर्दा ॥ (घिमिरे : २०६६, २८८)

- लेखनाथ

यो छाला, हाड, मासु, रगतहरू सबै देखिने बाह्य बोको ॥
त्यो बोकाभित्र अर्को अलिकति मसिनु प्राण दोस्रै छ बोक्रो ॥
तेस्रो त्यै-भित्र मन, अझ उसको भित्र आनन्द बोको ।
बोकाको तुच्छ धोको लिइकन म भनी बोल्छ को भित्र खोको ?
(घिमिरे : २०६६,२९१)

- लेखनाथ

हड्डीको पिँजरा शरीर, उसमा मैना 'म' भन्ने चरो ।
त्यो क्याँ क्याँ गरदो छ शान्ति-रसको पानी-बिना भै खरो ॥
चारा इन्द्रिय-लभ्य यो विषयको लाखौँ खन्याए पनि ।
भित्री व्याकुलता र दाह उसको छुट्दैन कत्ती पनी ॥ (घिमिरे : २०६६, २९३)

- लेखनाथ

राजनीति शीर्षकमा निम्न कविका निम्न लिखित भावनाहरूलाई उल्लेख गर्दै लेख्छन् :

संसारमा कीर्ति छ धेर ठूलो ।

कीर्ति बिना बन्दछ जीव लूलो ॥

संसार छोडे पनि हेर कोही दिन ।

आउने छ यौटा जनतन्त्रको दिन ॥ (घिमिरे : २०६६, १५३)

(कृष्णलाल अधिकारी, मकै पर्व)

नयपाल स्वतन्त्र गराउनको

रण भेरि सुनेर जुरुक्क उठ्यो,

परतन्त्र हरे ! निज देश बुझ्यो,

अनि भाव र आग्रह पूर्ण भयो,

गणतन्त्र गराउन गर्जि उठ्यो,

छरितो र छिटो नयपालि ठिटो (घिमिरे : २०६६, १५४)

(धरणीधर कोइराला - 'नयपालि ठिटो,' नैवेद्य)

त्यस्तै गरेर एन्टन चेखव , लियो टाल्स्टायदेखि कन्फ्युसियस, बुद्ध लगायतका विद्वान्हरूको भावना र धारणाहरू उन्दै नेपालीकरण गर्ने, नेपाली समाजलाई मार्गदर्शन गर्ने गरी सरल र सुबोध भाषामा वाणी दिन्छन् साहित्यमा र सबैका लागि सुपाच्य बनाउने चेष्टा गरेर नेपाली साहित्यको सेवा गर्न पुग्छन् ।

जगदीशको प्रस्तुत अन्तर्मनको यात्राको लेखनमा उनी मान्छेको आफ्नू भन्नु दृष्टि, शैली र प्रस्तुति हो भन्दै नेपालीसाहित्यले पनि सोही मौलिकता धारण गर्नुपर्दछ भन्ने पक्ष पोषण गर्दछन् । आफ्नो स्ववास्तविकताले साहित्य देखेको र साहित्य लेखेको चर्चा गर्ने घिमिरे प्रत्येक स्रष्टाले शैली सिक्छ, प्रतिभाशालीले आफ्नै निर्माण गर्छ भन्ने दृष्टिकोण प्रस्तुत गर्दै वर्डस्वर्थदेखि देवकोटा समेतलाई आफ्नूपनले व्याख्या गर्दै आफ्नू साहित्यभित्र उनीहरूलाई यथोचित स्थान दिन पुगेकाछन् ।

जगदीश घिमिरेको नेपाली साहित्यको सेवातर्फको योगदानमा 'समय' जस्तो अत्यन्त दार्शनिकपनले भरिएको लेखन समेतलाई समेट्न पुगेकाछन् । समय नै बलवान छ अरु सबै व्यर्थ हुन् भन्ने दार्शनिक चिन्तनलाई उजागर गर्ने चेष्टा प्रस्तुत कृतिमा समेट्दै साहित्यको सेवा मार्फत नेपालीपनलाई प्रस्तुत गर्ने जमर्कोबाट घिमिरे साँच्चिकै राष्ट्रभक्त नागरिक हुन् भन्ने देखिन्छ ।

नेपाली साहित्यको सेवा गर्ने जगदीशको जुन लगाव छ त्यसले नेपाली राष्ट्रियतालाई उँचो बनाउने सङ्कल्प लिएको र नेपालप्रतिको लगाव नेपालीप्रतिको निष्ठालाई उँचो बनाएको छ ।

नेपाल राष्ट्रका शासक, प्रशासक आदि ओहोदावालाहरू कसरी यसलाई चुस्न र लुट्न सकिएला भन्ने चिन्तन र कर्ममा निर्लिप्त रहेको, राष्ट्रवादको नारा मुखमा जप्दै व्यवहारमा राष्ट्र सिध्याउने विगतदेखि वर्तमानसम्मको यथार्थमा राष्ट्रलाई धकेलिरहेको तथ्य एकापट्टि देखिन्छ भने अर्कातर्फ जगदीश जस्ता व्यक्ति पनि यो राष्ट्रले जन्माउन पुगेको छ जसले सीमान्तकृत समुदायको उत्थानमा उनीहरू स्वयम् नै जागरुक हुनुपर्दछ भन्ने दर्शनलाई आत्मसात गर्दै उनीहरूलाई स्वनिर्भरताको बाटो देखाउने उद्देश्यले सामुदायिक विकास गर्ने ध्येयका साथ तामाकोसी सेवा समिति जस्तो सेवामूलक संस्थाको स्थापना गर्न पुग्छन् ।

आफ्नो जन्मभूमि रामेछापको, मन्थलीको सेरोफेरोको विकास गर्ने लक्ष्यका साथ वि.सं. २०३९ सालमा पत्नी दुर्गा र जगदीशको प्रयासमा स्थापित गैह्र सरकारी संस्था तामाकोसी सेवा समिति जसले कृषि विकास, शिक्षा विकास, स्वास्थ्य संस्था स्थापना, खानेपानीको आपूर्ति, पानीबन्द चर्पी निर्माण , सहकारी (बचत तथा ऋण सम्बन्धी) को स्थापना जस्ता उदाहरणीय कार्य गरेर निमुखा सीमान्तकृत नागरिकको उन्नति आफ्नै प्रयासमा मात्र सम्भव छ भन्ने स्वनिर्भर विकासको दर्शनलाई प्रेरणाको रूपमा स्थापित गराउन सफल भएको छ ।

राष्ट्रवादको नारा जपेर राष्ट्र लुट्ने लुटेराहरूका अगाडि राष्ट्रको सेवा सामुदायिक विकास मार्फत गर्न सकिन्छ र राष्ट्रका लागि योगदान दिन सकिन्छ भन्ने भावनाबाट ओतप्रोत घिमिरेको राष्ट्रप्रतिको योगदान अद्वितीय छ भन्न सकिने स्थिति उनको समाजसेवाको योगदानबाट प्रस्ट हुन्छ । तीलगङ्गा आँखा केन्द्र वा तामाकोसी सेवा समिति जस्ता सामाजिक संस्था मार्फत पुऱ्याएको समाजसेवाको वा राष्ट्रसेवाको योगदानलाई हेर्दा एउटा व्यक्तिको प्रयासले मात्र पनि धेरै काम हुन सक्छन् र राष्ट्रबाट के लिने ? भन्दा पनि के दिन सकिन्छ ? भन्ने उदाहरण पाउँन सकिन्छ । जुन यथार्थमा राष्ट्रप्रतिको, मातृभूमिप्रतिको प्रेमको राम्रो उदाहरण हो ।

जगदीशको जीवनका विविध आयामहरूमा उनले जीविकाका लागि विभिन्न संघ संस्थाहरूमा जागिर गरेको र उच्चस्तरीय तलब प्राप्त गर्ने अन्तर्राष्ट्रिय जागिर खाने सिलसिलामा उनी आजका आमनेपालीले स्वप्नभूमिका रूपमा लिएका अमेरिका, बेलायत जस्ता विकसित मुलुकमा पुगेर बेलायतमा घर किनेर बसोबास गरेको अवस्थाबाट पुनः आफ्नो मुलुक नेपाललाई माया गर्दै उताको हवेलीमा रम्न नसकी नेपाल फर्केको कुरा प्रस्तुत कृति अन्तर्मनको यात्रामा उल्लेख छ ।

जगदीश घिमिरेको जीवनका दुई प्रमुख उद्देश्य साहित्य सिर्जना र सामुदायिक विकास रहेको उल्लेख गरिएको प्रस्तुत अन्तर्मनको यात्राका यी दुवै पाटाले राष्ट्रप्रेम वा मातृभूमि प्रेमलाई उजागर गरिरहेका छन् । उनी लेख्छन् नेपाली साहित्यको ढुकुटी भर्न । उनि गर्छन् नेपाली सीमान्तकृत समुदायको विकास । उनका आफ्नै शब्दमा -
“मेरो स्ववास्तविकताले पहिले म मा कहिल्यै नमर्ने गरी साहित्य रोपिदियो । म साहित्य देख्छु अनि सकेको लेख्छु । अन्तर्राष्ट्रिय जीविकामा नजाउन्जेल साहित्य सिर्जनामा राम्रै समय दिन सकेको थिएँ । त्यसपछि पुस्तकाकार नभएपनि समय पाए अनुसार फुटकर रचनाहरू लेखिनैरहेँ । पहिले साहित्य सिर्जना मेरो आत्मसन्तुष्टि

अथवा स्ववास्तविकता थियो । पछिका अनुभवले सामुदायिक विकास पनि थपियो ।" (घिमिरे : २०६६, १२२)

बुझिने र नबुझिने साहित्यको विषयमा घिमिरे निम्न प्रसङ्ग जोड्दै नबुझिने साहित्यको अर्थ नभएको कुरा बताउँछन् र लेखनको लक्ष्य र साहित्यको प्रमुख तत्त्वलाई उनी यसरी प्रस्तुत गर्छन् :

"त्यसताका बुझिने र नबुझिने साहित्यको खुब विवेचना हुन्थ्यो । नबुझिनेका अगुवा मोहन कोइराला थिए । एक साँझ पीपलबोटमा मोहन दाइ र मेरो बेलैमा भेट भयो । भर्खरै निस्केको र हामी आआफैँले रूपरेखा कार्यालयबाट ल्याएको छापा गन्हाउँदैको रूपरेखा पत्रिका हामी दुवैका हातमा थियो । लेखकहरू रूपरेखा कार्यालयमा गए भने त्यो पत्रिका सित्तैं पाउँथे । रूपरेखाका सबैजसो लेखक त्यो लिन्थे । त्यही उनीहरूको पारिश्रमिक थियो । त्यस अङ्कमा मोहन दाइको कविता थियो । चियाको सुर्को तान्दै मैले उनलाई उनकै नयाँ कविताबारे भनैं- "मोहन दाइ, यसको अर्थ अलि बुझिनँ, बुझाइदिनुहुन्छ कि ? कविलाई नै भेटेको बेला बुझ्न खोजेको ।" कविताको हरप केही यस्तो थियो, पढेर सुनाएँ - "कैँचीले समय काट्तै लोटेकाले खुसी खुसी....."

"उनी कविताको अर्थ लाउन चाहँदैनथे । त्यस्ता प्रश्नबाट तर्किन्थे । गाह्रो मानेर भने- "कविताको अर्थ लाग्नैपर्छ र ?..... फ्रुफरिडरले बिगारिदियो होला ।"
मेरो समस्या के भने- कुन प्रुफरिडरले बिगारेको हो र कुन लेखकले लेखेको हो, बनाएको हो वा बिगारेको हो, त्यो कसरी थाहा पाउने ? लेखकले लेखेको र प्रुफरिडरले बिगारेकामा केही फरक नहुने हो भने साहित्य र अघिका कम्पोजिटरले लतपत पार्ने कालो मसीमा के फरक भयो ? लेखकले के लेख्नु, किन लेख्नु र पढ्नेले किन पढ्नु ?"

लेखनको लक्ष्य सञ्चार हो भने नबुझिनु वा गलत बुझिनु आत्महत्यासरह हो । नबुझिने लेख्नु नसुनिने बोल्नु जस्तै हो । मुखै मात्र चलाउनु र बोली नसुनाउनु नै लक्ष्य हो भने कुरा बेग्लै हो, कैलेकाहीँ त्यसो गर्नु पनि सार्थक हुन्छ होला सोद्देश्य हो भने । तर साहित्यको प्रमुख तत्त्व सञ्चार हो, जुन दोहोरो हुन्छ । सञ्चारका तह हुन्छन् । सबैले सञ्चारका सबै तह उही स्तरमा बुझ्दैनन्, तर जति बुझाउन-बुझ्न सकिन्छ त्यो साहित्य त्यति सार्थक हुन्छ । नबुझिने भएरै कुनै पनि कृति महान् हुने होइन ।'' (घिमिरे : २०६६,५४)

आफू आफ्नो जीवनोद्देश्यमा निरन्तर लाग्न नपाएको वा सम्पूर्ण समय दिन नसकेकोमा वा जीविकाका लागि जागिर गर्नु परेको प्रति खुसी नभएको कुरा स्वीकार्छन् र अगाडि लेख्छन् - “अनि कहिले तलवी प्रकृतिको कामबाट छुट्टी लिएर जीवनोद्देश्य अनुरूप मनखुसी प्रकृतिको काम पाउँला भन्ने चाहनाले भरिदियो । त्यसका लागि मैले रामेछापको सामुदायिक विकासको हाँक स्वीकार गरेँ र त्रिचालिस वर्षको उमेरमा, घर बसीबसी पाएको हुँदाखाँदाको अन्तर्राष्ट्रियस्तरको उच्च जागिर लत्याएर त्यसमा होमिएँ । त्यसवेला मेरो नेपालव्यापी, दक्षिण एसिया क्षेत्रीय अथवा अन्तर्राष्ट्रिय तहका सञ्जालहरूसम्म राम्रै पहुँच थियो र म तीमध्ये कुनै पनि तहको गैरसरकारी संस्थामार्फत क्रियाशील हुन सक्ने स्थितिमा थिएँ । तर काम गर्नका लागि आफू जन्मेको मन्थली र रामेछाप रोजेँ” (घिमिरे : २०६६, १२२) । यसरी झल्कन्छ उनको लेखन र तदनुरूपको कार्यमा मातृभूमि भक्ति, उनी आफ्नो लेखन अगाडि बढाउँछन्  - “मेरो स्ववास्तविकताले मलाई दृष्टि दियो, जसले गर्दा मैले देखेँ, लेखेँ र गरेँ । मैले देखेको र लेखेको साहित्य र गरेको सामुदायिक विकासको काम उही दृष्टिका दुई अभिव्यक्ति हुन् । तिनैले मलाई जीवन दिएका हुन् ।” (घिमिरे : २०६६, १२२)

यसरी घिमिरे आफ्नो जीवन भनेकै साहित्य सिर्जना र आफूले गरेको सामुदायिक विकास हुन् भन्ने कुरा अगाडि सार्छन । यी नै उनको राष्ट्रवादीताको नमुनाको रूपमा देखापरेका छन् । साहित्य सिर्जना मार्फत मातृभूमि नेपालको राष्ट्रभाषाको रूपमा रहेको अनेकन जातजातिबीचको सम्पर्क भाषाको रूपमा रहेको नेपालीभाषा र साहित्यको ढुकुटीमा योगदान पुऱ्याउँछन् भने सामुदायिक विकासको पहलकदमीबाट त्यसको नेतृत्व स्वीकार्दै स्वनिर्भर सामुदायिक विकासको हाँकलाई स्वीकार्दै र नेतृत्व गर्दै सीमान्तकृत समुदायको हितका खातिर जीवन समर्पण गर्न पुग्दछन् तामाकोसी सेवा समिति मार्फत ।

तामाकोसी सेवा समिति त्यो गैरसरकारी संस्था हो जसको स्थापना वि.सं. २०३९ सालमा पत्नी दुर्गा र जगदीशले स्थानीय साथीहरूसँग मिलेर रामेछापको स्वनिर्भर र दीगो विकास गर्ने उद्देश्यले भएको हो । उद्देश्यअनुरूप नै सीमान्तकृत समुदायको विकासमा अहोरात्र काम गरिरहेको छ । सोही उद्देश्य र सवल नेतृत्वले गर्दा उक्त संस्थाले शिक्षा, खानेपानीको व्यवस्था, पानीबन्द चर्पी, बचत ऋण सहकारी, अस्पताल सञ्चालन, कृषि, सिँचाइ आदि जस्ता क्षेत्रमा नमुना लायक कार्य गरेर रामेछापको विकासमा अतुलनीय योगदान पुऱ्याइरहेको देखिन्छ । राष्ट्रवाद र राष्ट्रियताको संरक्षण ओठेभक्तिले नभै वास्तविक रूपमा राष्ट्रसेवाबाट गर्न सकिन्छ भन्ने उदाहरण दिन सफल देखिन्छ उक्त कार्य ।

जगदीश घिमिरेको राष्ट्रवादीता वा मातृभूमि प्रेम उनका निम्न पङ्क्तिहरूमा बगेका छन् - "मेरो जीवनमा साहित्यले मुख्य स्थान ओगटेको छ - लिखित वा अलिखित, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा । साहित्यकै हाराहारी अर्को कुनै कुराले स्थान पाएको छ भने त्यो हो सामुदायिक विकास । मेरो जीवनमा कुनै कुनै ठाउँले मुख्य स्थान लिएको छ भने त्यो हो मेरो जन्मस्थल मन्थली र रामेछाप जिल्ला ।" (घिमिरे : २०६६, १२३)

“मेरो साहित्यको मूल भावभूमि र जग मन्थलीको अनुभव र रामेछापको गाउँले पृष्ठभूमि हो । यस ठाउँमा यो कामको संयोग मेरा लागि मुख्य भयो कि आफ्नो पाको उमेरको मुख्यभन्दा पनि मुख्य सम्पूर्ण लगानी मन्थली र रामेछापको सामुदायिक विकासमा नै भयो ।” (घिमिरे : २०६६, १२३)

‘‘जरा मुख्य हो । रूख जराकै भरले पैरोमा पनि अडिन्छ, पहरोमा पनि झाँगिन्छ । जरा नभैकन मूल, हाँगा, काँडा, पात, मुना, कोपिला, फूल, फल, बीज केही पनि हुँदैनन् । मेरा जरा नेपालमा छन्, अन्त छैनन् । म जे छु, जरा, मूल, हाँगा, काँडा, पात, मुना, कोपिला, फूल, फल बीजसहित नेपालमै छु; अन्त कतै छैन ।

म नेपालको रैथाने हुँ; आदिवासी हुँ; भूमिपुत्र हुँ; सबै थोक हुँ । किनभने म नेपालको साक्खै सन्तान हुँ । नेपालको सर्वस्व उनका साक्खै सन्तानहरू नै हुन् र उनका साक्खै सन्तानहरूको सर्वस्व पनि नेपालै हो ।

जुन जातको तुच्छ बिल्लाले आज म चिनिन्छु त्यस बिल्लाका पुर्खाले यस हिमाली प्रदेशमा हजारौं वर्षदेखि बसोबास गरेको प्रमाणित गर्ने प्राचीन अभिलेखहरू छन् । तिनको सन्तान स्वतः यहाँको आदिवासी हुन्छ ।

मन्थलीमा मात्रै मेरा जरा लगातार अढाई सय वर्षभन्दा अघिदेखि भासिएका र झाँगिएका छन् । म यस देशको मेरा ती रैथाने पुर्खाको अटुट वंशपरम्परा हुँ, जसले पाँच सय वर्षभन्दा अघिदेखि नै यस हिमाली पानीढलोमा गरेका ऐतिहासिक कार्यका अभिलेख छन् । मेरो कुनै पुस्ताले विदेश बसेर नेपाल बसोबासोको क्रम टुटाएको छैन ।’’ (घिमिरे : २०६६, १०)

“मैले जे सकेँ त्यो रामेछापकै माटोलाई दिएँ । मैले जे सकेँ यो मेरो मातृभाषालाई दिएँ । त्यही मेरो जीवनको सार्थकता हो ।” ( घिमिरे : २०६६, १२३)

यसरी उनले आफ्नो जन्मस्थलप्रति अगाध प्रेम दर्शाएका छन् शब्दमा मात्र नभै यथार्थ कार्यमा । उनलाई देशको राजनीति र राजनीतिक दलका नेताहरूप्रति आफ्नो देश र ठाउँलाई माया नगरेकोमा आक्रोश छ र उनी आफ्नो भाव यसरी पोख्छन्- “रामेछापमा पाइलैपिच्छे अनेकौँ दलका नेता थिए । ती विकासका गफ चपाउँथे, उग्राउँथे, डकार्थे तर विकासको नाउँमा सिन्को पनि भाँच्दैनथे । उनीहरूको जीवनोद्देश्य चुनाव जित्नु हुन्थ्यो र छ । २०४६ साल भन्दा अघि वा पछिका कुनै पनि नेताले रामेछाप जिल्लामा मैले जति सामुदायिक विकास गरेका थिएनन् र आजसम्म पनि गरेका छैनन् । यसो भन्दा मलाई गर्व होइन , दुःख छ ।” ( घिमिरे : २०६६,१२७)

आफ्नो जन्मभूमि प्रति अति चिन्तित देखिन्छन् घिमिरे । राजनीति जुन देशको मूलनीति हो त्यो निर्माण गर्ने अभियानमा लागेका नेताहरूबाट देश विकास हुन नसकेकोमा उनलाई दुःख छ । सामाजिक संस्थाले जति गरे पनि त्यो सिमित नै हुन्छ । सरकारै नलागी समग्र विकास हुँदैन भन्ने कुराका पक्षपाती घिमिरे सरकारबाट, नेताबाट उल्लेख्य कार्य नभएकोमा दुःख प्रकट गर्दछन् र लेख्छन् - “आर्थिक र न्यायिक क्रान्ति नगरी त्यो अति विपन्न वर्गलाई विकासको मूल प्रवाहमा ल्याउन सम्भव छैन । अति विपन्नसँग अति सरोकार राख्नुपर्ने सरकारले नै हो । तर नेपालका अहिलेसम्मका कुनै पनि सरकारलाई कुनै पनि समुदायलाई सोझो वा बाङ्गो औंलाले घोचेर धुरुक्क पार्नेबाहेक अरू कुनै सरोकार भएन । अहिले सम्म त सबै जोगी कानै चिरेका आए ।” (घिमिरे : २०६६, १४०)

राष्ट्रको विकास कसरी हुनसक्छ र कसले नेतृत्व लिनुपर्दछ भन्ने दिशाबोध गराउने लेखक त्यो हुन नसकेको प्रति आक्रोशित देखिन्छन् । समग्रमा उनको चिन्ता देश एवम् समाजप्रति देखिन्छ ।

रामेछापको मन्थलीमा जन्म लिएर त्यस ठाउँको उन्नतिका लागि आफ्नो अमूल्य समय र साधन खर्चने घिमिरेले नेतृत्व गरेको तामाकोसी सेवा समिति मार्फत

पेटमा पिठो नपुग्नेहरूका लागि पिठो पुऱ्याउने जमर्को, तिर्खाले छट्पटाएकाहरूका लागि खानेपानीको व्यवस्था, रोग लागेर अकालमै ज्यान गुमाउनु पर्ने बाध्यताबाट मुक्तिका लागि अस्पताल, शिक्षाको उज्यालोबाट वञ्चितहरूका लागि शिक्षण संस्था स्थापना जस्ता अनेकौँ कार्य गर्दै जगदीशले आमाको दुधको भारा तिर्ने महायज्ञ सञ्चालन गरिरहेका छन् । यस्तो शुभकार्यको समेत उछितो काढ्न तम्सनेहरूको पनि कमी नरहेको र आफू त्यस्तो हर्कतको दृढतापूर्वक मुकाविला गर्दै अगि बढेको तथ्य जगदीश आफ्नो प्रस्तुत कृति अन्तर्मनको यात्रामा उल्लेख गर्दछन् । यसबाट पनि प्रस्ट हुन्छ उद्देश्य असल छ भने गन्तव्यमा अवश्य पुग्न सकिन्छ र राष्ट्र सेवामा लाग्न सकिन्छ भन्ने दृष्टान्त प्रस्तुत कृतिमा यत्रतत्र देख्न सकिन्छ ।

जीविकाको लागि आफू अन्तर्राष्ट्रिय जागिरमा लाग्नुपरेको र त्यसबाट साहित्ययात्रामा अवरोध उत्पन्न भएकोमा उनलाई दुःख छ । उनी आखिरमा जागिर छाडेरै भए पनि आफ्नू मातृभूमिको सेवामा तल्लिन छन् । जागिर गर्ने सिलसिलामा आजका लगभग सबैजसो देखे, जाने, सुनेका महानुभावहरू शिक्षितहरू भनिएका सबैजसोले नेपालमा शिक्षाको उचित प्रयोग गर्ने ठाउँ नपाएको, लगानीको वातावरण नभएको भन्ने जस्ता गुनासा गर्दै स्वप्नभूमिका रूपमा लिएका अमेरिका, बेलायत जस्ता विकसित मुलुकतर्फ पखेटा फिँजाईरहेको र आफ्नो मुलुक छाडेर भाँडा माझ्न र गोठालो बन्न किन नहोस अन्यत्र गइरहेको परिवेशमा उनी भने उतै बस्न सक्ने हैसियत बनाइसकेको, बेलायतमा घरसमेत किनिसकेको अवस्थाबाट त्यहाँ खानु, पिउनु, सुत्नु मनोरञ्जन गर्नु बाहेक अर्को कुनै भूमिका नदेखेर स्वदेश फर्कन्छन् अन्तर्राष्ट्रियस्तरको जागिर छाडेर । उनलाई त्यहाँको जीवनपद्धतिले आकर्षण गर्न सक्दैन । आकर्षण गर्दछ नेपालले, आकर्षण गर्दछ आफ्नो जन्मभूमि रामेछाप र मन्थलीको सेरोफेरोले, त्यहाँका सीमान्तकृत समुदायको सेवा गर्ने चाहनाले ।

अन्तर्मनको यात्रामा जगदीश घिमिरे आफ्नो मातृभूमि प्रतिको प्रेमलाई यत्रतत्र पोख्न पुग्दछन् । संसारका अन्य कुनै हवेलीभन्दा आफ्नो मुलुकलाई माया गर्दछन् । आफ्नो जन्मभूमिलाई माया गर्छन र मन्थली शीर्षकमा यसरी पोखिन्छन् । "मूलतः गाउँले जीवनको आत्मीयता र स्वच्छन्दताले गर्दा मन्थलीमा मेरो रस बस्यो, मन बस्यो र आजसम्म पनि बसेको छ । त्यहाँको वातावरण र जीवनशैली त मलाई मन पर्छपर्छ,: त्यहाँका मान्छेको आत्मीयता झन मन पर्छ । यिनै कारणले संसारमा मेरो पहिलो प्राथमिकताको वासस्थान कतै छ भने अझै पनि त्यो मन्थलीको गाउँ-बिसींको सेरोफेरो नै हो ।" (घिमिरे : २०६६, ३३)

मन्थलीले हालका वर्षहरूमा पहिलेको प्राकृतिकता गुमाए पनि जगदीश अझै यसलाई माया गर्छन् र लेख्छन् - "मन्थली बिसीले आफ्नू त्यो गाउँले चरित्र गुमाएको छ, जुन मेरो प्रिय थियो । २०४५ सालमा सदरमुकाम बनेपछि माओवादी आर्किटेक्ट डा.बाबुराम भट्टराईले प्रारम्भिक 'टाउन प्लानिङ' गरेको मन्थली बजार अनेक संशोधनहरूपछि हेरिनसक्नु सुँगुरको खोर जस्तो स्लम अर्थात् सीमान्त बस्ती भएको छ । तैपनि म मन्थलीकै गाउँ-बिसीको सेरोफेरोमा बाँच्न र मर्न चाहन्छु । अतः मौका पाउनासाथ म मन्थली र रामेछापको आफ्नै बलबुताले गर्नुपर्ने र गर्न सकिने विकासको खाका सोच्न लागेँ । त्यो मौका मलाई २०३९ सालतिर मात्र जुऱ्यो, जुन चालू छ । म बाँचुन्जेल त्यहाँ मेरो आत्मा र सकेको लगानी रहिरहनेछ ।" (घिमिरे : २०६६ ,३३)

मन्थलीप्रतिको अगाध स्नेहकै कारण तामाकोसी सेवा समिति मार्फत अनेकन समाजसेवाका कार्यहरू अगाडि बढिरहेका छन् सीमान्तवस्तीको सेवामा ।

आफ्नो देशलाई स्वर्ग भन्छन् र 'घर-स्वर्ग' शीर्षकमा आफ्नो धारणालाई यसरी प्रकट गर्न पुग्छन्- "हरिया वन, हरिया मैदान, र हरिया डाँडामाथि उड्दै काठमाडौं उपत्यका देखेपछि लाग्यो - स्वर्ग यही हो ।" (घिमिरे : २०६६, २०५)

काठमाडौँको सुन्दरता, मन्थलीको सुन्दरताले घिमिरे मुग्ध हुन्छन् र आफ्ना अनुभूतिहरू पोख्दै लेखन अगाडि बढाउँछन् । मुगल राजा शाहजाँहा को लालकिला नामक भव्य दरबार जसलाई महाकवि अमीर खुसरोले धरतीमा भएको स्वर्गको नाम दिएका थिए जुन कृत्रिम दरबार हो भन्दै लेखन अगाडि बढाउँछन्- "त्यो थियो महँगा ढुङ्गामा सुन, चाँदी, जवाहरात जडेर बनाएको शाहजहाँको दरबारको स्वर्ग र यो थियो प्रकृतिले नेपालमा बनाएको मेरो स्वर्ग । मेरा लागि यस धरतीमा स्वर्ग कतै छ भने त्यो नेपाल हो, त्यो नेपाल हो, त्यो नेपाल हो, मेरै आँगनबाट देखिने र नेपालैभरि पाइने दृश्यावली हुन् ।" (घिमिरे : २०६६, २०८)

"म कुनै पनि विदेशी महानगरमा बसेर दीर्घायु हुनुभन्दा यिनै दृश्यावलीमाझ आफ्नै घर स्वर्गमा बसेर अल्पायु हुन खुसी छु । सुखी छु" ( घिमिरे : २०६६, २०८)

आफ्नो मातृभूमिप्रतिको अगाध ममता लाई प्रस्तुत गर्ने उपर्युक्त पङ्क्तिभन्दा अरू बढी खोज्न कहाँ जानुपर्ला ? आफ्नो स्वर्गजस्तो देशलाई यहाँका शासक, प्रशासक वा जिम्मेवारहरूले केही नगरी केवल यसलाई शोषण मात्र गरेको र बलात्कार गरेको भन्दै आक्रोश पोख्छन् र लेख्छन् - "ती सबैले यो देश, यो उपत्यका र माता वाग्मतीलाई बलात्कार गरे । कसैले पनि यस उपत्यकाको यौटा टोलको पनि योजनाबद्ध निर्माण गरेन । नल-ढल जति सबै वाग्मतीमा खन्याएर आफैं मात्र श्रीसम्पन्न भए । आखिर आज औसत नेपाली जनजीवनलाई शक्तिशाली राजनीतिज्ञ र सम्भ्रान्तहरूले के बनाइदिएका छन् ? त्यही जे सफा वाग्मतीलाई बनाइदिएका छन् - फोहोर र बिषाक्त ढल । यो स्वर्गतुल्य भूमि र यसका देवदुततुल्य जनताको पनि तानाशाह राजनीतिज्ञहरूले अमृतमय वाग्मती मातामाथिकै तहको बलात्कार गरेर ठिक त्यस्तै बिजोक पारिदिएका छन् ।" (घिमिरे : २०६६, २०९)

नेपाललाई स्वर्ग ठान्ने लेखक घिमिरे यसको दुर्दशाप्रति निकै चिन्तित देखिन्छन् र दुर्दशामा पुऱ्याउने खलनायकहरूप्रति आक्रोशित देखिन्छन् । माथिका उद्धरणबाट सोही पुष्टि हुन्छ ।

सत्ता सञ्चालकहरूको अक्षमता र २०५२ सालदेखि माओवादीले सुरुगरेको जनयुद्धले देशलाई बर्बाद पारेको प्रति दुवैपक्षलाई सचेत तुल्याउन उनी आफ्नो कलम प्रयोग गर्दछन् र नेपाल साप्ताहिकमा 'चेतना भया' स्तम्भ लिएर आफ्नो भावना पोख्छन् जसमार्फत नेपालको, आफ्नो राष्ट्रको हित खातिर दुवैशक्तिलाई सोच्न र आफ्नो व्यवहार सच्याउन आव्हान गर्दछन् । युद्धरत पक्षहरूका व्यवहारबाट देश दुखेको कुरालाई आफ्नो कलमले उजागर गर्दै दुवै पक्षलाई सम्हालिन र नेपालको हिततर्फ लाग्न आव्हान गर्ने लेखकलाई कुनै कुराले पनि देशको अहित हुने कार्य हुन हुँदैन भन्ने राष्ट्रप्रेमी भावले घच्घचाइरहेको हुन्छ ।

आफ्नो राष्ट्रको गञ्जागोलप्रति चिन्तित घिमिरे आफ्नो **अग्निसूत्र** कविताद्वारा देशको विद्यमान परिस्थितिप्रति शासकहरूलाई चेतावनी दिदैँ यसरी भावना पोख्छन्:

अब आगो बर्सन्छ
तिमीहरूले अग्निस्नान गर्नुपर्नेछ
अघि पानी बर्सन्थ्यो
तिमीहरू पानीका जँघार तर्थ्यौ
तापनि गुनासो गर्थ्यौ
अब आगो बर्सन्छ
तिमीहरूले ज्वालाको प्रवाहमा हेलिन
सक्नुपर्नेछ
अब अकाल बर्सन्छ
पाकेको बालीमा केवल भोक फल्नेछ

अघिका सहकालहरू सम्झँदै

पेट पाल्ने निहुँमा

तिमीहरूले एकअर्कालाई जिउँदै दार्नुपर्नेछ

अब व्याधि बर्सन्छ

अघिका सुदिनहरू सम्झँदै

उपचारको क्रममा सहयोग गर्न

तिमीहरूले एकअर्कालाई मार्नुपर्नेछ

अब रगत बर्सन्छ

तिमीहरू रगतमा मुछिनेछौ

रगतका छिटा पर्दा झस्केका अवसरहरू सम्झँदै

तिमीहरूले रगतको नदीमा पौडी खेल्नुपर्नेछ

अब आगो बर्सन्छ

अब अकाल बर्सन्छ

अब व्याधि बर्सन्छ

अब रगत बर्सन्छ

भोक हुनेछ तिमीहरूको सामल

त्यो सामल बोकेर रगतको नदीमा पौडिन सिक

व्याधि हुनेछ तिमीहरूको कवच

त्यो लगाएर आगोको नदीमा आफ्नै पाइन हाल्न सिक

अब तिमीहरू

अग्निस्नात भएर मात्र पारि पुग्नेछौ,

केही गरी पुग्यौ भने

अब तिमीहरू

रक्तस्नात भएर मात्र पारि पुग्नेछौ,

केही गरी पुग्यौ भने

अब तिमीहरूको दीक्षा केवल आगो र रगत हो

सपनाहरू सकिए

बिपनाका कालकूट आत्मसात गर्न सिक । (घिमिरे : २०६६, १७४)

(यो कविता २०४६ सालको बहुदलआन्दोलनको ६ महिना अघि मधुपर्कमा छापिएको थियो ।)

"घृणानै युद्धको बीउ हो । प्रेम नै युद्धको मारक हो । प्रेमको शक्तिले शक्तिको प्रेमलाई जितेपछि मात्रै संसार शान्तिमय हुन्छ ।" (घिमिरे : २०६६, १७५) । घिमिरे जनयुद्धको समाप्ति पछिका वर्तमान अवस्थामा माओवादी र प्रमुख दलहरूका क्रियाकलापहरूबाट आज देशको बर्बादीको खाडल अझ बढिरहेकोप्रति लेखक चिन्तित छन् । आफ्नो प्यारो राष्ट्रप्रति भैरहेको यस्तो घात प्रतिघात तर्फ चनाखो रहँदै आफ्ना लेखन अगाडि बढाउँछन् । 'जनयुद्ध' शीर्षकमा । (घिमिरे : २०६६, १७५)

आफ्नो प्यारो राष्ट्रलाई यसका सञ्चालकहरू वा नेता भनाउँदाहरूले चीरहरण गरेको प्रति जगदीश आक्रोशित देखिन्छन् । आफ्नो सोझो समाजसेवाको कार्यलाई आफैं संलग्न पार्टीका नेता भनाउँदाहरूले अवरोध उत्पन्न गरेको कुरालाई हाकाहाकी प्रस्तुत गर्ने लेखक राजनीति शीर्षकमा कटाक्ष गर्न पुग्छन् - "तासेसका स्वयंसेवक कर्मचारी, सहयोगी र काम गरेका समुदायहरू एक ढिक्का भएर मेरो पक्षमा नउभिएका भए रामेछापमा सामुदायिक विकास गर्ने मेरो सपना नेताहरूकै कारण अधुरो मात्र होइन, धूलोपीठो नै हुने थियो ।" उनी अगाडि लेख्छन् "नेतालाई पछुवाहरूको समूह चाहिन्छ, भोट चाहिन्छ, नोट चाहिन्छ, लठैत चाहिन्छ । लेखकलाई यी केही पनि चाहिँदैनन् । लेखक एक्लै बाँच्ने प्राणी हो । रामेछापमा सक्कली नेताहरूले के बुझेनन् भने मेरो रगतमा सोझो लेखक थियो । म उनीहरू जस्तो

काइते नेता थिइनँ । उनीहरूले आफैँ जस्तो ठानेर मलाई पछाडिबाट छिर्की हाने । म सोझै जुधेँ ।" (घिमिरे : २०६६, १५१)

राष्ट्र सञ्चालन गर्ने राजनीति, राजनीति सञ्चालन गर्ने नेताहरू पथभ्रष्ट भएपछि राष्ट्रले बोझको महशुस गर्नुपरेको कुरालाई लेखक सोझै प्रस्तुत गर्छन् । बहुदल आइसकेपछि (२०४६ सालपछि) को नेपालले धेरै आशा गरेको तर नेताहरूको कुबुद्धिले देश बर्बाद भएको अवसरवादीताले छोपेको हुँदा धरतीमातालाई राजनीति गर्नेको बोझ थेगिनसक्नु भएको यथार्थलाई लेखकले प्रस्ट्याउँदै राष्ट्रघात गर्नेहरूप्रति आक्रोश पोख्छन् । राजनीति बिग्रिएकोप्रति राष्ट्रले दुर्दशा भोग्नुपरेकोप्रति चिन्तित देखिन्छन् ।

## ४. ४ निष्कर्ष:

जगदीश घिमिरेले नेपाली साहित्यमार्फत राष्ट्रभाषा नेपालीको सेवा, विदेशी भूमिभन्दा नेपाललाई स्वर्ग मान्दै नेपाल फर्केर गरेको सामुदायिक विकास, नेपालको विकासप्रतिको चिन्ता, नेपाल अगाडि बढ्न नसक्नुका कारणहरूको उल्लेख, साहित्यलाई जीवनसँग जोड्ने कार्य गर्नु, आदि कारणले प्रस्तुत कृति **अन्तर्मनको यात्रा** राष्ट्रप्रेम छताछुल्ल भएको कृतिको रूपमा रहेको छ ।

# अध्याय पाँच

# राष्ट्रप्रेमका दृष्टिले 'अर्न्तमनको यात्रा' को मूल्याङ्कन

## ५. परिचय

जगदीश घिमिरेको 'अर्न्तमनको यात्रा' एक महत्त्वपूर्ण कृति हो । आज जगदीश घिमिरे र अर्न्तमनको यात्रा एक अर्काका पर्यायवाची शब्द भएका छन् । २०६४ सालमा प्रथम पटक प्रकाशन भएको २ वर्ष पनि बित्दा नबित्दै २०६६ सालसम्म आइपुग्दा नवौं प्रकाशनको खुट्किलोबाट माथि चढिसकेको यो कृतिले 'मदन पुरस्कार' एवम् 'उत्तम शान्ति' पुरस्कार जस्ता महत्त्वपूर्ण पुरस्कार समेत प्राप्त गरिसकेको छ । अत्यन्त लोकप्रिय कृतिका रूपमा रहेको यो कृति राष्ट्रप्रेमको महागाथाको रूपमा रहेको छ । अन्य महत्त्वपूर्ण विषयवस्तुहरू छँदा छँदै पनि देशप्रेम वा मातृभूमि प्रेमलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । लेखकको जीवनमा घटेका घटना, देखेका, सुनेका, गरेका कार्यहरू आदिको प्रमाणको रूपमा आइपुगेको प्रस्तुत कृति अन्तर्मनको यात्रालाई राष्ट्र प्रेमको दृष्टिले निम्नअनुसार मूल्याङ्कन गर्न सकिन्छ ।

## ५.१ विषयवस्तु

निबन्ध विधाभित्र पर्ने अर्न्तमनको यात्रा लेखकको दृष्टिमा 'प्रति संस्मरण' विधामा राखिएको आत्मालाप-भित्र प्रस्तुत विषयवस्तुलाई विभिन्न अठार शीर्षक र उपशीर्षकमा समेटिएको छ । जुन शीर्षक, जतिबेला, जताबाट पढ्दा पनि हुने गरी सहज प्रस्तुति गरिएको छ । जीवन, जीवनी, दर्शन, स्वास्थ्य चर्चा, राजनीति, पारिवारिक चर्चा, सामुदायिक विकास, प्रकृतिवर्णन, राष्ट्रप्रेमका भावना आदि यसका विषयवस्तुका रूपमा रहेका छन् ।

### ५.२ सवलपक्षहरू

विभिन्न विषयवस्तु समेटिएको प्रस्तुत अर्न्तमनको यात्रामा जीवन छ; जीवनी छ; स्वास्थ्य चर्चा छ; पारिवारिक अवस्था छ; दर्शन छ; राजनीतिक विषयवस्तु छन्; प्रकृति वर्णन छ; मानवतावादी भावना पोखिएको छ; आदि सबै पक्षहरूभन्दा बढी राष्ट्रप्रेमको भावना छ र सामुदायिक विकासमार्फत त्यसलाई उजिल्याउने काम भएको यथार्थ तथ्यहरू छन् । आफ्नो राष्ट्रलाई स्वर्गभन्दा प्यारो ठान्दै भावनाहरू पोखिएका छन्; सरल, सरस एवम् सुबोध शैलीमा । अक्षरसम्म चिनेका सर्वसाधारणले सहजै बुझ्न सक्ने गरी प्रस्ट भाषामा सिधा कुरा लेखिएका छन् । अनुमान लगाएर बुझ्नुपर्ने कुनै अस्पष्टता यसमा देखिँदैन । अठार शीर्षक साथमा विभिन्न उपशीर्षकहरूमा विभक्त विषयवस्तुलाई जताबाट पढ्दा पनि बुझ्न सकिन्छ । जुन शीर्षक जताबाट पढ्दा पनि सहजै बुझ्न सकिने गरी प्रस्तुत गरिएको छ । गद्य, पद्य, उखान, उक्तिहरूको संयोजनले कृति रसिलो बनेको छ, ।

### ५.३ सुधार गर्दा राम्रो हुने पक्षहरू

हुनत कुनै लेखकले आफ्नो दृष्टिकोण प्रस्तुत गर्दा आफ्ना कुराहरू राखेको हुन्छ । त्यसमा अरू कसैले टिप्पणी गर्नु नै मूर्खता हुन पुग्दछ । तापनि अर्न्तमनको यात्राभित्र समेटिएका विषयवस्तुमा यदाकदा प्रस्ट हुन नपुगेको हो कि भन्ने भान पर्न आउँछ भन्दा अत्युक्ति हुनेछैन । जस्तैः तामाकोसी सेवा समितिले प्राप्त गरेको अन्तर्राष्ट्रिय पुरस्कार 'आशाको प्रतिबिम्ब' प्राप्त गरेको वर्ष र पुरस्कार लिएको साल उल्लेख गर्दा केही प्रस्टिएको भए अझ सुनमा सुगन्ध हुन्थ्यो । (पृ.१ र १८६ मा फरक साल उल्लेख २०६२ र २०६३) । त्यस्तै लेखकले आफ्नो बुबुधाई माइली गौरङ्नीका छोरा कान्छा गौरुङ जस्ता गरिबको दीर्घकालीन उन्नतिका लागि केही गरेको भन्ने

विषय उल्लेख भएको भए र झर्रा नेपाली शब्द प्रयोग गर्न रूचाउने लेखकले लेजन्ड, मेन्टर जस्ता शब्दको ठाउँमा नेपाली शब्द नै प्रयोग गरिदिएको भए सामान्य पाठकले केही समय अल्मलिनु पर्ने स्थितिबाट राहत पाउँथे ।

जेहोस चन्द्रमाको उज्यालोले त्यसका दागहरूलाई देख्न नै मुस्किल परे झैँ अन्तर्मनको यात्राको सबल पक्षले यसका मसिना कमजोरीलाई ठम्याउन समेत असजिलो पारिदिएको छ ।

## ५.४ भाषा-शैली एवम् प्रस्तुति

आफ्ना भावनालाई सिधै प्रस्तुत गर्ने लेखक जगदीशको भाषा प्रस्ट छ । कतै पनि अनुमान लगाएर बुझ्नुपर्ने स्थिति छैन । कुरा सिधा छन्, विचार प्रस्ट छ । अक्षरसम्म चिन्ने जो सुकैले पढ्न र बुझ्न सक्ने सरल एवम् सुबोध भाषा-शैलीमा प्रस्तुत गरिएको अर्न्तमनको यात्रामा राष्ट्रप्रेमको भावनालाई पनि लेखकले त्यस्तै रूपमा प्रकट गरेका छन् । भावना साहित्यमा मात्र होइन यथार्थ व्यवहारमा पनि देखिन्छ उनको राष्ट्रप्रेम । उनले गरेको कार्यबाट वा कर्मक्षेत्रको अध्ययनबाट यो कुरा थाहा हुन्छ ।

आत्मालाप आफैँमा आख्यान हो । आख्यानात्मक शैलीमा सोझो विचार प्रस्तुत गरिएको प्रस्तुत कृतिमा नेपाली जनजिब्रोका उखान-टुक्काको प्रयोगले सुनमा सुगन्ध थपिएको पाइन्छ । झर्रा नेपाली शब्दहरूको प्रयोग अर्को विशिष्ट पाटो हो भने संस्कृत, उर्दू, हिन्दी, अङ्ग्रेजी भाषाका शब्दहरू समेतले सजाइएको कृतिमा विविधता अनुभव गर्न सकिन्छ । भाषाको सिर्जनशील एवम् चामत्कारिक प्रयोग, सटिक मार्मिक सूक्तिहरूको प्रयोगले अध्ययनलाई रुचिकर बनाउन मद्दत गरेका छन् । परम्पराभन्दा पृथक्‌रूपमा लेखन अगाडि बढाउन रुचाउने घिमिरे उत्तरआधुनिक सोच अनुसार र विधा भञ्जन गर्दै रोचकतापूर्वक लेख्छन् । नेपाली एवम् अन्य साहित्यका

साहित्यकारका वाणीलाई यथोचित स्थानमा प्रस्तुत गरिएको कृतिमा कवितात्मक शैलीमा, अग्रज साहित्यकारका भावनाहरूलाई सन्दर्भपरक ढङ्गले प्रस्तुत गरिएका छन् । देवकोटा, लेखनाथ, विल्हण, अमिर खुसरो आदिका कवितांशहरूले यथोचित स्थान पाएर कृतिलाई सजाउन मद्दत गरिरहेका छन् । लेखक यथोचित स्थानमा कवितामा आफ्ना भावना पोख्न पुग्दछन्, विश्वदृष्टियुक्त काव्यात्मक आलेख कृतिमा भेटिन्छ । जस्तैः

**दश यक्ष प्रस्न**

दसोटा प्रश्न छन् जसमा मतैक्य चाहिन्छ कार्यमा
के ? किन ? कसले गर्ने ? कहिले ? कसरी ? कहाँ ?
क-कस्को हितका लागि ? क-कस्को कति लागतमा ?
कसो गर्दा दिगो हुन्छ ? सधैँ धानिन्छ स्वतागतमा ?

(तामाकोसी सेवा समितिले गर्ने कार्यविधि प्रसङ्गमा)

आख्यानात्मकता, निजात्मक शैली, सरल र सुबोध भाषाको प्रयोग, हार्दिकता, बौद्धिकता, उद्देश्य एवम् प्रस्तुतीकरणको सङ्क्षिप्तता जस्ता निबन्धका आवश्यक तत्त्वहरू अन्तर्मनको यात्रा एवम् यसमा समेटिएको राष्ट्रप्रेमको पक्षमा पर्याप्त मात्रामा समेटिएका छन् । परम्पराभन्दा पृथक रूपमा लेखन अगाडि बढाउन रुचाउने घिमिरे उत्तरआधुनिक सोचअनुसार विधा भञ्जन गर्दै रोचकतापूर्वक लेखन अगाडि बढाउँछन् । पत्रकारिताको भाषाले साहित्यिक भाषालाई ढाकेको भान हुन्छ । राष्ट्रप्रेम दर्साउने विभिन्न उक्तिहरू र गरेका सामुदायिक विकासका कार्यको उल्लेखबाट घिमिरे साँच्चिकै राष्ट्रप्रेमी लेखकका रूपमा दरिन पुगेका छन्, भावनाको प्रवाहमा मात्र नभै यथार्थ कर्ममा पनि ।

अन्तर्मनको यात्राभित्र समेटिएका विभिन्न विचारहरू जस्तैः प्रत्येक नेपालीको जरा अडिएको ठाउँ नेपाल हो । यसमै अडेर मात्र सवैको जीवन चलेको छ भन्ने

भावना जरा शीर्षकमा उल्लेख हुन पुगेको छ भने राष्ट्रबाट के लिने ? भन्दा पनि के दिन सकिन्छ ? भन्ने दृष्टिकोणबाट सीमान्तवर्गको उत्थानमा सहयोग गर्ने दर्शन 'स्वनिर्भरता' मा जोड दिदैँ तामाकोसी सेवा समिति जस्ता संस्थाहरूमार्फत सामुदायिक विकासमा गरिएका योगदानहरू र "मैले जे सकँ त्यो सामेछापकै माटोलाई दिएँ । मैले जे सकँ त्यो मेरो मातृभाषालाई दिएँ । त्यही मेरो जीवनको सार्थकता हो ।" ( घिमिरे : २०६६, १२३)

"मेरा लागि यस धरतीमा स्वर्ग कतै छ भने त्यो नेपाल हो, त्यो नेपाल हो, त्यो नेपाल हो, मेरै आँगनबाट देखिने र नेपालै भरि पाइने दृश्यावली हुन् ।" (घिमिरे : २०६६, २०८)

"म कुनै पनि विदेशी महानगरमा बसेर दीर्घायु हुनुभन्दा यिनै दृष्यावली माझ आफ्नै घर स्वर्गमा बसेर अल्पायु हुन खुसी छु । सुखी छु ।" (घिमिरे : २०६६, २०८) भन्ने जस्ता अनेकन राष्ट्रप्रेमी उद्गारहरू समेटिएको कृति अन्तर्मनको यात्रा साँच्चै राष्ट्रप्रेमको महागाथाको रूपमा नेपाली साहित्य आकाशमा चम्किरहेको छ र चम्किरहने छ ।

## ५.५ निष्कर्ष

जगदीश घिमिरेको अन्तर्मनको यात्राले प्रस्तुत गरेका प्राप्तिहरू जस्तै : नेपाली साहित्य र राष्ट्रभाषा नेपालीको सेवा, विदेशी भूमिको हवेलीभन्दा नेपालको प्राकृतिक बसाईलाई स्वर्गभन्दा प्यारो ठान्दै नेपाल फर्केर यहीँको समुदायको विकासमा लागेको चर्चा, नेपालको उन्नतिप्रतिको चिन्ता, नेपाल अगाडि बढ्न नसक्नुका कारणहरू र समाधानका उपायहरूको उल्लेख, साहित्यलाई जीवनसँग जोड्नु आदि कारणले प्रस्तुत कृति राष्ट्रप्रेम छताछुल्ल भएको कृतिको रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

# अध्याय छ

## उपसंहार

रक्त क्यान्सर (माइलोमा) जस्तो दुःसाध्य रोग लागेर अस्पतालको शैयामा छट्पटाएको अवस्थामा कम्प्युटरको युनिकोड थिचेर जन्मेको जगदीश घिमिरेको कृति 'अन्तर्मनको यात्रा' जगदीश घिमिरेको पर्यायवाची शब्दको रूपमा नेपाली साहित्य आकाशमा चम्किरहेको छ जसले जगदीशलाई वास्तविक रूपमा चिनाउने काम गऱ्यो । उनका अगाडिका कृतिहरूलाई लोकप्रिय बनाउन समेत यसको भूमिका महत्त्वपूर्ण रहेको छ । २०६४ सालमा प्रथम प्रकाशन भएको कृतिले २०६६ सम्म आइपुग्दा नपुग्दै नवौं संस्करण पूरा गरेको, मदन पुरस्कार, उत्तम शान्ति पुरस्कार जस्ता महत्त्वपूर्ण पुरस्कार प्राप्त गरेको एवम् लोकप्रियताको शिखरमा पुगेको छ ।

हृदयलाई हृदयमा पुऱ्याउने निजात्मक शैली, सरल एवम् सुबोध भाषा शैलीमा लेखिएको, थोरै पढेर धेरै बुझ्न सकिने, पत्रकारिताको भाषा बढी प्रयोग भएको स्पष्ट उद्देश्य लिएर विभिन्न विषयवस्तुलाई प्रस्तुत गर्न सफल अन्तर्मनको यात्राका विभिन्न विषयवस्तु जस्तै : जीवन, जीवनी, स्वास्थ्य, राजनीति, दर्शन, प्रकृति आदि रहँदा रहँदै पनि यसमा प्रस्तुत भएको राष्ट्रप्रेमको पक्ष अत्यन्त गहनरूपमा देखिन्छ ।

राष्ट्रप्रेमको महागाथाको रूपमा रहन पुगेको अन्तर्मनको यात्रा केवल साहित्यिक भावनामा मात्र होइन यथार्थ कर्ममा आधारित आलेखको रूपमा रहन पुगेको छ । 'साहित्य जीवनका लागि' भन्ने भावनाबाट अभिप्रेरित लेखक घिमिरे जीवनसँग नजोडिएको साहित्य साहित्य नै होइन भन्छन् । सोही कुरालाई पुष्टि गर्दै आफ्नो लेखनलाई जीवन र विकाससँग जोड्छन् ।

परम्पराभन्दा पृथक रहेर लेख्न रुचाउने घिमिरे उत्तर आधुनिक सोचवाट सुसज्जित देखिन्छन् । विधा भञ्जन वा परम्परालाई विनिर्माण गर्दै उनी आफ्नो अन्तर्मनको यात्रालाई 'प्रतिसंस्मरण' विधाको रूपमा उद्घोष गर्दछन् । आत्मालाप गर्दै आफ्नो जीवनसँग वा आफैँसित गफ गर्दै अन्तर्मनको यात्रालाई अगाडि बढाएका छन् ।

नेपालमा जन्मे हुर्केका सबैका जरा नेपालमै छन् । त्यहीँ सिँचन गरेको अवस्थामा मात्र मातृभूमिप्रति न्याय हुन्छ भन्ने भावना पोख्ने घिमिरे कुनै पनि विदेशी महानगरभन्दा आफ्नै घर नेपाललाई स्वर्गभन्दा प्यारो ठान्दै आजका नेपालीको स्वप्न भूमिका रूपमा रहेका अमेरिका, बेलायत जस्ता मुलुकमा बस्ने हैसियतमा पुगेर सो ठाउँमा (बेलायतमा) घर समेत किनिसकेको अवस्थाबाट खुसी र सुखी हुन नसकेर अन्तर्राष्ट्रियस्तरको उच्च जागिर छाडेर नेपाल फर्केर सीमान्तकृत नेपाली बस्ती र नेपालीहरूको उन्नतिका लागि आफ्नो श्रम र सीप खर्चेको यथार्थले उनी साँच्चिकै राष्ट्रप्रेमी देखिन्छन् र यसै वस्तुतथ्यलाई उनले आफ्नो कृति अन्तर्मनको यात्रामा जोड तोडका साथ उल्लेख गरेका छन् ।

नेपालले उन्नति गर्न नसक्नुका कारण उल्लेख गर्दै समाधानका उपाय समेत सुझाउन पुगेका छन् । यहाँको राजनीतिक, प्रशासनिक, प्राकृतिक प्रदूषणबाट चिन्तित भएको तथ्य प्रस्तुत गर्दै ती प्रदूषणबाट मुक्त हुने बाटो देखाउन पुगेका छन् अन्तर्मनको यात्रामा घिमिरेले ।

आफ्नो अन्त्येष्टि पछिको खरानीले समेत नेपाली माटो आफ्नो जन्मभूमि (मन्थली) सेरेफेरोको माटो मलिलो होओस भन्ने इच्छा जाहेर गर्ने घिमिरेले आफ्नो जिन्दगीको महत्त्वपूर्ण समयलाई नेपाली साहित्यको सेवा र नेपाली सीमान्त

समुदायको सेवामा लगाएको वस्तुगत तथ्यको उल्लेख भएबाट अन्तर्मनको यात्रा राष्ट्रप्रेमको महागाथाको रूपमा नेपाली साहित्य आकाशमा चम्किएको देखिन्छ ।

जगदीश घिमिरेको अर्न्तमनको यात्रामा शोध गर्न सकिने अन्य शीर्षकहरू निम्नअनुसारका हुन सक्छन् :

क. अर्न्तमनको यात्रामा शिल्पपक्ष ।

ख. अर्न्तमनको यात्रामा दार्शनिक पक्ष ।

ग. नेपाली निबन्ध साहित्यमा अर्न्तमनको यात्राको स्थान ।

## सन्दर्भ सामग्री


१. गैरे, ईश्वरी प्रसाद, **लोक साहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** दीक्षान्त पुस्तक भण्डार, २०६० ।

२. घिमिरे, जगदीश, **अन्तर्मनको यात्रा**, जगदीश घिमिरे प्रतिष्ठान, मन्थली, रामेछाप, २०६६ ।

३. घिमिरे, रोचक (सं.), **अन्तर्मन्थन**, जगदीश घिमिरे प्रतिष्ठान, मन्थली, रामेछाप, २०६७ ।

४. ज्ञवाली, राम प्रसाद र अन्य, **नेपाली गद्य, भाषा र साहित्य**, भुँडीपुराण प्रकाशन २०६६ ।

५. पोखेल, बालकृष्ण र अन्य (सं), **नेपाली वृहत शब्दकोष,** ने.रा.प्र.प्र. २०५५

६. पौडेल, विष्णुप्रसाद, **जगदीश घिमिरेका साहित्यक कृतिहरूको अनुशीलन**, जगदीश घिमिरे प्रतिष्ठान, मन्थली, रामेछाप २०६७

७. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौँ, साझा प्रकाशन, २०४९ ।


**शोधपत्र**


१. पौडेल, वैकुण्ठप्रसाद, **जगदीश घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व** अप्रकाशित शोधपत्र त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०५६ ।

२. भट्टराई, पार्वतीदेवी, **अन्तर्मनको यात्राको अध्ययन**, अप्रकाशित शोधपत्र नेपाली विभाग, पद्मकन्या क्याम्पस, वागबजार, काठमाडौँ, २०६६ ।

**पत्रिकाहरू**


१. **अभिव्यक्ति**, वर्ष ३९ पूर्णाङ्क १३७, १५ जेठ २०६५ ।

२. **उन्नयन**, अङ्क ६७, वैशाख-जेष्ठ-असार, २०६५ ।

३. **कान्तिपुर दैनिक**, २८ भदौ, २०६५ ।

४. **मूल्याङ्कन**, पूर्णाङ्क १६५, माघ-फागुन २०६५ ।

५. **रचना**, अन्तर्मन्थनको यात्रा विशेषाङ्क, पूर्णाङ्क १०६, २०६७ ।

६. **रचना**, वर्ष ४८, पूर्णाङ्क ९८, असार-साउन २०६५ ।

**शोधनायक जगदीश घिमिरेसँग गरिएको वार्ता :**

१. साहित्यको प्रेरणा कसरी पाउनुभयो ?

- अध्ययन चिन्तन, मनन र अनुभव बाट ।

२. साहित्यको साथ-साथमा सामाजिक कार्यकर्ता, पत्रकार व्यक्तित्व पनि हो । यिनीहरूको बीचमा कस्तो सम्बन्ध छ ?

- एउटा मान्छेको एकै पटक धेरै भूमिका हुन्छन । सम्बन्धित व्यक्ति ती सबै भूमिकासँग गाँसिएको हुन्छ ।

३. नेपाली साहित्यलाई अन्तर्राष्ट्रियस्तरमा लैजान के गर्नु पर्ला ?

- अन्तर्राष्ट्रियस्तरको लेख्न सक्नु पर्छ ।

४.विधागत रूपमा के कस्ता विधाहरूलाई लेखन र प्रकाशन गर्दै आउनुभएको छ ?

- उपन्यास, निबन्ध, कथा, कविता, संस्मरण, नाटक ।

५. नेपाली साहित्यमा कुन विधा तपाईंलाई मन पर्छ ?

- आख्यान र संस्मरण बढी मन पर्छ ।

६. नेपाली साहित्यमा विशेष मोड ल्याउने साहित्यकारहरूको नाम लिनुपर्दा क-कस्को नाम लिनुहुन्छ ?

- भानुभक्त, लेखनाथ, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, भुपि शेरचन, इन्द्रवहादुर राई, भवानी भिक्षु ।

७. 'अन्तर्मनको यात्रा' जस्तो कृति यस भन्दा अघि थियो वा थिएन ? थियो भने कुनसँग मिल्छ ?

- थिएन ।

८. यसलाई प्रतिसंस्मरण विधामा राख्नु भएको छ ? यो कस्तो हो ? किन भन्नुभएको हो ?

   - प्रतिसंस्मरण र संस्मरण भन्नु धेरै फरक हुंदैंन । यस बारे विष्णु पौडेललाई दिएको अन्तर्वार्ता हेर्नुहोला (डा. विष्णुप्रसाद पौडेलको "**जगदीश घिमिरेका साहित्यिक रचनाहरूको अनुशीलन**" प्रकाशक - जगदीश घिमिरे प्रतिष्ठान, मन्थली, रामेछाप )

९. यसमा समग्रमा के कुरामा जोड दिनु भएको छ ?

   - त्यसको लागि यो किताब पढ्नै पर्छ । कुनै खास एक विषयमा जोड दिएको छैन । मैले आफ्नो जीवनको कथा र अनुभव लेखेको हो ।

१०. यस मार्फत समाज र राष्ट्रलाई के दिन खोज्नु भएको छ ?

   - यो ३०० पेजको पुस्तकबारे एक दुई वाक्यमा भन्न सम्भव छैन ।

११. यसलाई आत्मोपन्यास भन्न मिल्छ वा मिल्दैन ?

   - मैले संस्मरण वा प्रतिसंस्मरण भनेको छु ।

**जगदीश घिमिरेको "अन्तर्मनको यात्रा" बारे रोचक घिमिरेसँग गरिएको वार्ता :**

१. जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा' के कस्तो कृति हो ?

- ईमान्दार स्रष्टाको 'आफ्नो कुरा' हो, आत्मालाप हो । स्रष्टाले यही भनेका छन् । विद्वान् र पाठकहरू पनि यसमा सहमत छन् ।

२. नेपाली साहित्यमा के कति दृष्टिले भिन्न भएको पाउनुहुन्छ ?

- यस अघि कुनै पनि स्रष्टाले आफ्ना मनका कुरा यति निश्छल, यति छर्लङ्ग र यति ईमान्दारीसँग भनेको थाहा छैन । मृत्युशैयामा पुगेका लेखकले यस्तो कृति लेख्न सक्नु अकल्पनीय हो । यो कृति अरू भन्दा भिन्न हुनुको मूल कारण पनि यही हो ।

३. विधागत दृष्टिले कुन विधा अन्तर्गत राख्न सकिन्छ ?

- निबन्ध विधाकै सशक्त- स्वरूप हो यो ।

४. यसका सबल र दुर्बल पक्षका बारेमा केहि प्रकाश पारिदिनु हुन्छ की ?

- जीवन, जगत् र स्वानुभवका यथार्थ चिन्तनले ओतप्रोत यस कृतिमा दुर्बल पक्ष भए पनि ती नगण्य छन् । सबलताकै आधिक्य पाउँछु म । दुर्बलता दविएको सबलता उक्सिएको छ यसमा ।

५. 'अन्तर्मनको यात्रा' निजी जीवनको मात्र अभिव्यक्ति हो कि अन्य विषयलाई पनि समेटेको छ ? यहाँलाई कस्तो लाग्छ ?

- नीजी जीवनको अनुभूति भएर पनि राष्ट्र-राजनीति-समाज-संस्कृति-साहित्य जस्ता यावत् पक्ष समेटिएको, मानव जीवनका निम्ति प्रेरणादायी गुदी नै गुदी भरिएको गहन ग्रन्थ हो यो ।

६. भाषा शैलीका दृष्टिले यसलाई कस्तो कृति हो भनी मुल्याङ्कन गर्नु हुन्छ ?

- खरो, गहिरो , निर्भीक अभिव्यक्तियुक्त लेखन सामर्थ्यले पोटिलो पारेको, स्वादिलो भाषा-शैलीले सिंगारिएको, सामान्यदेखि उच्च विद्वत्तायुक्त पाठकका मथिङ्गललाई झकझक्याउन सक्षम अनुपम कृति मान्नुपर्दछ यसलाई ।

७. यसले मदन पुरस्कार प्राप्त गऱ्यो निश्चय नै खुसीको कुरा हो । लोकप्रियता हासिल गरेको छ । के कस्ता आधारहरू देख्नुहुन्छ त्यसो हुनुमा ?

- प्रकाशित हुनासाथ पाठकहरूले अत्यधिक रूचाउनु, सर्वाधिक विक्री हुनु, प्रतिष्ठित पुरस्कारहरू पाउनु , नयाँ संस्करण निस्कने क्रम लगातार जारी रहनु, यस कृतिको लोकप्रियताका प्रत्यक्ष आधार यिनै हुन् ।

८. यसले के कस्तो वैशिष्ट्य प्राप्त गरेको पाउनु भएको छ ?

- माथिकै प्रश्नका उत्तरमा यसबारे भनिसकिएको छ ।

९. लेखक जगदीशको आत्मप्रलापमात्र हो कि देशको सम-सामयिक वस्तुस्थितिको उपज पनि हो ?

- प्रश्नका विभिन्न बुदाँमा यी कुरा समेटिएका छन् र उत्तर पनि दिइएको छ ।

**जगदीश घिमिरेको "अन्तर्मनको यात्रा" बारे ज्ञानुवाकर पौडेलसँग गरिएको वार्ता :**

१. जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा' के कस्तो कृति हो ?

- अनुपम र अद्वितीय खालको कृति हो । निराशाका क्षणमा डिप्रेशनको शिकार हुने कुनैपनि व्यक्तिलाई जीवनलाई समग्रतामा बाँच्न सिकाएको सुनिन्छ, 'अन्तर्मनको यात्रा' पढेर । यसको लोकप्रियताले पनि त्यही कुराको पुष्टि गर्छ ।

२. नेपाली साहित्यमा के कति दृष्टिले भिन्न भएको पाउनुहुन्छ ?

- मैले आफ्नो जीवनकालमा विभिन्न विधाका धेरै साहित्यिक कृतिहरू पढेँ । थोरै किताबले मात्र मलाई प्रभाव पारेको छ । प्रभाव पार्ने ती थोरै किताबमा यो 'अन्तर्मनको यात्रा' पनि पर्छ । यस्तो मौलिक जीवन्त, प्रेरक र पाठकलाई मानसिक पोषण दिने खालको भएकोले यो लोकप्रिय भएको हो ।

३. विधागत दृष्टिले कुन विधा अन्तर्गत राख्न सकिन्छ ?

- 'चिन्तनपरक संस्मरण' विधा अन्तर्गत यो कृतिलाई राख्नु पर्ने हो जस्तो लाग्छ ।

४. यसका सबल र दुर्बल पक्षका बारेमा केहि प्रकाश पारिदिनु हुन्छ की ?

- जीवनलाई समग्रमा बाँच्न चाहनेहरूको अदम्य जिजीविषाको यस्तो ज्वलन्त दृष्टान्त विदेशी कृतिहरूमा बाहेक मैले नेपालीमा देखेको थिइनँ । यही यसको सबल पक्ष पनि हो । यो कृतिमा पारिवारिक बन्धुबान्धवहरूको बारेमा थोरै प्रसङ्ग भेट्टिनु चाहिँ यसको दुर्वल पक्ष हो भन्ने ठान्दछु ।

५. 'अन्तर्मनको यात्रा' निजी जीवनको मात्र अभिव्यक्ति हो कि अन्य विषयलाई पनि समेटेको छ ? यहाँलाई कस्तो लाग्छ ?

- होइन, यो नीजि जीवनको अभिव्यक्ति मात्र नभएर जीवन र जगतसित सम्बध्य कला, साहित्य, संस्कृति, दर्शन, राजनीति सबै पक्षलाई समेटेकोले यो कृति गहन हुनपुगेको हो । मेरा साथीहरूको पनि यही राय छ ।

६. भाषा शैलीका दृष्टिले यसलाई कस्तो कृति हो भनी मूल्याङ्कन गर्नु हुन्छ ?

- हरेक मान्छेको आ-आफ्नै स्वभाव, रुचि र जीवनदर्शन हुन्छ । ती अलग अलग स्वभाव, रुचि र जीवनशैली भएका व्यक्तिहरूलाई सुपाच्य र सुस्वादु लाग्ने शैलीमा लेखिएको यो कृतिको लोकप्रियता नेपाल बाहिर बस्ने नेपालीहरूले पनि चाखिसकेका छन् ।

७. यसले मदन पुरस्कार प्राप्त गर्‍यो निश्चय नै खुसीको कुरा हो । लोकप्रियता हासिल गरेको छ । के कस्ता आधारहरू देख्नुहुन्छ त्यसो हुनुमा ?

- यो शैलीमा अहिलेसम्म कसैले नलेखेको र एउटै कृतिमा उपन्यास, जीवनी, जीवनीकारको सोच, दर्शन, आदि सबै विधाको एकमुष्ट आनन्द दिने किसिमको एकदमै मौलिक नयाँ विधा भएकोले पुरस्कारका लागि उपयुक्त ठानिएको होला ।

८. यसले के कस्तो वैशिष्ट्य प्राप्त गरेको पाउनु भएको छ ?

- जीवनसित थकित निरास व्यक्तिमा आशा, आत्म-विश्वासको सञ्चार गराउने हुनाले यो कृति जीवन्त ठानिनु नै यसको वैशिष्ट्य हो ।

९. लेखक जगदीशको आत्मप्रलापमात्र हो कि देशको सम-सामायीक वस्तुस्थितिको उपज पनि हो ?

- आत्मालाप नामक एउटा नयाँ विधा साहित्यको भण्डारमा थपिएको भनिए पनि  - यो आत्मालाप शीर्षक मलाई मन परेको थिएन बरु आत्मप्रकटिकरण भन्ने शब्द सटिक थियो । अनि विमारीको अवश्थामा पनि एउटा सृजनशील व्यक्तिको संवेदनशीलता कति शक्तिशाली हुँदो रहेछ, त्यसको  दुर्लभ उदाहरण यो कृति बनेको छ । बलियो इच्छाशक्ति नभै स्रष्टामा यस्तो विशेषता पाइदैन ।

**जगदीश घिमिरेको "अन्तर्मनको यात्रा" बारे नगेन्द्रराज शर्मासँग गरिएको वार्ता :**

१. जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा' के कस्तो कृति हो ?

- अत्यन्त सुन्दर, मर्मस्पर्शी कृति हो ।

२. नेपाली साहित्यमा के कति दृष्टिले भिन्न भएको पाउनुहुन्छ ?

- सबै कृति जुनसुकै दृष्टिले पनि भिन्दाभिन्दै हुन्छन्, जगदीशका सबैसबै कृति अरूका भन्दा भिन्न छन् । नितान्त आफ्नै किसिमका छन् र जगदीशका जस्तै छन् । जस्तो जगदीशको वानी, वेहोर र अनुहार पनि अरूहरूको भन्दा भिन्न छ - उस्तै लेखाइ पनि भिन्न छ ।

३. विधागत दृष्टिले कुन विधा अन्तर्गत राख्न सकिन्छ ?

- विधागत दृष्टिले 'गद्य' विधा अन्तर्गत राख्न सकिन्छ । यस अन्तर्गत 'प्रति संस्मरण' विधा हो भनेर पुस्तकमै उल्लिखित छ ।

४. यसका सबल र दुर्बल पक्षका बारेमा केहि प्रकाश पारिदिनु हुन्छ की ?

- यस प्रश्नको उत्तरका लागि त लामै लेख्नु पर्ने हुन्छ तर यहाँ छोटकरीमा भन्नुपर्दा दुर्बल पक्ष नगन्य छन् । सबल पक्ष सर्वाधिक छन् ।

५. 'अन्तर्मनको यात्रा' निजी जीवनको मात्र अभिव्यक्ति हो कि अन्य विषयलाई पनि समेटेको छ ? यहाँलाई कस्तो लाग्छ ?

- निजी जीवनको अनुभव, ज्ञान र अनुभूतिका आधारमा व्यक्त आलेख हो । यसले मानिसका धेरै विषयलाई समेटेको छ ।

६. भाषा शैलीका दृष्टिले यसलाई कस्तो कृति हो भनी मूल्याङ्कन गर्नु हुन्छ ?

- अब्वल दर्जाको ।

७. यसले मदन पुरस्कार प्राप्त गर्‍यो निश्चय नै खुसीको कुरा हो । लोकप्रियता हासिल गरेको छ । के कस्ता आधारहरू देख्नुहुन्छ त्यसो हुनुमा ?

- कुनै पनि पुरस्कार पाउनु भन्दा ठूलो कुरा हो यसले पाठकको मन जितेको छ आफ्नो समयमा सर्वाधिक छापिएको, पढिएको, विकेको र पाठकहरूबाट रूचाइएको - आफ्नो समयको अद्वितीय पुस्तक हो ।

८. यसले के कस्तो वैशिष्ट्य प्राप्त गरेको पाउनु भएको छ ?

- भाषा, प्रस्तुति, विषयवस्तु -सबैमा विशिष्ट छ ।

९. लेखक जगदीशको आत्मप्रलापमात्र हो कि देशको सम-सामायिक वस्तुस्थितिको उपज पनि हो ?

- जगदीशको निजी आत्मालाप त हुँदै हो तर त्यतिमात्र होइन । देशको समसामयिक वस्तुस्थितिको उपज पनि हो तर त्यति मात्र होइन मानव जीवनको सुक्ष्म अध्ययनको गहन प्रस्तुति हो ।